# ANNUAL REPORT

Fiscal Year 2080/2081
Report Date: 2081-09-23

# तेह्रथुम बहुमुखी क्याम्पस

## Terhathum Multiple Campus

2081

# वार्षिक प्रतिवेदन

# Annual Report

## २०८०/०८१

त्रिभुवन विश्वविद्यालय

## तेह्रथुम बहुमुखी क्याम्पस

आठराई गाउँपालिका ६, चुहानडाँडा, तेह्रथुम

**प्रकाशकः तेह्रथुम बहुमुखी क्याम्पस, आठराई–६,चुहानडाँडा, तेह्रथुम।**
फोन नं. : ९८५२६६६६७०
इमेल : **:info@temc.tu.edu.np/chief@ temc.tu.edu.np**
वेवसाइट : www.temc.tu.edu.np
**संरक्षक : श्री पोष्टराज लामिछाने, क्याम्पस प्रमुख**

**वार्षिक प्रतिवेदन निर्माण समिति**

संयोजक : **श्री गणेश विमली**
सदस्य : **श्री योगेश काफ्ले**
सदस्य **:कृष्णप्रसाद निरौला**
कम्प्युटरः **श्री पूर्णकुमारी रोका**

**प्रकाशित मिति : २०८१/०९/२३**

# ACKNOWLEDGMENTS

We extend our heartfelt gratitude to all those who contributed to the successful preparation of this Annual Report. We are deeply thankful to the esteemed faculty members, department heads, hostel wardens, library staff, section and organization heads, and the Terhathum Multiple Campus administration for their timely responses and for providing essential information during the preparation process. Our special appreciation goes to Mr. Postaraj Lamichhane, Campus Chief, whose continuous support and insightful suggestions greatly enhanced the quality and depth of this report. We also express our sincere thanks to the dedicated teaching and non-teaching staff of the campus, whose cooperation and responsiveness throughout the process were truly commendable.

We gratefully acknowledge the valuable suggestions provided by various experts, which added further strength and clarity to the report. We also recognize the significant contributions made by the QAA Section, the By-Laws Formulation Cell, the Infrastructure Construction and Management Cell, and the Extra-Curricular Activities Management Cell. Their efforts have greatly supported the development and implementation of campus policies and programs. Our thanks go to the Internal Examination Management Cell, the Hostel Management Cell, and the Stakeholder Relation Cell for their effective coordination and collaboration.

We appreciate the active role played by the Student Council and Employment Cell, the Tracer Study Cell, and the Instructional Plan Management Cell in enhancing student engagement and academic planning. The continuous support from the Library Management Cell, the Campus Sanitation Management Cell, and the Procurement Cell has been vital in maintaining campus facilities and services.

We also acknowledge the efforts of the Grievance Redressal Mechanism Cell, the Academic Audit Cell, and the Internal Quality Assurance Cell (IQAC) for their commitment to upholding quality standards and addressing concerns effectively. Special mention goes to the Construction Committee and the Educational Management Information and Evaluation System (EMIES) team for their role in campus development and data management.

Finally, we sincerely thank the Student Welfare Committee for ensuring the well-being and support of our student community. Last but not least, we thank the entire campus community for their active participation and meaningful input. Their collective efforts have enabled us to present a comprehensive and accurate record of the campus's achievements and progress. Without their involvement, this report would not have been possible.

**Annual Report Preparation Team**
Coordinator:
Ganesh Bimali
Members:
Yogesh Kafle
Krishna Prasad Niroula

# Contents


तेह्रथुम बहुमुखी क्याम्पसको ऐतिहासिक विकासक्रम ........ 1

**क्याम्पस कार्यसमिति** ........ 2

**क्याम्पस व्यवस्थापन समिति** ........ 2

**२. क्याम्पसको दूरदृष्टि, ध्येय र लक्ष्य तथा उद्देश्यहरू** ........ 3

क्याम्पसको नीति तथा कार्यक्रम ........ 4

पृष्ठभूमि : ........ 4

**क्याम्पसको वर्तमान अवस्था** ........ 5

**१.१ भौतिक पूर्वाधार तथा सम्पत्तिहरू** ........ 5

१.२ शैक्षिक कार्यक्रम र विद्यार्थीको अवस्था ........ 5

१.३ मानवीय संसाधनको अवस्था ........ 5

१.४ आर्थिक तथा वित्तीय अवस्था ........ 5

१.५ अनुसन्धान अभिलेखीकरण र प्रकाशन ........ 6

१.६ समितिहरू ........ 6

१.७ संस्थागत विकास, सुशासन तथा सम्बन्ध ........ 7

१.८ विद्यार्थी सहयोग प्रणाली ........ 8

१.९ रणनीतिक योजना २०२३–०२७ ........ 8

२. २०८०/०८१ को नीति तथा कार्यक्रम ........ 8

२.१ पूर्वाधार निर्माण ........ 8

२.२ शैक्षिक तथा प्रशासनिक कार्यक्रम ........ 9

२.३ संस्थागत विकास, सुशासन र अनुसन्धान ........ 9

२.४ मर्मतसम्भार तथा अन्य कार्य र खरिद ........ 10

विद्यार्थी कल्याण शाखा अतिरिक्त क्रियाकलाप प्रतिवेदन ........ 11

१. परिचय ........ 11

२. सम्पन्न भएका क्रियाकलापहरु ........ 11

४. अवसरहरू ........ 12

५.भावी कार्ययोजना ........ 12

छात्रवृत्ति छनौट समितिको वार्षिक प्रतिवेदन ........ 15

१. परिचय ........ 15

२. क्रियाकलाप ........ 15

३. भावी योजना ........ 15

SchoaLarships Provided from the Campus ........ 16

पुस्तकालय शाखाको वार्षिक प्रतिवेदन ........ 18

पृष्ठभूमि : ........ 18

उपलब्धी ........ 22

भावी कार्ययोजना ........ 22

पुस्तकालयको नियम ........ 22
निष्कर्ष ........ 23
महिला छात्रावासको प्रतिवेदन ........ 24
१.परिचय ........ 24
२. क्रियाकलाप ........ 25
३. समिति गठन ........ 26
४. आचारसंहिता निर्माण र कार्यान्वयन ........ 26
५. उपलब्धि ........ 26
६. कमजोर पक्षहरू ........ 27
७. भावी योजना ........ 27
८. निष्कर्ष ........ 27
पुरुष छात्रवासको प्रतिवेदन ........ 28
१.परिचय ........ 28
२.छात्रवासका सामग्रीहरू ........ 28
३.क्रियाकलाप ........ 28
४.समिति र बैठक ........ 29
५.आचारसंहिता ........ 29
६.सवल पक्षहरू ........ 29
७.कमजोर पक्षहरू ........ 29
८.भावी योजना ........ 29
९.निष्कर्ष ........ 29
Research Management Committee ........ 30
2.Objectives ........ 30
3.Activities of RMC in Terhathum Multiple Campus ........ 30
**4. Strengths** ........ 30
5.Threats ........ 31
6.The Future plan of RMC ........ 31
**त्रिवि प्राध्यापक संघ क्याम्पस एकाइ समितिः संक्षिप्त गतिविधि** ........ 32
**Name of Teachers of TEMC** ........ 32
Research Documentation and Publication of Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. ........ 33
Name and elected year of Presidents of (TUTA) ........ 34
Current Working Committee of (TUTA) ........ 34
प्राध्यापकहरूको हक, हितका लागि भएका पहलहरूः ........ 35
१. परिचय ........ 36
२.Faculty Members of the Department ........ 36

३. Academic Programs 36
४. Major Activities 36
Strengths 37
Weaknesses 37
Opportunities 37
५. Threats 38
६. भावी योजना 38
७. सारंस 38
१. परिचय 39
२. विभागका सदस्यहरू 39
३. शैक्षिक कार्यक्रम 39
४. मुख्य क्रियाकलाप 39
५.सवल पक्षहरू 39
६ .कमजोरी पक्ष 40
७. अवसर 40
८. चुनौतिहरू 40
९. भावी योजना 40
निष्कर्ष 40
१. परिचय 41
२. विभागका सदस्यहरू 41
३. उद्देश्यहरू 42
**४. विभागीय गतिविधिहरू :** 42
**५. भावी योजनाहरू :** 42
६. चुनौतिहरू 42
७. समाधानका उपायहरू 43
**शिक्षण अभ्यास विभागको प्रतिवेदन** 44
१.परिचय 44
२.शिक्षण अभ्यासको उद्देश्य 44
३.तेह्रथुम बहुमुखी क्याम्पसमाशिक्षण अभ्यासको विकासक्रम 44
३. २०८०/०८१ को शिक्षण अभ्यास 44
४.शिक्षण अभ्यास पाठ्यांश परिचय 45
६.शिक्षण अभ्यास विभाग 45
७.शिक्षण अभ्यास विभागका प्रमुख कार्यहरू 46
८.सवल पक्ष 46
९.आगामी कार्यक्रमहरूः 47
अभ्यास शिक्षणमा सहभागी विद्यार्थीहरू २०८०/२०८१ (वि.एड. चौथो वर्ष) 47

निष्कर्ष ........ 48
Department of English ........ 49
Introduction ........ 49
Academic Programmes ........ 49
The Faculty Members of the Department ........ 49
Major Activities ........ 49
Strengths ........ 49
Weaknesses ........ 49
Opportunities ........ 50
Threats ........ 50
Future Plan ........ 50
Conclusion ........ 50
१. परिचय ........ 51
२. कार्यक्रमको उद्देश्य ........ 51
३. कार्यक्रमको विवरण ........ 51
सम्पन्न भएका कार्यक्रमहरूको विवरण ........ 52
४. कार्यक्रमको उपलब्धि ........ 54
क) माध्यमिक विद्यालयहरूसँग छलफल तथा अन्तरक्रिया : ........ 54
ख) अध्ययन भ्रमण ........ 54
ग) विस्तार कार्यक्रम ........ 54
५. निष्कर्ष ........ 55
१. परिचय ........ 56
२. कम्प्युटर ननक्रेडिट कोर्सको उद्देश्य ........ 56
**३. कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालन समितिः** ........ 56
४. गतिविधिहरू ........ 56
५. उपलब्धि ........ 57
६. चुनौतीहरू ........ 57
७. भावी योजना ........ 57
८.निष्कर्ष ........ 57
QAA Section ........ 58
By–Laws Formulation Cell ........ 58
Infrastructure Construction and Management Cell ........ 58
Extra Curricular Activities Management Cell ........ 58
Internal Examination Management Cell ........ 58
Hostel Management Cell ........ 58
Stakeholder – Relation Cell ........ 58

Student Council and Employ Cell....59
Tracer Study Cell....59
Instructional Plan Management Cell....59
Library Management Cell....59
Campus Sanitation Management Cell....59
Procurement Cell....59
Grievance Re–Dressel Mechanism Cell....60
Academic Audit Cell....60
IQAC....60
Consturction Committee....60
Student Welfare Committee....61
विद्यार्थी परामर्श तथा रोजगार सेल....62
1. Executive Summary....64
2. Introduction....64
Institution Overview: Terhathum Multiple Campus is located in Aathrai Rural Municipality -6, Chuhandada and offers BBS., B.Ed., and BA programs, Bachelors level and Masters level program. It aims to provide quality education and foster academic excellence in Business management, English, Nepali, and Population studies, Political Science, Economics etc....64
Audit Objectives: The primary objective of this academic audit is to evaluate the academic quality assurance processes, teaching-learning strategies, curriculum implementation, faculty performance, and student achievement....64
Scope of Audit: The audit covers all academic programs, faculty evaluation, student performance metrics, and the overall effectiveness of academic support services....64
3. Methodology....64
4. Key Findings....64
5. Strengths....65
6. Areas for Improvement....65
7. Recommendations....65
8. Conclusion....66
१. परिचय....70
२. विभागका सदस्यहरू....70
३. उद्देश्य....70
४. गतिविधि....70
५. उपलब्धि....71
शैक्षणिक योजना व्यवस्थापन विभागले विभिन्न गतिविधिहरू सञ्चालन गरेर निम्नलिखित उपलब्धिहरू हाँसिल गरेको छ।....71
६. चुनौती....71
७. भावी योजना....71
८. निष्कर्ष....71

**Tracer Study Report** ... 74
**Background** ... 74
**Objectives** ... 74
Activities ... 74
The study was conducted using online and offline survey questionnaires that collected responses from graduates. These questionnaires covered topics like further studies, employment status, career goals, and an assessment of the educational program’s quality. Follow-up communication ensured a high response rate. ... 74
Achievements ... 74
Key findings include: ... 74
Threats ... 75
The study revealed that a significant portion (65.68%) of graduates were unemployed, with 65.68% also economically inactive. This poses a challenge to the effectiveness of the educational programs and the employability of graduates. Additionally, respondents suggested improvements in facilities such as libraries, canteens, and extracurricular activities. ... 75
Future Plan ... 75
Conclusion ... 75
१. परिचय ... 78
२. उद्देश्यहरू ... 78
३. ESP Committee ... 78
४. गतिविधिहरू ... 78
५.उपलब्धिहरू ... 78
विद्यार्थी गुणस्तर सर्कल ... 79
ताराप्रसाद दाहाल ... 79
१. परिचय : ... 79
२. समिति ... 79
३. उपलब्धि ... 79
३. चुनौतीहरू ... 80
४.आगामी योजना ... 80
५. निष्कर्ष ... 80
**Campus Sanitation Management Cell** ... 81
**Introduction** ... 81
**Major Activities** ... 81
**Strengths** ... 81
**Weaknesses** ... 81
**Opportunities** ... 81
**Threats** ... 81
**Future Plan** ... 81
**Conclusion** ... 81

आन्तरिक परीक्षा व्यवस्थापन सेल ........ 82
**१. परिचय :**........ 82
२. आन्तरिक परीक्षाको उद्देश्य........ 82
४. गतिविधि ........ 82
५. उपलब्धि ........ 83
६. चुनौतीहरू ........ 83
७. भावी योजना ........ 83
८. सुझावहरू ........ 83
९.निष्कर्ष ........ 83
**Report of Self-Assessment Team** ........ 84
शैक्षिक सूचना व्यावस्थापन प्रणाली........ 86
१. परिचय ........ 86
२. संकायगत विवरण........ 86
३. एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली (EMIS) को उद्देश्य........ 87
४. एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली (EMIS) मा समावेश गरिएका कार्यक्रमहरूको विवरण ........ 87
५. EMIS को उपलब्धि........ 87
५.निष्कर्ष ........ 88
१. परिचय ........ 89
२. Stackholder Relationshiop Cell -SRC_ ले निम्नलिखित कार्यहरूमा ध्यान केन्द्रित गरेको छ। ........ 89
३. उपलब्धि........ 89
४. आगामी कार्यक्रम ........ 89
५. निष्कर्ष ........ 90
तालिका नं. : १ ........ 91
***Physical Infrastructure of TMC***........ 91
तलिका नं. :२........ 92
Programs/Academic Development Trends ........ 92
**तालिका नं. : ३** ........ 93
**Student Enrollment** ........ 93
तालिका नं. : ४ ........ 94
Institutional and Human Resource Development Trend........ 94
तालिका नं. : ५........ 95
Details of Teaching Staff ........ 95
तालिका नं.: ६ ........ 96
Details of Administrative Staff ........ 96
Campus Building (old and New) ........ 112

# तेह्रथुम बहुमुखी क्याम्पसको ऐतिहासिक विकासक्रम

तेह्रथुम जिल्लाको उत्तर पश्चिम भागमा रहेको आठराई क्षेत्र यस जिल्लाकै विशिष्ट ऐतिहासिक, सांस्कृतिक, राजनैतिक एवम् शैक्षिक पहिचान बोकेको ठाउँ हो। सम्पूर्ण आठराईवासी एवम् स्थानीय शिक्षाप्रेमीहरूको पहलमा यस क्षेत्रको केन्द्रमा रहेको चुहानडाँडामा वि.सं. २०१७ साल जेष्ठ २१ गते यस क्याम्पसको स्थापना भएको भयो। सुरुवाती चरणमा वीरेन्द्र इन्टर कलेजका नामबाट सञ्चालित क्याम्पस हाल तेह्रथुम बहुमुखी क्याम्पसको नामले परिचित छ। भारतको दार्जिलिङ र वनारस गएर विद्याआर्जन गर्नुको सट्टा आफ्नै स्थानमा उच्च शिक्षा अध्ययन गर्ने संस्था खोल्न पाए आफ्नै  गाउँठाउँको विकास हुन्छ भन्ने सोचको विकास भयो। जसको परिणामस्वरुप आठराईको चुहानडाँडामा पदमप्रसाद उप्रेती,  हरिचरण सिटौला, हरिप्रसाद थपलिया, लक्ष्मीप्रसाद उप्रेती, चन्द्रमान कन्दङ्वा, शिवकुमार श्रेष्ठ र  लक्ष्मीप्रसाद थपलिया आदि अभिभावकहरूको सक्रियतामा र विशेष पदमप्रसाद उप्रेतीको अगुवाइमा वि.सं. २०१७ साल जेष्ठ १० गते धनकुटाका तात्कालीन बडाहाकिम मकरबहादुर वान्तवाद्वारा महाविद्यालय वीरेन्द्र इन्टर कलेजको उद्घाटन गराएर उच्च शिक्षा अध्ययन केन्द्रको रुपमा स्थापित भयो। कलेज सञ्चालनको लागि दार्जिलिङबाट अङ्ग्रेजी विषयमा एम.ए.पास गरेका राजनारायण प्रधानलाई कलेजको प्रिन्सिपल बनाइएको थियो। वि.सं. २०१८ सालमा कलेजले अस्थायी स्वीकृति र वि.सं. २०२२ सालमा स्थायी स्वीकृति शिक्षा मन्त्रालयबाट पाएको थियो। वीरेन्द्र इन्टर कलेज सुरुमा श्री शारदा हाइस्कुलका दुईवटा कोठाहरू प्रयोग गरी कक्षा सञ्चालन गरिएको थियो। वीरेन्द्र इन्टर कलेजलाई अझ व्यवस्थित गर्न एउटा भवन निर्माण गर्ने उद्देश्यले वि.सं. २०२५ साल वैशाख ४ गते बसेको व्यवस्थापन समितिको बैठकले चुहानडाँडाको उच्च टाहार भन्ने ठाउँमा श्रीप्रसाद सिंह खवास (भुजेल) को नाममा रहेको ५२–९–२ जग्गा विभिन्न स्थानमा चन्दा गरी उठाइएको १४७५२/–(अक्षरेपि चौध हजार सात सय पच्चिस मात्र ) रुपैयाँमा खरिद गरिएको थियो।  अनुमानित रु. १ लाख ४० हजारको योजना तर्जुमा गरी आधा रकम जनसहभागिताद्वारा र आधा रकम सरकारसँग माग गर्ने उद्देश्य राखेर एउटा क्याम्पस भवन निर्माण गर्ने योजना बनाएको थियो। २०२५ साल वैशाखमा द्रोणाचार्य सिटौलाबाट भवनको शिलान्यास भई तात्कालीन श्री ५ को सरकारबाट प्राप्त रु. ३०,०००/– र अन्य रकम जनसहभागिताद्वारा ( रकम + श्रमदान) २०२६ असारको आसपास सम्ममा १५० फिट लम्बाइ र २३ फिट चौडाइ भएको दुई तले १६ कोठे खरको छानो भएको भवन निर्माण गरिएको थियो। २०२७ असारमा क्याम्पस व्यवस्थापन समितिको बैठकले कलेजको आफ्नै भवन तयार भईसकेकोले दिवा सत्रमा पढाइ हुने गरी यथाशीघ्र कलेजलाई आफ्नै नवनिर्मित भवनमा स्थान्तरण गर्ने निर्णय गरेको थियो।

शुरुमा वीरेन्द्र इन्टर कलेजको नामबाट स्थापित यो क्याम्पस वि.सं. २०२८ सालमा विवध कारणले गर्दा धनकुटा क्याम्पसमा गाभिन पुगेको थियो। पछि २०३३ सालमा कृषि क्याम्पसका लागि शिक्षा मन्त्रीबाट मौखिक स्वीकृति लिएको तर भौगोलिक कारणले गर्दा कृषि क्याम्पस सञ्चालन हुन नसकेको र २०३५सालमा त्यसका ठाउँमा शिक्षकहरूलाई १० महिने तालिम दिनका लागि सुरुवात गरिएको यो संस्था २०३७ सालमा मानविकीतर्फ आई.ए. (प्रविणता प्रमाण पत्र तह) पठनपाठनका लागि स्वीकृत भई तेह्रथुम क्यम्पसका नाममा रुपान्तरित हुन पुग्यो। २०४६ साल जेठ १९ गते स्नातक तह मानविकीतर्फ (वि.ए.) का कक्षा सञ्चालन गर्न स्वीकृति पाएको र २०६३ कार्तिक २६ गतेदेखि तेह्रथुम बहुमुखी क्याम्पसको रुपमा रहेको छ। कोशी प्रदेशका पहाडी जिल्लाहरू तेह्रथुम, पाँचथर र ताप्लेजुङका विद्यार्थीहरूलाई उच्च र व्यवसायिक शिक्षा दिने उद्देश्य राखेर सीमित भौतिक सामग्री र मानवीय स्रोत साधनबाट सुरुवात भएको यो क्याम्पसमा हाल ३ वटा शिक्षण भवन, १ कार्यक्रम कक्ष, ३ प्रशासनिक र २ पुस्तकालय भवन, १० प्राध्यापक–कर्मचारी आवास गृह, २ छात्रावास भवन, ३ विश्राम गृह, १ स्ववियु भवन आदि भौतिक संरचनाहरू  रहेका छन् । स्थानीय सचेत जनसमुदाय, शिक्षाप्रेमी, समाजसेवी, शुभचिन्तकहरू  साथै लगनशील विद्यार्थीहरूको सक्रियतामा हालसम्म यस क्याम्पसले ठुलो संख्यामा सक्षम जनशक्ति र योग्य नागरिकहरू तयार पारेको छ। जसको माध्यमबाट विभिन्न व्यक्तिहरूले आफ्नो जीवनस्तर उकास्नुको साथै देश विकासमा समेत महत्त्वपूर्ण योगदान दिएका छन्।

त्रि.वि. को आङ्गिक क्याम्पसको रुपमा मानविकीतर्फ चार वर्षे स्नातक (वि.ए.) र जनसङ्ख्या अध्ययन विषयमा स्नातकोत्तर (एम.ए.) एवम् शिक्षाशास्त्रतर्फ चार वर्षे स्नातक (वि.एड.) र एक वर्षे वि.एड. को अध्ययन अध्यापन हुने यस क्याम्पसमा १८ जना प्राध्यापक, ८ जना कर्मचारी र  करिब २५० विद्यार्थी रहेका छन्। मानविकीतर्फ अङ्ग्रेजी, नेपाली, गणित, जनसङ्ख्या, राजनीतिशास्त्र, अर्थशास्त्र र इतिहास विषयहरु अध्ययन अध्यापन भइ रहेका छन् भने शिक्षाशास्त्रतर्फ विशिष्टीकरण विषयको रुपमा चारवर्षे वि.एड. तहमा अङ्ग्रेजीशिक्षा, नेपालीशिक्षा, गणितशिक्षा र जनसङ्ख्या शिक्षा र एकवर्षे वि.एड.मा अङ्ग्रेजीशिक्षा, नेपालीशिक्षा, जनसङ्ख्याशिक्षा र स्वास्थ्य एवम् शारीरिक शिक्षा रहेका छन्। हाल स्नातक र  स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन हुने यस क्याम्पसमा सरकारी पक्ष, त्रि.वि., स्थानीय शुभचिन्तकहरूको सहयोग र सद्भाव पाएमा अझ गुणस्तरीयता थप्दै थप विषय, विभिन्न सङ्काय र विषयहरूको पढाइ सञ्चालन गरी उच्चस्तरीय जनशक्ति उत्पादन गरेर समाज एवम् राष्ट्र निर्माणमा योगदान गर्ने यस क्याम्पसको भावी लक्ष्य रहेको छ ।

यस क्याम्पसको नाममा वि.सं. २०२४ सालमा श्रीप्रसाद सिंह खवाससँग र २०४० सालमा टेकबहादुर खड्का तथा रत्नबहादुर डाँगीसँग थप जग्गा खरिद गरी हाल ९२ रोपनी ११ आना ३ पैसा (९२–११–३) जमिन क्याम्पस भएकै स्थानको सेरोफेरोमा भोग चलनमा रहेको छ।

## क्याम्पस कार्यसमिति

| | |
|---|---|
| १. पोष्टराज लामिछाने | अध्यक्ष |
| २.  लोकेन्द्र सिटौला | सदस्य |
| ३. जीवन पौडेल | सदस्य |
| ४. सोमनाथ घिमिरे | सदस्य |
| ५. दीपकराज उप्रेती | सदस्य सचिव |

## क्याम्पस व्यवस्थापन समिति

| क्र.स. | | नाम | पद |
|---|---|---|---|
| **१** | क्याम्पस प्रमुख | श्री पोष्टराज लामिछाने | अध्यक्ष |
| **२** | विभागीय प्रमुख | निधिरत्न न्यौपाने | सदस्य |
| **३** | विभागीय प्रमुख | गोविन्दकुमार सुवेदी | सदस्य |
| **४** | विभागीय प्रमुख | श्री जीवन पौडेल | सदस्य |
| **५** | शिक्षक प्रतिनिधि | श्री सोमनाथ घिमिरे | सदस्य |
| **६** | शिक्षक प्रतिनिधि | श्री लोकेन्द्र सिटौला | सदस्य |
| **७** | वडा अध्यक्ष | श्री कृष्णप्रसाद बाँस्कोटा | सदस्य |
| **८** | अभिभावक | श्री यादव फोम्बो | सदस्य |
| **९** | अभिभावक | श्री रत्नमणि ओली | सदस्य |
| **१०** | चन्दादाता | श्री भिष्मप्रसाद थपलिया | सदस्य |
| **११** | शिक्षाप्रेमी | श्री चन्द्रबहादुर कन्दङ्वा | सदस्य |
| **१२** | त्रि.वि. प्रा. संघ क्या. एकाइ सभापति | श्री गणेश विमली | सदस्य |
| **१३** | त्रि.वि. क.संघ क्या.एकाइ सभापति | श्री महेन्द्र कटुवाल | सदस्य |
| **१४** | स्ववियु सभापति | श्री ताराप्रसाद दाहाल | सदस्य |
| **१५** | प्रशासन प्रमुख | श्री नारद आङबुहाङ | सदस्य |
| **१६** | लेखा  प्रमुख | श्री नरेश पाल | सदस्य |
| **१७** | सहायक क्याम्पस प्रमुख | श्री दीपकराज उप्रेती | सदस्य सचिव |

## २. क्याम्पसको दूरदृष्टि, ध्येय र लक्ष्य तथा उद्देश्यहरू

### Vision:

Tehrathum Multiple Campus is about-to take a leap towards academic Excellency.

### Mission:

Tehrathum Multiple Campus attains in academic Excellency focuses teaching, learning, research and administration.

### Goal:

To improve the quality of existing academic program, economic, physical infrastructure, institutional governance, human resource in teaching, learning and research.

### Objectives:

- To digitalize and networking of administration and classroom
- To establishment e-library and RDI center
- To add market demandable academic program
- To build student friendly infrastructure
- To establish integrated software system
- To upgrade the journals as online journal
- To insure institutional governance
- To establish student support system and student welfare activities
- To develop skill and competent human resources
- To provide community support out teach program and dissemination

# क्याम्पसको नीति तथा कार्यक्रम

## पृष्ठभूमि :

आठराई चुहानडाँडाका तत्कालीन शिक्षाप्रेमी तथा समाजसेवी महानुभावहरूको उच्च शिक्षाप्रतिको तीव्र उत्साह ,आकांक्षा तथा उहाँहरूको सक्रिय प्रयासबाट तत्कालीन सरकारबाट स्वीकृत लिई विधिवत रुपमा वि. सं २०१७ जेठ २१ गते वीरेन्द्र इन्टर कलेजको नाममा स्थापना भई औपचारिक रुपमा प्रवीणता प्रमाणपत्र तहको पठनपाठन सुरुवात भएको थियो। यसको विकासक्रमसँगै वि.सं.२०३७ सालदेखि तेह्रथुम क्याम्पसको नाममा परिणत भएको थियो भने वि. स.२०६३ कार्तिक २६ गतेदेखि हालसम्म तेह्रथुम बहुमुखी क्याम्पसको नामबाट सञ्चालित हुँदै आएको छ । त्रिभुवन विश्वविद्यालयबाट वि.सं.२०६९ सालदेखि यो क्याम्पस, विधिवत रुपमा विकेन्द्रीकरणको मान्यता प्राप्त गरे पश्चात २०६३ सालबाट शिक्षाशास्त्र सङ्कायको शैक्षिक कार्यक्रम सञ्चालन भएको हो। वि. सं. २०८० सालदेखि व्यवस्थापन संकायको स्वीकृति लिई व्यवस्थापन संकाय सञ्चानल भई हाल विविएस् तह अध्ययन अध्यापन भइरहेको छ। यस्तै क्याम्पसले यसै वर्ष अन्तराष्ट्रिय गुणस्तर मापदण्डको QAA (Quality Assurance and Accreditation) प्राप्त गर्ने प्रक्रियाको लागि आशयपत्र पेश गरी स्वीकृति भएर **SSR** को तयारी समेत अन्तिम चरणमा पुगेको छ। यो क्याम्पस सुदूरपूर्वी पहाडी क्षेत्रको उच्च शिक्षाको केन्द्रको रुपमा स्थापित भएको छ। हाल मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन संकाय गरी तीनओटा संकायमा स्नातक तहका शैक्षिक कार्यक्रम सञ्चालित छन् भने मानविकी संकायमा जनसंख्या अध्ययन विषयमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सञ्चालन भइरहेको छ। वर्तमान अवस्थामा भने करिब २५० विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको वर्तमान आवश्यकता परिपुर्ति गर्ने लक्ष्य लिएर बजारमुखी, प्रतिस्पर्धी, तुलनात्मक लाभ हुने र आयआर्जन गर्न सक्ने देशैभरबाट विद्यार्थीहरू आएर पढ्न सक्ने शैक्षिक कार्यक्रमहरू तथा अनुसन्धान केन्द्र सञ्चालन गर्न क्याम्पस प्रशासनले सम्बन्धित निकायमा आवश्यक पहल समेत गरिरहेको छ। विगत लामो समयदेखि हुन नसकेको विद्यार्थीहरूको साझा संस्था स्वतन्त्र विद्यार्थी युनियनको चुनाव २०७९ चैत्र ५ गते सम्पन्न भई ११ सदस्य स्ववियु हाल क्रियाशील रहेको छ ।

## क्याम्पसको वर्तमान अवस्था

### १.१ भौतिक पूर्वाधार तथा सम्पत्तिहरू

स्थापना कालमा चुहानडाँडास्थित शारदा हाई स्कुलको भवनबाट पठनपाठन सुरु भएको यस क्याम्पसको, हाल जग्गा जमिनमा क्याम्पस परिसरमा ९२ रोपनी जग्गा रहेको छ। भवनतर्फ पक्की १ ब्लक , कच्ची भवन ७ वटा ,क्याम्पस शिक्षक कर्मचारी आवास १० ब्लक, महिला छात्रावास १ र पुरूष छात्रावास १ भवन रहेको छ । त्यस्तै ५ वटा डेस्कटप कम्प्युटरसहित ICT कक्ष, १० थान कार्यालय प्रयोजनका कम्प्युटर ,३ थान प्रोजेक्टर ,५ थान प्रिन्टर, १२ थान ल्यापटप,पुस्तकालयमा करिब ९५०० पाठ्यपुस्तक तथा सन्दर्भ ग्रन्थहरू रहेका छन् । त्यस्तै क्याम्पस परिसरभित्र २ वटा पक्की शौचालय, ७० जोर डेस्क बेन्च, १५० थान टेबलकम चेयर, स्टिल टेबल २४ थान, राउन्ड टेबल २, काठको दराज २८, काठको बक्स टेबल १२, टेबल सादा ४३, टि टेबल १९,सोफा सेट कुर्सी १५, काठको कुर्सी ४० थान, लेक्चर टेबल ११, प्लाष्टिक कुर्सी ८० थान, अफिस कुर्सी २५ , पलङ २ थान ,१०० थान खाट,१२ वटा कक्षाकोठा , ३ वटा बिश्राम कक्ष हावा घर ,१ भलिवल कोर्ट, १ फूटबल ग्राउन्ड ,चमेनागृह १, ३ किलोवाटको ब्याकअप , दुईवटा इलेक्ट्रोनिक हाजिरी मेशिन, १ थान स्मार्ट बोर्ड , १ थान A3 फोटोकपी मेसिन, २ बेड सहितको गेस्ट हाउस, २५ थान स्टिल दराज ,१ खानेपानी फिल्टर स्टेशन, एकीकृत सफ्टवेयर १, मोबाइल Apps १, खानेपनी डिस्पेनसर लगायतका आदि भौतिक पूर्वाधार तथा सम्पत्तिहरू रहेका छन् ।

### १.२ शैक्षिक कार्यक्रम र विद्यार्थीको अवस्था

वि स. २०१७ सालमा प्रवीणता प्रमाणपत्र तह ५ जना विद्यार्थीहरूबाट सुरुभएको क्याम्पसमा हाल स्नातक तह मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन संकाय गरी तीनवटा संकायहरू सञ्चालित छन् भने स्नातकोत्तर तह मानविकीतर्फ जनसंख्या अध्ययन विषय सञ्चालन हुँदै आएको छ । मानविकी संकायमा स्नातक तहमा ४१ जना विद्यार्थीहरू रहेका छन् भने स्नातकोत्तर तहमा १७ जना रहेका छन् त्यस्तै व्यवस्थापन संकाय शैक्षिक कार्यक्रममा १२ जना विद्यार्थीहरू रहेका छन् भने शिक्षाशास्त्र संकायको स्नातक तहमा १३९ जना विद्यार्थी रहेका छन् । यस क्याम्पसबाट अध्ययन पूरा गरेका विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत समग्रमा ३३ प्रतिशत रहेको छ ।

### १.३ मानवीय संसाधनको अवस्था

यस क्याम्पसमा १९ जना प्राध्यापक तथा ९जना कर्मचारीहरू गरी २८ जना मानवीय संसाधनहरू कार्यरत रहेका छन् , जसमा क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विद्यार्थी कल्याण प्रमुख, ४जना विभागीय प्रमुखहरू छन् । प्राध्यापकहरूमध्ये सह–प्राध्यापक करार १ जना, उप–प्राध्यापक ३ जना, शिक्षण सहायक १० जना, शिक्षण सहायकले पाए सरह तलब पाउने शिक्षक ३ जना र आंशिक शिक्षक ३ जना प्राध्यापनरत छन् । प्रशासनिक कर्मचारीतर्फ मुख्य कार्यालय सहायक वा सो सरह ३ जना , प्राविधिक सहायक १ जना, २ जना कार्यालय सहायक र ३ जना कार्यालय सहयोगी कार्यरत छन् त्यस्तै क्याम्पसमा एमफिल् उपाधि प्राप्त गरेका शिक्षकहरूको २ जना रहेका छन् त्यस्तै पि. एच. डी अध्ययनरत २ जना प्राध्यापकहरू रहेका छन् ।

### १.४ आर्थिक तथा वित्तीय अवस्था

यस क्याम्पसको नियमित आम्दानीको स्रोतहरूमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयको तलब भत्ता बापत रकम, आन्तरिकतर्फ समतामा आधारित अनुदान,कार्यसम्पादनमा आधारित विश्वविद्यालय अनुदान आयोगअन्तर्गत त्रिवि योजना निर्देशनालयबाट सञ्चालित Nurturing Excellence in Higher Education program बाट प्राप्त हुने

रकम र उद्यमशीलता सहयोग कार्यक्रमबाट प्राप्त रकम मुख्य आर्थिक तथा आम्दानीका स्रोतहरू रहेका छन् । यस क्याम्पसमा विभिन्न शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूबाट गत आर्थिक वर्षमा रु. १५ लाख १४ हजार १ सय पन्ध्र, त्रिवि केन्द्रीय कार्यालयबाट तलब र भत्ता बापतको रू १ करोड ७५लाख ४४ हजार नियमित र विश्वविद्यालय अनुदान आयोगको NEHEP अन्तर्गत समतामा आधारित अनुदानबाट प्राप्त रु ८ लाख रकम प्राप्त भएको थियो।

त्रिवि केन्द्रीय कार्यालयबाट यस क्याम्पसमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरूको नियमित तलब, भत्ता, ग्रेड, सञ्चयकोर्स अनुदान, उपदानकोर्स अनुदान वापतको रकम निकासा गरेता पनि अस्थायी तथा करार सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरूको नियमित तलब भत्ता निकासा भइरहेको भएता पनि ग्रेड रकम लामो समयदेखि निकासा नभएको,अघिल्लो आर्थिक वर्ष २०७९/८० करिब २५ लाख, शिक्षण सहायक सोसरह पारिश्रमिक पाउने ३ जना शिक्षकहरूको चालू आर्थिक वर्षको तलबसमेत निकासा भएको छैन पूर्णकालीन र आंशिक शिक्षकहरूको अतिरिक्त कक्षाको पारिश्रमिक समेत सीमित रकम मात्र निकासा भइरहेकोले आगामी वर्षहरूमा शिक्षक तथा कर्मचारीहरूलाई नियमित तलब भत्ता खुवाउन समेत समस्या हुने सक्ने देखिन्छ। सीमित रकममात्र निकासा भइरहेकोले दैनिक प्रशासनिक खर्च र तलबभत्तामा समेत आन्तरिक स्रोतबाट खर्च गर्नुपर्ने अवस्था रहेकोले पूर्वाधार विकास तथा अत्यावश्यक मर्मत सम्भारमा समेत समस्या उत्पन्न भएको छ। यो समस्याको बारेमा केन्द्रीय कार्यालयका पदाधिकारी साथै विश्वविद्यालय अनुदान आयोगलाई पटक–पटक क्याम्पस प्रसाशनको तर्फबाट लिखित तथा मौखिक रूपमा ध्यानाकर्षण समेत गराइएको छ। गत दुई आर्थिक वर्ष अगाडिदेखि त्रिवि केन्द्रीय कार्यालयबाट पूँजीगत सुधार शीर्षकमा २ तले शिक्षण भवन निर्माणका लागि निकासा भएको रू.२ करोडको बजेटबाट ठेक्का लागि निर्माण कार्य भइरहेको छ। आठराई गाउँपालिका र कोशी प्रदेश सरकारको समपूरक अनुदानमा दुई तले ३ कोठा भएको प्रशासनिक भवन समेत ठेक्का प्रक्रियामा गई निर्माणको कार्य भइरहेको छ, त्यस्तै कोशी प्रदेश सरकारको ५ /५ लाखको सहयोगमा पहिरो नियन्त्रण पर्खाल निर्माण कार्य सम्पन्न भएको छ र खानेपानी ट्याङ्की निर्माणको कार्य समेत चालु आर्थिक वर्षमा अगाडि बढ्ने आशा राखिएको छ। क्याम्पसको आन्तरिक बजेट र समतामा आधारित बजेटबाट QAA Certification प्रक्रियाका लागि आवश्यक मापदण्ड पूरा गर्न बगैँचा निर्माण, खानेपानी फिल्टर जडान, डिस्पेनसर जडान, कक्षाकोठा रंगरोगन, महिला तथा पुरुष छात्रवास मर्मत सम्भार तथा रंगरोगन, महिला छात्रावासको किचन ढलान, ट्वाइलेटसम्म जाने बाटो निर्माण, चमेना गृहको ट्वाइलेट मर्मत सम्भार, बेसिङ राख्ने कार्य, चमेना गृहसम्म जानेबाटो ढलान, पुरानो शैक्षिक भवन मर्मत सम्भार तथा रंगरोगन कार्यहरू चालु आर्थिक वर्षमा सम्पन्न भएका छन्।

## १.५ अनुसन्धान अभिलेखीकरण र प्रकाशन

यस क्याम्पसको प्राज्ञिक उन्नयन र विकासमा अनुसन्धान र प्रकाशनले महत्वपूर्ण भूमिका खेलेको छ। अनुसन्धान एकाइको गठन भई त्यसको कार्य सञ्चालन निर्देशिका समेत निर्माण गरी त्यसै बमोजिम नियमित अनुसन्धानका कार्यहरू भइरहेका छन्, अनुसन्धान एकाइले वार्षिकरूपमा अनुसन्धान जर्नल (Peer Reviewed Journal) प्रकाशित गर्ने गर्दछ। क्याम्पसले वार्षिक गतिविधि समेटेर वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गर्दछ यस्तै त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले वार्षिकरुपमा प्रणयन नामक अनुसन्धानमूलक जर्नल प्रकाशित गर्ने गर्दछ। त्यसको अलवा विश्वविद्यालय अनुदान आयोगबाट सञ्चालन हुने अनुदान आधारित अनुसन्धानात्मक क्रियाकलापहरूमा समेत सहभागी हुने, क्याम्पसका नियमित गतिविधिलाई क्याम्पसको फेसबुक पेज र वेबसाइटमार्फत समेत नियमित रूपमा सार्वजनिकीकरण गर्ने गरिन्छ।

## १.६ समितिहरू

यस क्याम्पसको सर्वोच्च निकायको रुपमा त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण सम्बन्धी नियम २०५५ बमोजिमका क्याम्पस व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको छ। क्याम्पसका दैनिक काम कारवाहीहरू गर्न क्याम्पस कार्य

समिति गठन भई कार्य गरिरहेको छ। यसका अतिरिक्त आन्तरिक कामकारबाहीलाई व्यवस्थित र पारदर्शी बनाउनको लागि ३ सदस्यीय खरिद समिति, QAA Certification प्रक्रियाको लागि ७ सदस्यीय IQAC समिति ,३ सदस्य रहेको SAT समिति ३ सदस्य रहेको लाइब्रेरी व्यवस्थापन समिति, ३ सदस्य रहेको सम्पत्ति सम्परीक्षण समिति , अनलाइन कक्षा व्यवस्थापनको लागि ३ सदस्य रहेको एडमिन समिति,३ सदस्य रहेको खरिद मूल्याङ्कन समिति, ५ सदस्यीय निर्माण अनुगमन समिति, ३ सदस्य रहेको EMIS समिति, ३ सदस्य रहेको विद्यार्थी सहयोग तथा परामर्श समिति, ५ सदस्य रहेको अनुसन्धान एकाइ समिति ,३ सदस्य रहेको गुनासो सुनुवाई तथा व्यवस्थापन,३ सदस्य रहेको विद्यार्थी छात्रावास व्यवस्थापन समिति , ३ सदस्य रहेको ट्रेसर समिति ,४ सदस्य रहेको सरसफाई समिति ,३ सदस्य रहेको शैक्षिक योजना व्यवस्थापन समिति , १५ सदस्य रहेको क्याम्पस अल्मुनाइ एसोसिएसन , सदस्य रहेको झापा ,मोरङ, सुनसरी अल्मुनाइ एसोसिएसन सम्पर्क समिति आदि जस्ता समितिहरू गठन भई क्रियाशील रहेका छन्।

## १.७ संस्थागत विकास, सुशासन तथा सम्बन्ध

क्याम्पसको संस्थागत विकास तथा सुशासनका लागि सञ्चालन गर्ने नियमित शैक्षिक, प्रशासनिक, प्राज्ञिक, अनुसन्धानात्मक क्रियाकलापहरूलाई व्यवस्थित, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन सरोकावालाहरूको अपेक्षाअनुसार नियमित सेवा प्रवाह गरी समुदायसँग समुधुर सम्बन्ध स्थापना गर्नका लागि क्याम्पसले विभिन्न नियम, कार्यविधि र निर्देशिकाहरू निर्माण गरी त्यसैअनुरूप कामकारबाहीहरू गर्दै आएको छ। २०७९ फागुन १ गतेदेखि पूर्णरूपमा शिक्षक कर्मचारीको विद्युतीय हाजिरी कार्यान्वयन गरिएको छ। त्यस्तै वेभ साइट जडान, एकीकृत सटबेयरमार्फत EMIS , पुस्तकालयका पुस्तकहरू सफ्टवेयरमा इन्ट्री कार्य, लेखामा बिल काट्ने तयारी समेत सुरुवात गरिएको छ। क्याम्पसका सरोकारवालाहरूको गुनासो सुनुवाई गर्न गुनासो पेटिका, गुनासो सुनुवाई समिति, सूचना अधिकारी, क्याम्पस बडापत्र समेत व्यवस्था गरिएको छ । विभिन्न निर्देशिका तथा कार्यविधिहरूमा शिक्षक तथा कर्मचारी नियुक्ति कार्यविधि, आन्तरिक परीक्षा सञ्चालन निर्देशिका, शिक्षक तथा कर्मचारी कार्यसम्पादन मूल्याङ्कन निर्देशिका, पुस्तकालय व्यवस्थापन तथा सञ्चालन कार्यविधि, QAA सञ्चालन कार्यविधि, अनुसन्धान सञ्चालन निर्देशिका, EMIS सञ्चालन सम्बन्धी निर्देशिका, विद्यार्थी कल्याण सम्बन्धी निर्देशिका, गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यविधि, निर्माण भई लागू भइसकेका छन्। विद्यार्थीहरूलाई सहुलियतपूर्ण उपचार गर्नका लागि विद्यार्थी कल्याण निर्देशनालय ,क्याम्पस र पाँचथर अस्पताल बिच विद्यार्थी स्वास्थ्य बिमाका विषयमा पारस्पारिक सम्झौता भएको छ । आठराई गाउँपालिकामा रहेका ३ ओटा माध्यमिक विद्यालय, प्राथमिक स्वास्थ्य केन्द्र,२ ओटा बैँकसँग पारस्पारिक सम्झौता गरी सरोकावालाहरूसँगको सम्बन्धलाई समेत थप मजबुत बनाइएको छ । त्यस्तै शैक्षिक क्यालेण्डर निर्माण गरी लागु गरिएको छ । विभिन्न पालिकाभित्र तथा बाहिरका +२ पढाइ हुने संस्थागत तथा सामुदायिक विद्यालयहरू,गाउँपालिकाहरू, उद्योग वाणिज्य संघ, सहकारी,वित्तीय संघ संस्थाहरू साथै अभिभावकहरूसँग भेट्घाट अन्तरक्रिया , छलफल, बैठक अन्य Out Reach Program निरन्तर गरी यस क्याम्पसको समुदाय र सरोकारवालाहरूसँगको सम्बन्धलाई समेत स्थापित गरिएको छ।

क्याम्पसको रणनीतिक योजनामा उल्लेख भएका भौतिक पूर्वाधार विकास, शैक्षिक कार्यक्रमको विकास, मानव संसाधन विकास, अनुसन्धान प्रकाशन तथा प्राज्ञिक विकास, आर्थिक क्षमतामा अभिवृद्धि, संस्था संस्थागत विकास तथा सुशासन, Digitization student support system जस्ता प्राथमिकता क्षेत्रहरू राखिएको छ । रणनीतिक योजना ( २०२३-२७) किटान गरेको प्राज्ञिक उत्कृष्टताको साथै समग्र गुणस्तरीयता हाँसिल गर्ने Vision, Mission, Goals, Objectives / Strategy अनुसार किटान गरिएका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी क्याम्पसले कार्य गरिरहेको छ । आगामी आर्थिक वर्षहरूमा नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा रणनीतिक योजनाका प्राथमिकताहरूलाई आधार बनाइने छ।

## १.८ विद्यार्थी सहयोग प्रणाली

यस क्याम्पसका विभिन्न संकायका तहहरूमा अध्ययनरत विद्यार्थीहरूको क्षमतालाई थप विकास गरी बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनका लागि क्याम्पसले निःशुल्क निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र परीक्षाको तयारी कक्षा सञ्चालन, उद्घोषण कलासम्बन्धी कार्यक्रम, गेष्ट लेक्चरद्वारा कक्षा सञ्चालन तथा ( Carrer counseling ) कार्यक्रम साइबर अपराधसम्बन्धी सचेतनामुलक कार्यक्रम यसै आर्थिक वर्षमा सञ्चालन भएको छ। विद्यार्थीहरूलाई वार्षिक परीक्षामा उत्तीर्ण प्रतिशत वृद्धि गराउनका लागि आन्तरिक परीक्षाहरूको समेत व्यवस्था मिलाई विद्यार्थीहरूलाई क्याम्पसले सहयोग गर्दै आएको छ।

## १.९ रणनीतिक योजना २०२३–०२७

क्याम्पसको रणनीतिक योजनामा उल्लेख भएका भौतिक पूर्वाधार विकास, शैक्षिक कार्यक्रमको विकास, मानव संसाधन विकास, अनुसन्धान प्रकाशन तथा प्राज्ञिक विकास, आर्थिक क्षमतामा अभिवृद्धि, संस्थागत विकास तथा सुशासन, Student Support System जस्ता प्राथमिकताका क्षेत्रहरू राखिएको छ। रणनीतिक योजना (२०२३–०२७) किटान गरिएको प्राज्ञिक उत्कृष्टताको साथै समग्र गुणस्तरीयता हाँसिल गर्ने Vision अनुसारको Mission, Goals, Objectives / Strategy अनुसार किटान गरिएका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी क्याम्पसले कार्य गरिरहेको छ। आगामी आर्थिक वर्षहरूमा नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा रणनीतिक योजनाका प्राथमिकतालाई आधार बनाइने छ।

# २. २०८०/०८१ को नीति तथा कार्यक्रम

यस क्याम्पसको रणनीतिक योजना २०२३–०२७ मा भएको क्याम्पसलाई शिक्षण, सिकाइ र अनुसन्धानको प्राज्ञिक उत्कृष्टताको नेतृत्वदायी उच्च शिक्षाको केन्द्रको रुपमा विकास गर्ने परिकल्पनाको आधारमा तय गरिएका दूरदृष्टि, अभियान र लक्ष्यलाई समेत पूरा गर्ने उद्देश्यले खर्च कटौती, आर्थिक पारदर्शिता र मितव्ययिता, आत्मनिर्भर शैक्षिक कार्यक्रम तथा अनुसन्धानकेन्द्र सञ्चालनमा जोड, आर्थिक स्रोत पहिचान र व्यवस्थापन, तीनै तहका सरकारहरूसँग समन्वय एवं सहकार्य, विद्यार्थी भर्ना दर, उत्तीर्ण दर र गुणस्तर वृद्धि, संस्थागत सुशासन, विकास र पारदर्शिता जस्ता नीति तथा सिद्धान्तलाई प्राथमिकतामा राखी त्रिभुवन विश्वविद्यालयबाट प्राप्त हुने तलब भत्ताको रकम, आन्तरिक शैक्षिक कार्यक्रमबाट हुने आम्दानी, विश्वविद्यालय अनुदान आयोगअन्तर्गत त्रिवि योजना निर्देशनालयबाट सञ्चालित कार्यसम्पादनमा आधारित Nurturing Excellence In Higher Education Program बाट प्राप्त हुने अनुदान, QAA प्रमाणीकरणबाट प्राप्त हुने रकम, संघीय, तथा प्रदेश र स्थानीय सरकारहरूबाट प्राप्त हुने सहयोग, क्याम्पस जगेडा कोर्स, ब्याज आदिबाट प्राप्त हुने अनुमानित आयका आधारमा क्याम्पसको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमहरू तय गरी पूँजीगत खर्च शीर्षक र सञ्चालन खर्च शीर्षकमा अनुमानित आय र ब्यय विवरण सहितको क्याम्पस प्रशासनले निर्माण गरी नीति तथा कार्यक्रम र बजेट निर्माण गरी छलफल र स्वीकृतिको लागि यस गरिमामय क्याम्पस व्यवस्थापन समितिको बैठकमा पेस गर्दछु। आगामी आर्थिक वर्षमा तपसिलका कार्यक्रमहरू प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको छ।

## २.१ पूर्वाधार निर्माण

क्याम्पसले आगामी आर्थिक वर्ष २०८०/०८१ मा पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ। त्रिवि केन्द्रीय कार्यालयको पूँजीगत सुधार शीर्षक अन्तर्गत ८ कोठे नयाँ शिक्षण भवन निर्माण कार्य सम्पन्न अगाडि बढेको, आइसिटी ल्याव स्थापना गर्न प्रदेश सरकारको अनुदान तथा उच्चशिक्षामा विशिष्टता प्रर्वद्धन कार्यक्रम, डिजिटाइजेसन

अन्तर्गत बजेट अनुमान गरिएको छ। नयाँ शिक्षण भवनका कक्षाकोठाहरूलाई आवश्यक पर्ने डेस्क बेन्च, नयाँ शिक्षण भवनसम्म जाने बाटो र उक्त भवनको कम्पाउन्ड र कक्षा कोठा Digitization, क्याम्पसको मूल गेट निर्माणको लागि आवश्यक पर्ने बजेट समेत त्रिवि केन्द्रीय कार्यालयको पूँजीगत सुधार शीर्षकअन्तर्गत अनुमान गरिएको छ। महिला तथा पुरुष छात्रवास जीर्णोद्धार गर्न प्रदेश सरकार र स्थानीय सरकारको बजेटबाट खर्च अनुमान गरिएको छ। यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई आवतजावतका लागि क्याम्पस बस भारतीय दुतावासबाट अनुदानमा प्राप्त हुने अनुमान गरिएको छ। क्याम्पसको मूल शिक्षण भवनको छाना फेर्न Retrofiting को लागि प्रदेश सरकार, स्थानीय सरकार, सम्भावित चन्दादाता र संघ सस्थाको बजेट अनुदानबाट प्राप्त हुने अनुमान गरिएको छ। पुरानो शिक्षण भवनको अग्रभागमा बगैँचा निर्माण लगायत अन्य निर्माणलाई प्राथमिकतामा राखी आवश्यक रकम विनियोजन गरिएको छ।

## २.२ शैक्षिक तथा प्रशासनिक कार्यक्रम

शैक्षिक तथा प्रशासनिक कार्यमा संलग्न शिक्षक र कर्मचारीहरूको नियमित तलब भत्ता, निवृत्तिभरण, उपदानकोष, अतिरिक्त शिक्षण तलब र सञ्चयकोष अनुदानको लागि रकम विनियोजन गरिएको छ। क्याम्पसको आयआर्जन क्षमतालाई अभिवृद्धि गर्नको लागि समाज र बजारको मागअनुसार देशैभरबाट विद्यार्थी आएर पढन सक्ने शैक्षिक कार्यक्रम तथा अनुसन्धान केन्द्र सञ्चालनको लागि त्रिवि केन्द्रीय कार्यालयमा आवश्यक पहल गरिनेछ। निर्माणाधीन ८ कोठे शिक्षण भवन तथा प्रशासनिक भवनको फर्निचर निर्माण, कक्षा कोठामा White Board फेर्ने, लाइब्रेरीमा पुस्तक राख्ने र्‍याक, कक्षाकोठा व्यवस्थापन र प्रशासनिक आवश्यक बजेट विनियोजन गरिएको छ। हाल सञ्चालन भइरहेका स्नातक तहका शैक्षिक कार्यक्रमका कक्षाहरूलाई उच्च प्रविधियुक्त बनाउन, आवश्यकताअनुसार पाठ्यपुस्तक खरिदको लागि आवश्यक रकम विनियोजन गरिएको छ। क्याम्पसका विभिन्न संकाय शैक्षिक कार्यक्रमको प्रचारप्रसारको लागि समेत बजेट विनियोजन गरिएको छ। प्रशासनिक काम कारबाहीहरूलाई चुस्तदुरुस्त र छिटो छरितो ढंगले सम्पादन गर्न कर्मचारीहरूको क्षमतामा अधिवृद्धि गर्दै सेवा प्रवाह गर्ने शाखाहरूलाई थप व्यवस्थित गर्दै लैजान आवश्यक बजेटको अनुमान गरिएको छ।

## २.३ संस्थागत विकास, सुशासन र अनुसन्धान

"हाम्रो क्याम्पस, राम्रो क्याम्पस" र उत्कृष्ट शैक्षिक गुणस्तरको दीर्घकालीन लक्ष्य हाँसिल गर्नका लागि दीगो गुणस्तरयुक्त भौतिक विकास, अनुसन्धान, प्रकाशन तथा प्राज्ञिक विकास, छिटो छरितो सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायी र जवाफदेहीतालाई केन्द्रमा राखी प्रशासनिक तथा शैक्षिक कार्यहरू सम्पन्न गरिनेछ। त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयबाट विभिन्न समयमा क्याम्पसको संस्थागत विकास तथा सुशासन लागि गरिएका परिपत्रहरू पालना गर्दै, परीक्षा सञ्चालन गर्ने कोठाहरू र प्रशासनिक कार्यकक्षलाई समेत अद्यावधिक र स्तरीकृत गर्न, क्याम्पसलाई आवश्यक कार्यालय उपकरण, वैज्ञानिक शैक्षिक उपकरण खरिदका लागि, विद्यार्थी कल्याण र स्वतन्त्र विद्यार्थी युनियनले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप, छात्रवृत्ति, एकीकृत सफ्टवेयर प्रणाली मार्फत सबै प्रशासनिक कार्यहरूलाई सञ्चालन गर्न, वार्षिक खरिद योजना निर्माण गरी आन्तरिक खरिदलाई थप व्यवस्थित बनाउन, शिक्षक कर्मचारीको ज्ञान सिप क्षमता अभिवृद्धिको लागि अभिमुखीकरण कार्यक्रम, कार्यशाला, गोष्ठी र अनुसन्धान एकाइबाट गरिने अनुसन्धान जर्नल प्रकाशन, अनुसन्धान कार्यशाला, अनुसन्धान एकाइबाट प्रकाशन गरिने जर्नललाई Nepjol मा स्तरीकृत गर्न, QAA को Certification का लागि, पुस्तकालयलाई Automation मा लैजान क्याम्पसको मास्टर प्लान बनाउने, प्रचारप्रसार तथा Outreach कार्यक्रमको साथै क्याम्पसको प्रशासनिक तथा शैक्षिक क्षमता वृद्धि गर्नका लागि यथोचित रकम विनियोजन गरिएको छ।

## २.४ मर्मतसम्भार तथा अन्य कार्य र खरिद

क्याम्पस परिसरभित्र नियमित र QAA Certification प्रक्रियाका आवश्यक मापदण्डहरूलाई समेत पूरा गर्न शिक्षण विभागहरूलाई थप व्यवस्थित गर्न, शिक्षक कर्मचारी आवासहरू मर्मत तथा रंगरोगन गर्न, स्ववियु भवनको मर्मत सम्भार, विद्यार्थी छात्रावाससम्म जाने बाटोको स्तरोन्नति गर्न र सेमिनार हलको कोठालाई फर्निसिङ्ग गर्न, पुस्तकालय भवन मर्मत तथा रंगरोगन गर्न, महिला छात्रावास र पुरुष छात्रवासको मर्मत सम्भार, फर्निचर मर्मत तथा निर्माण, क्यान्टिन मर्मत, क्याम्पस कम्पाउन्ड वाल मर्मत, डेस्कटप कम्प्युटर खरिद, प्रिन्टर खरिद, क्याम्पसलाई आवश्यक पर्ने अन्य थप डेस्क बेन्च निर्माण, कार्यालय फर्निचर खरिद , जीर्ण अवस्थामा रहेका फर्निचर मर्मत, सोधपुछ कक्ष व्यवस्थापन, first Aid कक्ष, Dressing Room को व्यवस्थापन गर्न, विज्ञापन, पत्रपत्रिका, छपाइ तथा मसलन्द, पानी, धारा जडानहरूलाई थप गरी आवश्यकताअनुसार आपूर्ति गर्न लगायत अन्य कार्यालय सामग्री खरिदको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

अन्त्यमा यस क्याम्पसले ६४औँ वसन्त पार गरी सकेको छ। यो क्याम्पसको विकास, विस्तार हुँदै वर्तमान अवस्थामा आइपुगेको यस क्याम्पसलाई सुदूरपूर्वी  पहाडी क्षेत्र, कोशी प्रदेश र सिंगो राष्ट्रलाई विविध क्षेत्रमा आवश्यक पर्ने उच्च गुणस्तरयुक्त जनशक्ति उत्पादन गर्ने गरी उत्कृष्ट क्याम्पसको रुपमा विकास गर्ने रणनीतिक योजनाको परिकल्पनालाई साकार पार्न क्याम्पसका सम्पूर्ण शैक्षिक, प्रशासनिक, प्राज्ञिक, अनुसन्धानात्मक, पूर्वाधार विकास, Digitization, Student Support System सस्थागत सुशासन तथा विकास आदि क्रियाकलापहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै क्याम्पस प्रशासनले निर्माण गरी पेस गरिएको, आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेटलाई छलफल गरी स्वीकृत गरिदिनुहुन समेत यस सम्मानित क्याम्पस व्यवस्थापन समितिको बैठक सामु सादर निवेदन गर्दछु।

(क्याम्पस प्रशासनको तर्फबाट क्याम्पस व्यवस्थापन समितिको बैठकमा पेस गरिएको आर्थिक वर्ष २०८१/०८२को नीति तथा कार्यक्रम)

मिति २०८० चैत्र १५  गते रोज ५ शुभम्।

# विद्यार्थी कल्याण शाखा अतिरिक्त क्रियाकलाप प्रतिवेदन

संयोजक
लोकेन्द्र सीटौला

## १. परिचय

वि.सं. २०१७ सालमा वीरेन्द्र इन्टर कलेजको नाम बाट स्थापित भएको यो कलेज  २०३५ सालमा तेह्रथुम क्याम्पसको रुपमा नामाकरण भएको हो। यो संस्था समयको क्रमसँगै वि.स. २०६३ देखि तेह्रथुम बहुमुखी क्याम्पसको रुपमा सञ्चालन हुँदै आइरहेको छ। यसको प्रमुखमा क्याम्पस प्रमुख रहने गर्छन् भने सहायक क्याम्पस प्रमुख सहयोगी हुने गर्छन्। त्यस्तै क्याम्पसमा विद्यार्थी कल्याण तथा खेलकुद शाखा पनि विद्यार्थीको हकहितको निमित्त विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी कार्य व्यवस्थापन प्रणाली २०६७, को परिच्छेद ४ को उपदफा १ बमोजिम क्याम्पस विद्यार्थी कल्याण प्रमुखको व्यवस्था भएको छ। सोही व्यवस्था अन्तर्गत तेह्रथुम बहुमुखी क्याम्पसमा २०६९ असोज १२ देखि विधिवत रुपमा यो निकाय प्रमुखको व्यवस्था हुँदै आएको छ। विद्यार्थी कल्याण शाखा प्रमुखको कार्यकाल २ वर्षको हुने गर्छ। यस निकायअन्तर्गत विद्यार्थीहरूको हकहितको निमित्त सम्बन्धित क्याम्पस सम्बन्धी अनेकौँ गतिविधि  लगायत घर परिवारमा देखिएका समस्या र अन्य जोखिमपूर्ण पक्षहरूमा समेत समन्वय गराउने गरी भूमिका खेल्ने गरेको छ। यस क्याम्पसको अतिरिक्त क्रियाकलाप अन्तर्गत खास गरी दुई प्रकारका क्रियाकलापहरू गराइने गरिन्छ जसमा Indoor र Outdoor रहेका छन्। Indoor अन्तर्गत विद्यार्थीहरूको मानसिक क्षमतामा वृद्धि गर्ने उद्देश्यसँग सम्बन्धित वक्तृत्वकला, हाजिरी जवाफ, नृत्य, कविता वाचन जस्ता क्रियाकलापहरू पर्दछन् भने Outdoor अन्तर्गत उनीहरूको शरीर स्वस्थ राख्ने उद्देश्यले गरिने फुटबल, भलिबल, व्याडमिन्टन, टेबलटेनिस जस्ता खेलकुदका विषयहरू पर्दछन्। यसलाई  कैचीको दुई धारको रुपमा हेर्न सकिन्छ। यसबाट सिकाइ थप प्रभावकारी हुने कुरामा बल पुग्छ।

## २. सम्पन्न भएका क्रियाकलापहरु

- २०८०साउन ५ गते  सूर्योदय टेलिभिजनका प्रस्तोता तथा नेपाल जेसिसका मोटिभेसनल ट्रेनर हरिकृष्ण भण्डारीको सहजीकरणमा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि एक दिने व्यक्तित्व विकास तथा उद्रोषण सम्बन्धी अभिवृद्धिकरण कार्यक्रम सम्पन्न गरियो,
- ह्युमन राइट्स फाउन्डेसनका प्रतिनिधिहरू नरेन्द्र कटवाल, शिवलाल थापासहितको टोलीसँग तेह्रथुम क्याम्पसको जीर्ण अवस्थामा रहेको मुख्य शैक्षिक भवन मर्मतको बारेमा छलफल हुनुको साथै फाउन्डेसनको तर्फबाट क्याम्पसको समग्र भौतिक विकासमा सहयोग गर्ने प्रतिबद्धता प्राप्त भयो,
- २०८०साउन ७ गते पाँच बर्षे रणनीतिक योजना २०२३/०२७ र क्याम्पसको समग्र संस्थागत विकास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो,
- २०८० भदौ २२ गते पाँचथर जिल्ला अस्पताल र तेह्रथुम बहुमुखी क्याम्पसका बिच विद्यार्थी स्वास्थ्य बिमासम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न गरी स्वास्थ्य बिमाका लागि विद्यार्थी कल्याण शाखाबाट सिफारिस लिई सेवा प्राप्त गर्ने व्यवस्था मिलाइएको,
- स्थानीय सरकार र सरोकारवालाहरूसँग शैक्षिक गुणस्तर वृद्धिका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो,
- २०८०मंसिर२७ गते पूर्व विद्यार्थी समाज एल्मुनि एसोसिएसन निर्माण गठन गरियो,
- २०८० माघ २२ गते महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका उपप्राध्यापक निर्मलराज मिश्रको सहजीकरणमा एक दिने प्रश्नपत्र निर्माण तथा मूल्याङ्कन कार्यक्रम सम्पन्न भयो,

- दमक बहुमुखी क्याम्पसका उपप्राध्यापक रामप्रसाद भण्डारीको सहजीकरणमा नेपाली मूल विषयका विद्यार्थीहरुलाई व्यवहारिक लेखन तथा सम्पादन विषयमा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो,
- २०८० माघ २४ गते इलाका प्रहरी कार्यालय आठराईको सहजीकरणमा साइबर अपराधसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो,
- २०८० फागुन २ गते सरस्वती पूजा र विविध साँस्कृतिक कार्यक्रम सम्पन्न,
- यस क्याम्पसका विद्यार्थी सुसासन कार्कीलाई स्पोर्टस् पर्सन तोकी २०८०चैत्र १४ र १५ गते दुई दिन खेलकुदका कार्यक्रम आयोजना गरी  खेलमा प्रथम द्वितीय हुनेलाई नगद, मेडल र प्रमाणपत्र समेत वितरण गरियो ।

## ३. सवल पक्ष

- यसले विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउने,
- क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने,
- विद्यार्थीहरूको सक्रियता बढाउने,
- सिकाइलाई थप उत्प्रेरित बनाउने,
- शारीरिक र मानसिक दुबै रुपले फाइदा हुने ।

## ४. अवसरहरू

- सामुहिक उत्तरदायित्वको भावना,
- क्षमता वृद्धि हुने सम्भावना,
- खेलकुदमा भागा लिने अवसर,
- गीत, कविता, वक्तृत्वकला जस्ता विधामा भाग लिने अवसर,
- सिकाइलाई थप उर्जाशील बनाउन सकिने अवसर प्राप्त हुने सम्भावना

## ५.भावी कार्ययोजना

- यस क्याम्पसको उत्थानको निमित्त अतिरिक्त क्रियाकलाप अन्तर्गत इन्डोर र आउटडोर दुई किसिमका गतिविधि सञ्चालन गर्ने,
- अतिरिक्त क्रियाकलाप गतिविधिद्वारा विद्यार्थीहरूलाई सक्रिय गराउँदै लैजाने,
- प्राध्यापक, कर्मचारी, विद्यार्थी, व्यवस्थापन समिति, पूर्व विद्यार्थी समाज र यस संस्थाप्रति झुकाव राख्ने संसारभर छरिएर रहेका सरोकारवालाहरूसँग समेत अन्तरक्रिया गर्ने ।

# पूर्वाधार निर्माण तथा व्यवस्थापन समिति

संयोजक
पोष्टराज लामिछाने

## १. पृष्ठभूमि (Background)

तेह्रथुम क्याम्पस शिक्षण सिकाइ तथा अनुसन्धानका क्षेत्रमा उत्कृष्टता प्राप्त गर्ने लक्ष्यका साथ अघि बढिरहेको शैक्षिक संस्था हो। क्याम्पसको दीर्घकालीन विकास र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न भौतिक पूर्वाधारको संरक्षण, मर्मत, विकास र व्यवस्थापन अत्यावश्यक छ।वर्तमान भौतिक पूर्वाधारहरूको नियमित मर्मतसम्भार, स्तरोन्नति र नयाँ संरचनाको निर्माण तथा व्यवस्थापन गर्नका लागि एक विशेष समिति आवश्यक परेको सन्दर्भमा "पूर्वाधार निर्माण तथा व्यवस्थापन समिति" गठन गरिएको हो।यस समितिले क्याम्पसको भौतिक पूर्वाधारको समग्र स्थितिको मूल्याङ्कन गर्दै, आवश्यक योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने तथा अनुगमन गर्ने प्रमुख जिम्मेवारी वहन गर्नेछ। भौतिक पूर्वाधारलाई दिगो, सुरक्षित, आकर्षक तथा वातावरणमैत्री बनाउन समिति सक्रिय रहनेछ। समितिको सक्रियता, योजनाबद्धता, पारदर्शिता र कार्यकुशलताले क्याम्पसको सेवा स्तर उकास्न तथा क्याम्पस वातावरणलाई अझ समुन्नत बनाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## २. उद्देश्य (Objectives)

- क्याम्पसका सबै भौतिक संरचनाहरूको समयानुकूल मर्मत सम्भार तथा स्तरोन्नति गर्नु,
- नयाँ पूर्वाधार निर्माण सम्बन्धी योजना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्नु,
- भौतिक पूर्वाधारको संरक्षण, सौन्दर्यीकरण र वातावरणीय व्यवस्थापनमा सहयोग गर्नु,

## ३. कार्य प्रगति

- चमेना गृह तथा क्याम्पस प्रमुखको आवास सम्बन्धी शौचालय मर्मत
- चमेना गृह र क्याम्पस प्रमुख आवासतर्फ जाने बाटोको ढलान निर्माण गरिएको,,
- प्रशासनिक भवन अगाडि गार्डेनिङ तथा हरियाली प्रवर्द्धन गरिएको,
- प्रशासनिक भवनदेखि चमेना गृहसम्मको वाक वे ढलान गरिएको
- खानेपानी शुद्धीकरण प्रणाली (फिल्टर) जडान गरिएको,
- पुरानो शिक्षण भवनको मर्मत सम्भार र रङ्गरोगन कार्य गरिएको,
- प्रशासनिक भवनभित्र शौचालय मर्मत तथा नयाँ ढोका निर्माण गरिएको,
- निर्माणाधीन शैक्षिक भवनहरूको अनुगमन तथा व्यवस्थापन गरिएको,
- आठराई गाउँपालिका तथा कोशी प्रदेश सरकारको सहयोगमा निर्माण भइरहेको प्रशासनिक भवनको अनुगमन तथा व्यवस्थापन गरिएको।

## ४. समिति :

| | |
|---|---|
| श्री पोष्टराज लामिछाने | – संयोजक |
| श्री दीपकराज उप्रेती | – सदस्य |
| श्री गणेश विमली | – सदस्य |
| श्री नारद आङहाङ | – सदस्य |
| श्री नरेश पाल | – सदस्य |

## ५.निष्कर्ष

तेह्रथुम ब. क्याम्पसको भौतिक पूर्वाधारको मर्मत संभार, विकास र व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन गठन गरिएको पूर्वाधार निर्माण तथा व्यवस्थापन समितिले क्याम्पसको आवश्यकतालाई मध्यनजर गरी योजना बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी वहन गर्नेछ । समितिले पारदर्शिता, गुणस्तर र समयसीमा पालनालाई प्राथमिकता दिँदै क्याम्पसको भौतिक पूर्वाधारलाई सुदृढ र आकर्षक बनाउने लक्ष्य राखेको छ।

# छात्रवृत्ति छनौट समितिको वार्षिक प्रतिवेदन

**सदस्य सचिव**
**लोकेन्द्र सिटैला**

## १. परिचय

विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी कार्य, व्यवस्थापन प्रणाली २०६७ को परिच्छेद ४ को उपदफा १ बमोजिम क्याम्पस विद्यार्थी कल्याण प्रमुखको व्यवस्था भएको छ। सोही व्यवस्थाअन्तर्गत तेह्रथुम बहुमुखी क्याम्पसमा २०६९ असोज १२ देखि विधिवत रुपमा यो निकाय प्रमुखको व्यवस्था हुँदै आएको छ।

## २. क्रियाकलाप

- २०८१ मङ्सिर २३ मा छात्रवृत्ति वितरणसम्बन्धी कार्यक्रम सम्पन्न
- UGC बाट यस क्याम्पसमा स्नातक तह वि.ए वि.एड्. र विविएस तिन वटै संकायमा अध्ययनरत प्रथम वर्षका १२ जना विद्यार्थीहरूले जनही १५००० का दरले छात्रवृत्ति प्राप्त गरेका,
- दाताहरूको आफ्नै हातबाट वितरण गरिने छात्रवृत्ति ६ जना विद्यार्थीहरूले नगद ३२ हजार पुरस्कारस्वरुप छात्रवृत्ति प्राप्त गरेका,
- दाताहरूले राखेको कोषको ब्याजबाट सबै संकाय र तहमा अध्ययनरत १४ जना विद्यार्थीहरूले नगद ५९ हजार पुरस्कारस्वरुप छात्रवृत्ति प्राप्त गरेका,
- त्रिविको नियमअनुसार यस क्याम्पसका कूल विद्यार्थीमध्ये २० प्रतिशत विद्यार्थीहरूले पुरुष जेहन्दार, महिला जेहन्दार, नि:शुल्क र अर्ध नि:शुल्क शीर्षकमा नगद १ लाख ६ हजार छात्रवृत्ति प्राप्त गरेका,

## ३. भावी योजना

- विशेष क्षमता भएका विद्याथीहरूलाई विशेष प्राथमिकता दिइने छ ।
- सहिद परिवार, लोपन्मुख र अति विपन्न विद्यार्थीहरूको पहिचान गरी छात्रवृत्ति वितरण गर्दै जाने।
- दाताहरूको खोजी गरी छात्रवृत्ति कोष वृद्धि गर्दै लैजाने।

# SchoaLarships Provided from the Campus

In the Campus, apart from the schoaLrships provided by T.U., many schoaLrships are provided to the competent, *Dalit* and *Janajati* students. The following table shows the detail about schoaLrships and their donors:

| **S.N.** | ***Schoalarship name*** | **Total fund (in Rs.)** | **Estd. year B.S.** | **Donor of SchoaLrships** |
|---|---|---|---|---|
| 1 | Bishnu Thapaliya Schoalarship Fund | 50000 | 2044 /2079 | Bhanu Prasad Thapaliya Son Dr. Roshan Thapaliya |
| 2 | Meharman Scholraship Fund | 25000 | 2052 | Kul Bahadur Khadka |
| 3 | Laxmi-Tara Scholarship Fund | 100000 | 2063 | Laxmi Prasad Upreti<br>Late Tara Upreti |
| 4 | Swarna Mahotsab Scholarship Fund | 100000 | 2068 | All the Lecturers of TMC (2068) |
| 5 | Golden Jubilee Scholarship Fund | 50000 | 2068 | All the Administrative staff of TMC (2068) |
| 6 | Ganga-Geha Scholarship Fund | 199000 | 2068 | Purusottam Mishra and Shastika Mishra |
| 7 | Bhakta Raj Samyak Scholarship Fund | 50000 | 2068 | Bhakta Raj Samyak |
| 8 | Ganga Prasad Aacharya Memorial Fund | 50000 | 2068 | Gauri Prasad Aacharya<br>and his brothers |
| 9 | Devaka Memorial Scholarship Fund | 50000 | 2068 | Rewati Thapaliya and his brothers |
| 10 | Puspalila Memorial Memorial Scholarship | 10,1000 | 2068 | Chhabilal Thapiliya and his sons |
| 11 | Ganga Maya Dangi oli Memorial Scholarship | 200000 | 2076 | Yagya Prasad Oli |
| 12 | Bhanu Prasad Thapaliya Memorial Scholarship Fund | 50000 | 2079 | Bhanu Prasad Thapaliya son Dr. Roshan Thapaliya |
| 13 | Bhuwan Mahani Thapaliya Memorial Scholarship | 50000 | 2079 | Bhanu Prasad Thapaliya son Dr. Roshan Thapaliya |
| 14 | Lok Nath Thapaliya Memorial Scholarship Fund | 50000 | 2068 | Narendra and Bharat Thapaliya |
| 15 | Haricharan Memorial Scholarship | 50100 | | Laxmi Devi and Mana Maya Sitaula |

| | | | | |
|---|---|---|---|---|
| 16 | Bhola Nath Memorial Scholarship Fund | 50100 | | Dili Ram Sitaula |
| 17 | Krishna katuwal Fund | 7000 | 2068 | Krishna katuwal |
| 18 | Dharani Dhar Neupane Memorial Scholarship Fund | 150000 | 2079 | Son/daughter of Dharani Dhar Neupane |
| 19 | Sherpa Kaila Memorial Scholarship Fund | 50000 | 2071 | Laxmi, Tara Upraty |
| 20 | Ganga Bahadur Acharya Memorial Schoalrship Fund | 50000 | 2068 | Gauri Prasad Acharya and Ten Brothers |
| 21 | Singharaj Tamang Memorial Schoalrship Fund | 102500 | 2080 | Kamala Tamang |
| 22 | Muktinath Harimaya Siwakoti Scholarship Fund | 12000 per year | 2080 | Siwakoti Family |

# पुस्तकालय शाखाको वार्षिक प्रतिवेदन

## पृष्ठभूमि :

कलेजको स्थापनाकालसँगै अध्ययन, अध्यापन र अनुसन्धान गर्न शिक्षक, विद्यार्थी र कर्मचारीहरूलाई पुस्तकालयको आवश्यकता परे तापनि तात्कालीन समयमा विद्यार्थी सङ्ख्या कम, आर्थिक अवस्था तथा भौतिक संरचना न्यून भएको कारणले पुस्तकालयको छुटै व्यवस्था नगरी क्याम्पस प्रशासनको कक्षबाटै विद्यार्थीहरूलाई पुस्तक उपलब्ध गराइन्थ्यो । त्यस समयमा पनि क्याम्पस प्रशासनको कक्षबाट नै पुस्तक लिनेदिने कार्य भएको थियो । पछि शैक्षिक संस्थाको लागि अध्ययन र चिन्तन मनन गर्ने मुख्य केन्द्र शैक्षिक पुस्तकालय ठानी शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने दाता श्री सीताराम प्रसाईद्वारा विं.स.२०४७ सालमा निर्मित भानुलाल हरिलाल स्मृति पुस्तकालये भवनबाट पुस्तकालय सम्बन्धी कार्य सञ्चालन भइरहेको छ। त्यसैगरी विं.स.२०६८ मा भक्तराज पुस्तकालय भवन समेत निर्माण भएता पनि उक्त पुस्तकालयमा पाठयक्रम बाहेकका पुस्तकहरू मात्र रहेकाले त्यसलाई व्यवस्थित र्गन सकिएको छैन । तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय निर्देशिका –२०७९ अनुसार पुस्तकालय व्यवस्थापन तथा विकास समिति गठन गर्न वान्छनीय देखिएकाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०(२०७३/२० सम्मको संसोधन सहित) को परिच्छेद १० नियम ४४ ले दिएको अधिकार प्रयोग गरी यस क्याम्पसले निर्देशिका बनाई कार्यान्वयमा ल्याएको छ। हाल यस पुस्तकालय शाखामा तपसिलका कर्मचारीबाट पुस्तकालयको सेवा सञ्चालन भइरहेको छ।

१.अम्बिकादेवी चुडाल — मुख्य कार्यालय सहायक
२. महेन्द्र थपलिया — कार्यालय सहायक

तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय व्यवस्थापन तथा विकास समिति –२०८० मा ७ सदस्यीय समिति भएकामा मिति (२०८०/०८/२५ को प्रथम बैठकबाट तपसिल बमोजिमको समिति रहेको छ।

१) संयोजक – श्री गोविन्दकुमार सुवेदी– विभागीय प्रमुख,
२) सदस्य–श्री पूर्णकुमारी रोका– शिक्षक प्रतिनिधि,
३) सदस्य सचिव-श्री अम्विकादेवी चुडाल– पुस्तकालय शाखा प्रमुख

### पुस्तकालयका पुस्तक तथा पत्रपत्रिकाहरूको मौजुदा अवस्था

| क्र.स | विवरण | परिमाण | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | अल्या - २०७९/०८० सम्म खरिदबाट प्राप्त पुस्तक सङ्ख्या | ९०९८ थान | | ९८४१ थानमध्ये धमिराबाट नष्ट ८२७ थान घटाइ २०७९/०८० मा ८४ थान थप ( ९०९८ थान) |
| २ | आ.व. २०८०/०८१ | १६६ थान | ८७९४२।– | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | ९२६४थान | | |
| **३** | अल्या २०७९/०८० उपहारबाट प्राप्त पुस्तक सङ्ख्या | ९६ थान | | |
| **४** | आ. व. २०८१ मा उपहारबाट प्राप्त पुस्तक सङ्ख्या<br>जम्मा | १३४ थान<br>२३० थान | ३६६०२ | |
| **५** | अल्या<br>प्रणयन वर्ष १(२०५५) अङ्क १<br>प्रणयन वर्ष २(२०५६) अङ्क २<br>प्रणयन वर्ष (२०५९) अङ्क ३<br>प्रणयन वर्ष १२(२०७०) अङ्क ४<br>प्रणयन वर्ष १६(२०७४) अङ्क ५<br>प्रणयन वर्ष २१(२०७९) अङ्क ६ | २५ थान | | त्रि.वि. प्राध्यापक संघ एकाइ समिति तेह्रथुम बहुमुखी क्याम्पस |
| **६** | आ. व .२०८०/०८१ प्रणयन<br>अङ्क ७ | १० थान<br>३५ थान | | |
| **७** | अल्या<br>आठराई आवाज (२०६६) | १३ थान | | ने.प्र.प्रा संगठन तेह्रथुम बहुमुखी क्याम्पस |
| **८** | अल्या<br>साहित्यिक पत्रिका B.A3rd | ४६ थान | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ९ | क) अल्या<br><br>साहित्यिक प्रतिवेदन B.ed 2nd<br><br>आ.व.साहित्यिक प्रतिवेदन B.ed 2nd<br>२०८०/०८१ | १३३ थान<br><br>४ थान<br><br>१३७ थान | | |
| १० | अल्या<br>T.M.C. Research journal vol.1 -२०१७) | १३ थान | | |
| ११ | अल्या<br>T.M.C. Research journal vol.2<br>(२०१८) | २३थान<br><br>३६ थान | | |
| १२ | स्मारिका (स्वर्णमहोत्सव, २०६८) | ३० थान | | |
| १३ | अल्या प्रलेस | ३० थान | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | अल्या ब्लास्ट | १०० थान | | |
| १५ | अल्या अन्य पत्रपत्रिका (२०८०/०८१) | २०० थान<br>५ थान | | |
| १६ | T.U journal | १२ थान | | |
| १७ | अल्या स्नाकोत्तर  थेसिस अनुसन्धान<br>स्नाकोत्तर  थेसिस अनुसन्धान ( २०८०/०८१) | १० थान<br>१ थान | | |
| १८ | अल्या आलेख<br>आलेख (२०८० /०८१) | ५० थान<br>८ थान<br>५८ थान | | |
| १९ | T.U बुलेटिन | ३ थान | | |
| २० | कान्तिपुर दैनिक पत्रिका | १४० थान | | २०५७ देखि सुरुवात २०७१ सालमा बन्द भएको |
| २२ | गोरखापत्र | १८५ थान | | २०५९/०४ देखि सुरु २०७७/११सालमा बन्द भएको |
| | भौतिक सामाग्री | | | |
| २३ | काठको किताब राख्ने ऱ्याक | २९ थान | | |
| २४ | स्टिलको किताब राख्ने ऱ्याक | ६ थान | | |
| २५ | स्टिलको किताब राख्ने दराज | १ थान | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | काठको दराज | १ थान | | |
| २७ | टेवल (स्टिल) | २ थान | | |
| २८ | बेन्च टेवल (रिडिङ् रुम) | २ थान | | |
| २९ | कुर्सी | ३ थान | | |

**उपलब्धी**

१) पुस्तकालय व्यवस्थापन समितिमा ३ सदस्य मात्र भएकोले बैठक बसी तत्काल कार्य योजना बनाइ काम गरिएिको ।

२) EMIS सम्बन्धी छलफल गर्ने अवसर सिर्जना भयो।

३) पुस्तकालयमा नयाँ कम्प्युटर प्राप्त भए सँगै सफ्टवेरमा पुस्तक दर्ता गरी Bar code टाँसिएको ।

४) सफ्टवेरमा पाठ्यपुस्तक तथा अन्य पुस्तकहरू गरी जम्मा ८५०० थान दर्ता गरिएको ।

५) यस आर्थिक वर्षमा खरिद तथा उपाहारबाट प्राप्त ३०० थान पुस्तकहरू थपिएको।

६) सफ्टवेरबाट पुस्तक लेनदेन कार्य अगाडि बढाउन थालिएको।

**भावी कार्ययोजना**

१) पुस्तकालय सम्बन्धी अभिमुखीकरण तालिम वा कार्यक्रम सञ्चालन गर्ने,

२) Barcode reading mechine को व्यवस्था गर्ने ,

३) पुराना भन्दा पुराना पुस्तकहरू थन्क्याउने ठाउँ वा र्‍याकको व्यवस्थापन गर्ने,

४) केही पुस्तकहरू वाइन्डिङ गर्ने,

५) सबै विद्यार्थीहरूलाई सेटै पुस्तक दिने व्यवस्था मिलाउने,

## पुस्तकालयको नियम

१) पुस्तकालयमा १०.३० बजेदेखि ३.३० बजेसम्म पुस्तक लेनदेन हुनेछ।

२) विद्यार्थी, शिक्षक र कर्मचारी यस पुस्तकालयको सदस्य हुनेछन्।

३) सदस्य कार्ड बनाई आधिकारिक रुपमा दर्ता गरेपछि मात्र पुस्तक पाइने छ।

४) साधारणतया विद्यार्थीहरूलाई एक पटकमा २ वटा पुस्तक १५ दिनको लागि प्रयोग गर्न दिइने छ।

१५ दिनभित्र नबुझाएमा दिनको रु.१ का दरले विलम्बशूल्क तिर्नु पर्ने व्यवस्था छ।

५) सदस्यहरूले लगेको पुस्तकहरू च्यातिएमा वा हराएमा नयाँ पुस्तक ल्याउनु पर्ने वा पुस्तक नल्याएमा दोब्बर दस्तुर तिनुपर्ने छ।

६) पुस्तकालयको हाताभित्र धुम्रपान सेबन साथै खराब शब्द बोल्न र लेख्न मनाही छ।

## निष्कर्ष

तेह्रथुम बहुमुखी क्याम्पस २०१७ सालमा स्थापना भएको ऐतिहासिक संस्था हो । सुरुमा विद्यार्थीहरूका शैक्षिक समस्यालाई सामान्य रुपमा काम चलाउ गर्न प्रशासनको कक्षबाटै पुस्तक उपलब्ध गराउदै आए तापनि विधिवत रुपमा विं.स.२०४७ सालमा छुट्टै पुस्तकालय भवन निर्माण भएकाले त्यस पछाडि मात्र पुस्तकालयबाट सदस्यलाई सेवा दिँदै आएको छ । समयको विकासक्रमस'गै पाठयक्रम परिवर्तन भइराख्ने र पुस्तक थप गर्दै जाँदा पुराना पुस्तक र पत्र–पत्रिकाहरूको थुप्रो बड्दै गएकाले अव्यवस्थित देखिएको छ । आधुनिक भवन, र न्याक, दराज जस्ता विभिन्न भौतिक सामाग्रीहरूको अभाव भएतापनि यस आर्थिक बर्षमा EMIS सम्बन्धी छलफल गरी सोही सफ्टवेरमा ८५०० पुस्तक दर्ता गरी बारकोड टाँसिएको छ। अब इ– पुस्तकालयकको पहुँच शिक्षक, कर्मचारी र विद्यार्थी वर्गमाहरूमा छिटो छरितो सहज बनाउन पुस्तकालयको प्रयत्नरत रहेको छ।

# महिला छात्रावासको प्रतिवेदन

**धर्मराज गौतम**
महिला छात्रावास  वार्डेन

## १.परिचय

वि.सं. २०१७ साल जेठ २१ गते यो क्याम्पसको स्थापना भएको  हो। सुरुमा वीरेन्द्र इन्टर कलेजको नामबाट स्थापित यो क्याम्पस वि.सं.२०३७ सालमा तेह्रथुम क्याम्पसका रुपमा रुपान्तरित भएको र  २०६३ साल कात्तिक २६ गतेदेखि तेह्रथुम बहुमुखी क्याम्पसका रुपमा रहेको छ। तात्कालीन मेची र कोशी अञ्चलका पहाडी जिल्लाहरू तेह्रथुम, पाँचथर र ताप्लेजुङका विद्यार्थीलाई उच्च शिक्षा दिने उद्देश्य राखेर सीमित भौतिक सामग्री र मानवीय स्रोत साधनबाट सुरुवात भएको यो क्याम्पसमा २ वटा छात्रवास रहेकोमा १ वटा कच्ची महिला छात्रावास पनि रहेको छ। कूल ३२ जना छात्रा बस्न मिल्ने गरी निर्माण गरिएको यस महिला छात्रावासमा जम्मा ८ वटा कोठा रहेका छन्। प्रत्येक कोठामा ४ वटा खाट र टेवलको व्यवस्था गरिएको छ। छात्रावासमा बस्ने प्रत्येक विद्यार्थीलाई क्याम्पस प्रशासनले थाल, बटुका र गिलास १/१थान उपलब्ध गराएको छ। हाल यस छात्रावासमा १८ जना विद्यार्थी बसोबास गर्दै आएका छन्। प्रति विद्यार्थीबाट शूल्कवापत वार्षिक रु.१५० र धरौटीबापत रु.२०० लिने व्यवस्था गरिएको छ। अध्ययन पूरा भएका विद्यार्थीले उनीहरूले लिएका सामान फिर्ता गरी धरौटीबापतको रकम फिर्ता लिने चलन छ। हाल महिला छात्रावासमा तेहथुम क्याम्पस जिन्सीशाखाले उपलब्ध गराएको समानहरूको विवरण तपसिल बमोजिम उल्लेख गरिएको छ ।

| **क्र.स.** | **सामानको विवरण** | **एकाइ** | **कैफियत** |
|---|---|---|---|
| १ | खाट | २८ थान | |
| २ | साइनबोर्ड | २ थान | |
| ३ | बेञ्च | १ थान | |
| ४ | डेक्स | १थान | |
| ५ | गाग्री | २ थान | |
| ६ | प्रेसर कुकर | २ थान | १थान ( ५ लिटर)<br>१ थान ( ३ लिटर) |
| ७ | चुलेसी | १ थान | |
| ८ | कराही | २ थान | १ 7"nf, १ सानो |
| ९ | भाँडो | २ थान | |
| १० | स्टिलको आरी | १ थान | |
| ११ | ग्याँस सेट | १ सेट | |
| १२ | कुक र्‍याक | ७ थान | |

| | | | |
|---|---|---|---|
| **१३** | टेबल | ७ थान | |
| **१४** | कुर्ची | ६ थान | काठको कुर्ची |
| **१५** | चियादानी | १ थान | |
| **१६** | ड्रम ५०० लिटर | १ थान | |
| **१७** | ड्रम १०० लिटर | १ थान | |
| **१८** | सोलार सेट | १ थान | पाता, व्याट्री, वल्ब (९ वटा) |
| **१९** | डाडु पन्यूँ | १,१ थान | |

१ कोठामा ४ जना बस्न मिल्ने गरी तयार पारिएको यो भवनको निर्माण स्थानीय शिक्षाप्रेमी लक्ष्मीप्रसाद उप्रेती, पार्वतीरमण उप्रेती, डा. शंकर उप्रेती र डा. वेदप्रकाश उप्रेतीले निर्माण गरिदिएका हुन्। स्वर्गीय पिता मेदनीप्रसाद उप्रेती र माता स्वर्गीय टीकादेवी उप्रेतीको पुण्य स्मृतिमा ३ छोराहरू लक्ष्मीप्रसाद, पार्वतीरमण र डा. शंकर उप्रेती साथै नाति वेदप्रकाश उप्रेतीको २,००,०००। (अक्षरेपि दुई लाख) रुपैयाँको लगानीमा यो भवन निर्माण भएको हो। यो भवन २०४८ सालदेखि निर्माण थालेर २०४९ वैशाख २७ गते तात्कालीन नेपाल सरकारका प्रधानमन्त्री स्व.गिरिजाप्रसाद कोइराला यस क्याम्पसमा आएको बखत यस छात्रावासको समुद्धघाटन भएको र त्यसैदिन तेह्रथुम बहुमुखी क्याम्पसलाई हस्तान्तरण गरिएको थियो । यस छात्रावासमा खाना पकाउनका लागि भिन्नै कच्ची भान्साघर पनि रहेको छ । सुरु–सुरुमा यस छात्रावासमा खाना बनाइदिनका लागि क्याम्पसले एक जना महिला कर्मचारीलाई भान्सेका रुपमा खटाउने गरेकोमा अहिले विद्यार्थी आफैँ खाना बनाएर खाने गर्दछन् । पहिले–पहिले दाउराको भरमा खाना बनाउनु पर्नेमा हाल क्याम्पसले सिलिण्डर ग्याँस चुलो उपलब्ध गराएको छ। २०४९ देखि २०६५ सम्म टुकी /लालटिनको सहारामा पढ्नु पर्ने वातावरण रहेको यस छात्रावासमा २०६५/०६६ सालदेखि माननीय सुशीला कन्दङ्वा (क. बर्षा) को पहलमा सोलार पाता र बत्ती जडान गरिएको छ। हाल केन्द्रीय प्रसारणबाट विद्युत जडान गरिएको छ । यस छात्रावासको वरिपरी ढुङ्गमाटाको गाह्रो लगाएर कम्पाउन्ड सुरक्षित गरिएको छ। यसलाई अझ व्यवस्थित गर्न गाह्रोको माथिबाट काँडेतार हुनु आवश्यक छ। खानेपानी तथा चर्पीको उचित व्यवस्था रहेको यस छात्रावासमा पढ्नका लागि राम्रो वातावरण रहेको छ । वरिपरि शान्त वातावरण, धूपी सल्लाको सुसेलीको आवाज र हरियाली वातावरण रहेकोले विद्यार्थीलाई पढ्न उत्साह प्रदान गर्दछ।

## २. क्रियाकलाप

- छात्रावासमा  छात्राहरू सौहार्द्धपूर्ण वातावरणमा बस्ने, पढ्ने र हामी एकाघरका परिवार हौँ भन्ने भावना रहेको छ।
- छात्रावासको रेखदेख एवं समस्या बुझ्नका लागि क्याम्पसबाट होस्टल वार्डेनको व्यवस्था गरेको छ।
- विद्यार्थीका समस्याहरूमध्ये सानातिना समस्या विद्यार्थी आफैँले समाधान गर्ने प्रयास गर्दछन् भने विद्यार्थीको पहुँचभन्दा माथिका समस्याहरु आएमा होस्टल व्यवस्थापन समितिको बैठकबाट होस्टल वार्डेनलाई समस्या जाहेर गर्दछन् र होस्टल वार्डेनले क्याम्पस प्रशासन समक्ष ती कुराहरू उठाउने गरेको पाइन्छ।
- क्याम्पसभित्र हुने विद्यार्थीका कार्यक्रम (जस्तैः श्रीपञ्चमी, स्वागत, बिदाइ) आदि हुँदा त्यहीँबाट प्रसाद, चिया नास्ता बनाउने र त्यसमा विद्यार्थीहरू नै  सक्रिय हुन्छन्।

- यसका अतिरिक्त होस्टलभित्र पनि अन्ताक्षरीका कार्यक्रम, हिज्जेका कार्यक्रम, हाजिरीजवाफ जस्ता कार्यक्रमहरू पनि समय –समयमा हुने गरेको छ।

## ३. समिति गठन

महिला छात्रावासको सञ्चालनका लागि छात्रावासमा बस्ने विद्यार्थी भित्रैबाट एउटा समिति निर्माण गरिएको छ। जसले छात्रावासभित्र रहेका समस्याको समाधान निकाल्ने प्रयास गर्दछन् र आवश्यकताअनुसार समय समयमा बैठक बस्ने गर्दछन्। आफूद्वारा समाधान हुने विषयवस्तु विद्यार्थी माफ्रबाटै सकापन गर्दछन् भने आफँूबाट समाधान हुन नसकेको विषयवस्तुका बारेमा होस्टल वार्डेनलाई रिपोर्ट गर्दछन् भने होस्टल वार्डेनले क्याम्पस प्रशासनसमक्ष ती समस्या जाहेर गरी समाधानका उपाय अवलम्बन गर्न पहल गर्ने गरिन्छ। छात्रावासमा बस्ने विद्यार्थीहरूबाट बनेको समिति निम्नानुसार रहेको छ।

| | |
|---|---|
| १. रीना घतानी | अध्यक्ष |
| २. नवीना घिमिरे | सदस्य |
| ३. सञ्जु कालिकोटे | सदस्य |
| ४. विमला गुरुङ | सदस्य |
| ५. माधवा नेपाली | सदस्य |
| ६. दुर्गा कार्की | सदस्य |
| ७. मेनुका विष्ट | सदस्य |

## ४. आचारसंहिता निर्माण र कार्यान्वयन

होस्टल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आचारसंहिता निर्माण गरिएको छ। आचारसंहिता लागू गर्नका लागि छात्रावासभित्र बस्ने बिद्यार्थीहरूमध्येबाट एउटा स्वतन्त्र समिति निर्माण गरिएको छ र त्यो समितिले निर्माण गरेको आचारसंहितामा सम्पूर्ण विद्यार्थी सहमत हुने गरेका छन्। होस्टलमा बस्ने विद्यार्थीहरूका लागि छात्राहरूले पालना गर्नुपर्ने नियम भनेर होडिङ बोर्ड नै छात्रावासभित्र टाँगिएको छ।

## ५. उपलब्धि

क) भान्साघर व्यवस्थित गर्न ढलान गरिएको,

ख) भवनको भित्र बाहिर रङ रोगन गरिएको,

ग) छात्रावास जाने बाटो ढलानसहित निर्माण गरिएका,

घ) छात्रावासको शौचालयको प्यान पविर्तन गरिएको,

ङ) छात्रावास वरिपरी बगैँचाको निर्माण गरिएको,

च) छात्रावास वरिपरी कम्पाउण्ड वाल व्यवस्थापन गरिएको,

छ) छात्रावासमा बस्ने विद्यार्थीहरुमा पठन संस्कृतिको विकास भएको,

ज) छात्रावासमा बिजुलीबत्तिको उचित व्यवस्था गरिएको

## ६. कमजोर पक्षहरू

क) मूल गेटको ढोका कच्ची हुनु,

ख) महिला वार्डेन नहुनु,

## ७. भावी योजना

यस छात्रावासलाई अझ व्यवस्थित एवम् भयरहित वातावरणमा सञ्चाल गर्नका लागि निम्न कार्य अगाडि बढाउने भावी योजना रहेका छन्ः

- कम्पाउण्ड वालको माथिबाट काँडेतार बार लगाउने,
- महिलामैत्री वाथरुम र खानेपानीको धारा निर्माण गर्ने,
- महिला वार्डेन राख्न पहल गर्ने साथै महिला वार्डेन बस्नका लागि होस्टल भित्रै व्यवस्था गर्ने,
- अतिरिक्त क्रियाकलाप थप गर्दै जाने,
- दैनिक अध्ययन कार्यतालिका निर्माण गरी त्यसको प्रभावकारी कार्यान्ययन गर्ने आदि

## ८. निष्कर्ष

पूर्वी पहाडी जिल्लाको पुरानो क्याम्पस  तेह्रथुम बहुमुखी क्याम्पसको महिला छात्रावास २०४९ वैशाख २६ गते क्याम्पसको स्वामित्वमा आएपछि धेरै छात्रा विद्यार्थीहरू यस छात्रावासमा पढेर उच्च शिक्षा हाँसिल गरेर गइसकेका छन् भने पढाइको सिलसिलामा हाल पनि छात्राहरू बसिरहेका छन् । यस छात्रावासमा जम्मा ३२ जना विद्यार्थी बस्न सक्ने क्षमता रहेको छ। टाढा टाढाबाट आउने विद्यार्थीहरूलाई पहिलो प्राथमिकता दिने गरिएको छ।

# पुरुष छात्रवासको प्रतिवेदन

**ईश्वरीप्रसाद डाँगी**
**होस्टल वार्डेन**

## १.परिचय

वि.सं. २०१७ साल जेठ २१ गते स्थापना भएको तेह्रथुम बहुमुखी क्याम्पले विद्यार्थीहरूको उच्च व्यावसायिक शिक्षा प्राप्तिमा योगदान पुऱ्याउँदै आएको छ। सुरुमा वीरेन्द्र इन्टर कलेजको नामले चिनिने यो क्याम्पस २०३७ सालमा तेह्रथुम क्याम्पसका रूपमा रुपान्तरण भई, २०६३ सालदेखि तेह्रथुम बहुमुखी क्याम्पसको नाममा स्थापित छ। तात्कालीन मेची र कोशी अञ्चलका पहाडी जिल्लाहरू तेह्रथुम, पाँचथर र ताप्लेजुङका विद्यार्थीलाई उच्च शिक्षा दिने उद्देश्य राखेर सीमित भौतिक सामग्री र मानवीय स्रोत साधनबाट सुरुवात भएको यो क्याम्पसमा २ वटा छात्रवास रहेकोमा १ वटा कच्ची पुरुष छात्रावास पनि रहेको छ। छात्रवासमा ८ वटा कोठा रहेका छन्, जसमा प्रत्येक कोठामा ४ खाट, २ टेबल, र प्रत्येक छात्रका लागि आवश्यक थाल, गिलास, र अन्य भाँडाकुँडा क्याम्पस प्रशासनबाट उपलब्ध गराइएको छ। छात्रवासमा बस्ने विद्यार्थीलाई वार्षिक रु. १५० शुल्क र रु. २०० धरौटी लिइन्छ, जुन अध्ययन पूरा भएपछी छात्रले फिर्ता पाउँछन्।

## २.छात्रवासका सामग्रीहरू

छात्रवासमा क्याम्पस जिन्सीशाखाले उपलब्ध गराएका केही सामग्रीहरू निम्नानुसार छन्:

| | |
|---|---|
| टेबलकम चियर | ९ थान |
| बेञ्च | २ थान |
| खाट | ११ थान |
| काठको ऱ्याक | ३ थान |
| ठुलो टेबल | ९ थान |
| काठको कुर्सी | १ थान |
| ५०० लिटरका | २ थान ड्रम |
| १५० लिटरको ड्रम | १ थान |

अन्य भान्साका सामग्रीहरू जस्तैः ग्यास, सिल्भरको कराही, चियादानी, ड्याक्ची, प्रेसर कुकुर, पन्यु, चुलेसी, आदि

यो छात्रवासको भवन २०४१ सालमा जिल्ला पञ्चायतको सहयोगमा निर्माण गरिएको हो, जहाँ विद्यार्थीहरू खाना आफैं पकाउँछन्। खाना पकाउनका लागि पहिले दाउराको प्रयोग भए पनि, अहिले सिलिन्डर ग्यास चुलो उपलब्ध गराइएको छ।

## ३.क्रियाकलाप

- छात्रवासमा बस्ने विद्यार्थीहरूबीच सौहार्दपूर्ण वातावरणमा विभिन्न कार्यक्रमहरू, जस्तै अन्ताक्षरी, हिज्जे प्रतियोगिता, हाजिरीजवाफ आदि हुने गरेका।
- क्याम्पसका विभिन्न कार्यक्रममा प्रसाद, चिया, नास्ताको व्यवस्थापनमा छात्रहरू आफैं सहभागी हुने गरेका।

## ४.समिति र बैठक

छात्रवास सञ्चालनका लागि विद्यार्थीहरूको आन्तरिक समिति बनाइएको छ, जसले सानातिना समस्याहरू समाधान गर्छ भने जटिल समस्याहरू होस्टल वार्डेनलाई जानकारी गराएर समाधानका लागि पहल गरिन्छ।

## ५.आचारसंहिता

छात्रवासमा बस्नका लागि विद्यार्थीहरूले पालना गर्नुपर्ने नियमहरू समिति मार्फत निर्माण गरिएको आचारसंहितामा समावेश छन्, जुन सबैले पालना गर्न सहमत छन् ।

## ६.सवल पक्षहरू

- छात्रवासमा ३२ जना विद्यार्थी अट्न सक्ने क्षमता ।
- शान्त, स्वच्छ र पढ्न अनुकूल वातावरण ।
- खानेपानी र शौचालयको उचित व्यवस्था ।

## ७.कमजोर पक्षहरू

- छात्रवासको भवन जीर्ण हुँदै गएको
- २०७२ सालको महाभूकम्पले क्षतिग्रस्त बनाएको तल्लो तलाका कोठाहरू प्रयोगविहीन भएको
- बिजुली आपूर्ति अव्यवस्थित हुनु र सोलार प्रणाली बिग्रिएको
- आधुनिक शौचालयको अभाव

## ८.भावी योजना

- छात्रवासको मर्मतसम्भार गर्ने,
- आधुनिक शौचालय, बाथरुम, र खानेपानीको धारा निर्माण गर्ने,
- विभिन्न प्रजातिका फूल रोपेर वातावरण सुन्दर बनाउने गर्ने,
- अतिरिक्त क्रियाकलापको विस्तार गर्ने ,
- नयाँ सुविधासम्पन्न भवन निर्माणको पहल गर्ने,
- आगलागी नियन्त्रणका लागि अग्नी रेखा निर्माण गर्ने,

## ९.निष्कर्ष

तेह्रथुम बहुमुखी क्याम्पसको पुरुष छात्रवासले २०४१ सालदेखि धेरै विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न सहयोग पुर्‍याएको छ। हाल छात्रवास जीर्णावस्थामा रहे पनि, यसलाई सुधार गर्नका लागि विभिन्न योजनाहरू अघि बढाउन आवश्यक छ, जसले गर्दा आगामी दिनमा विद्यार्थीहरूलाई अझ राम्रो वातावरण प्रदान गर्न सकिन्छ।

# Research Management Committee

**Co-ordinator**
**Mr. Ganesh Bimali**

## 1.Introduction

In 2017, Terhathum Multiple Campus took a significant step by establishing its Research Management Committee (RMC) for the first time, led by Dr. Nabin Kumar Sharma as Coordinator. This move supports the university's goals. The RMC is focused on improving faculty research skills, academic writing, journal publications, and providing training related to research. So far, it has published two volumes of the TMC Research Journal and is set to publish in NepJol soon.
The current committee members are as follows:

Co-ordinator: Mr. Ganesh Bimali
Member: Mr.Som Nath Ghimire
Member: Mr. Lokendra Sitaula
Member: Mr. Nidhi Ratna Neupane
Member: Mr. Yogesh Kafle

## 2.Objectives

The main objectives of the committee are as follows:

a. **Prepare Annual Budget**: Develop and seek approval for the annual budget from the campus administration.
b. **Organize Programs**: Conduct short-term and long-term training sessions, workshops, orientation programs, and publish research journals to encourage research activities.
c. **Call for Proposals**: Invite and process mini-research proposals, ensuring their completion and subsequent publication in the journal.
d. **Additional Responsibilities**: Undertake other relevant tasks as needed by the campus.

### 3.Activities of RMC in Terhathum Multiple Campus

- Formulate Research Rule and Policies
- Publication of Research Journal
- Organize Academic/Research Writing Workshop
- Formation of research idea exchange forum and contact person with others institution
- Prepare the required guidelines for journal writing.
- Prepare the guidelines of thesis writing
- Organized thesis writing orientation.
- Knowledge Sharing on MS Office Packag
- To prepare mini- research guideline

### 4. Strengths

- It helps to uplift faculties' research knowledge, skills and career development.
- All faculties are participating in writing and sharing their knowledge and skills.
- Faculties dissemination their knowledge through Mini-research journal publication.
- Organizing academic writing, thesis writing and data analysis workshop.

**5.Threats**

- Lack of sufficient budget to implement the plan.
- Lack of interest in writing, participating and sharing.
- Lack of self-responsibility of learning and research,
- Lack of proper co-operation between faculties and administrative member.
- Difficult to afford the resources persons

## 6.The Future plan of RMC

- Prepare the required guidelines for the papers and mini-research publication.
- Online Journal Publication on NepJol online portal.
- Call for the proposal of mini-research projects.
- Organize thesis and report writing orientation for students.
- Ask for research grants from different institutions (GoN, NGOs, INGOs, Finincial institution and others local organization).
- Organize sharing session, article writing, data analysis facilitation program.
- Collaboration with others institution on research
- Conduct mini research

# त्रिवि प्राध्यापक संघ क्याम्पस एकाइ समितिः संक्षिप्त गतिविधि

**गणेश विमली**
**सभापति,**
**त्रि.वि.प्राध्यापक संघ, क्याम्पस एकाइ समिति**

त्रि.वि. प्राध्यापक संघ, त्रि.वि.मा कार्यरत सम्पूर्ण प्राध्यापकहरूको हक र हितको संरक्षण र प्राज्ञिक उन्नयनमा योगदान पुर्याउने उद्देश्यले वि.सं. २०५८ मा स्थापना गरिएको हो । यस संघले त्रि.वि.का प्राध्यापकहरूको आधिकारिक पेशागत संगठनको रूपमा कार्य गर्दै आएको छ। यसका माध्यमबाट, प्राध्यापकहरूको पेशागत हित र विकासका लागि आवश्यक गतिविधिहरूको आयोजना र प्रवर्द्धन गरिएको छ।

यस क्याम्पसको एकाइ समितिले वि.सं. २०३७ सालदेखि प्राध्यापकहरूको हक र हितको रक्षा गर्न निरन्तर प्रयास गर्दै आएको छ। विभिन्न सिमितिहरूको माध्यमबाट, संघले प्राध्यापकहरूको पेशागत जीवनमा सुधार ल्याउने उद्देश्यले अनेकौं कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। यी कार्यक्रमहरूले शिक्षण र अनुसन्धानमा प्रगति, सामूहिक वार्ता र विचार–विमर्शका अवसरहरू सिर्जना गर्दै प्राध्यापकहरूको क्षमतामा वृद्धि गर्न मद्दत गरेका छन्। संघको उद्देश्य प्राध्यापकहरूको शैक्षिक र प्राज्ञिक उन्नयनमा सहयोग गर्नु हो, जसले गर्दा उनीहरू आफ्नो क्षेत्रमा थप दक्षता हासिल गर्न सक्छन् । यसका साथै, संघले प्राध्यापकहरूको हितमा आवाज उठाउने र तिनीहरूको समस्याहरूको समाधान गर्नका लागि सक्रिय भूमिका खेल्ने कार्यमा संलग्न रहेको छ।

यसरी, त्रि.वि. प्राध्यापक संघले केवल प्राध्यापकहरूको व्यक्तिगत विकासमा सहयोग गर्दैन । यसले त्रि.वि.का सम्पूर्ण शैक्षिक वातावरणको गुणस्तरमा पनि सुधार ल्याउन योगदान पुर्याउँछ।संस्थाका कार्यहरू प्राज्ञिक स्तरमा अभिवृद्धि गर्ने दिशामा महत्वपूर्ण कदम हुन्।

## Name of Teachers of TEMC

| S.N. | Name | Designation | Teaching Subject |
|---|---|---|---|
| 1 | Post Raj Lamichhane | Campus Chief | Accountancy |
| 2 | Dipak Raj Uprety | Ass. Campus Chief | Economics |
| 3 | Lokendra Sitaula | Student Welfare Chief | Poltical Science |
| 4 | Manoj Kumar Chaudari | Reader | English |
| 5 | Nidhi Ratna Neupane | Teaching Assistant | Nepali |
| 6 | Ishwori Prasad Dangi | Teaching Assistant | Economics |
| 7 | Punya Prasad Siwakoti | Teaching Assistant | Population Studies |
| 8 | Chakra Pani Bhattarai | Teaching Assistant | Population Studies |
| 9 | Dharma Raj Gautam | Teaching Assistant | Nepali |
| 10 | Jiban Paudel | Teaching Assistant | Population Studies |

| | | | |
|---|---|---|---|
| 11 | Govinda Kumar Subedi | Teaching Assistant | Political Science |
| 12 | Ganesh Bimali | Teaching Assistant | Population Studies |
| 13 | Som Nath Ghimire | Teaching Assistant | Nepali |
| 14 | Yogesh Kafle | Teaching Assistant | Nepali Education |
| 15 | Purna Kumari Roka | Teaching Assistant | Nepali |
| 16 | Nabaraj Oli | Teaching Assistant | English Education |
| 17 | Saraswati Thapa | Part time | English |
| 18 | Krishna Prasad Niraula | Part time | English Education |
| 19 | Durga Devi Chamlagain | Part time | Curriculum |

## Research Documentation and Publication of Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC.

| S.N. | Publication | Years (B.S.) | Issue | Publisher |
|---|---|---|---|---|
| 1 | Prayas | 2017 | 1 | Birendra Inter-Collage, Chuhandanda, Terhathum |
| 2 | Pranayan (Smarika) | 2055 | 1 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 3 | Pranayan (Yearly) | 2056 | 2 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 4 | Pranayan (Yearly) | 2059 | 3 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 5 | Pranayan (Yearly) | 2070 | 4 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee. |
| 6 | Pranayan (Yearly) | 2074 | 5 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 7 | Pranayan (Yearly) | 2079 | 6 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 8 | Pranayan (Yearly) | 2081 | 7 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |

## Name and elected year of Presidents of (TUTA)

| S.N. | Nane of Presidents | Elected year |
|---|---|---|
| 1 | Basanta kaji Budhathoki | 2037 |
| 2 | Basanta kaji Budhathoki | 2040 |
| 3 | Basanta kaji Budhathoki | 2041 |
| 4 | Basanta kaji Budhathoki | 2044 |
| 5 | Basanta kaji Budhathoki | 2046 |
| 6 | Damodar Dhakal | 2048 |
| 7 | Damodar Dhakal | 2050 |
| 8 | Chola Raj Dahal | 2053 |
| 9 | Shailendr Narayan Mallik | 2054 |
| 10 | Shailendr Narayan Mallik | 2056 |
| 11 | Dipak Raj Upraty | 2060 |
| 12 | Dipak Raj Upraty | 2063 |
| 13 | Bishal Karki | 2068 |
| 14 | Gobinda Kumar Subedi | 2071 |
| 15 | Dharma Raj Gautam | 2075 |
| 16 | Ganesh Bimali | 2079 |

## Current Working Committee of (TUTA)

| S.N. | Name of Committee Member | Position |
|---|---|---|
| 1 | Ganesh Bimali | President |
| 2 | Manoj Kumar Chaudhary | Vice- President |
| 3 | Nidhi Ratna Neupane | Secretary |
| 4 | Som Nath Ghimire | Treasurer |
| 5 | Lokendra Sitaula | Member |
| 6 | Ishowari Prasad Dangi | Member |

## प्राध्यापकहरूको हक, हितका लागि भएका पहलहरू:

- अनुसन्धान पद्धती सम्वन्धी गोष्ठी, तालिम सञ्चालन
- कार्यालय व्यवस्थापन, विभिन्न नियुक्तिहरू, तलबभत्ता, आदि विषयहरू समेटी प्रशासन समक्ष आवश्यक पहलकदमी गर्दै आएको
- नेपालीहरुको महान चाड वडादशैँ, शुभ दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिदै आएको
- करार शिक्षकहरूको पेशालाई स्थायी, सुरक्षित, मर्यादित बनाउँन  दबाब दिन केन्द्रीय समितिको निर्देशानुसार काम गरेको ।
- क्याम्पसमा कार्यरत प्राध्यापकहरूद्वारा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई स्वर्ण महोत्सव छात्रवृत्ति प्रदान गरेको
- निरन्तर प्रणयन पत्रिका प्रकाशन गर्दै आएको

# Department of Population

## १. परिचय

यस तेह्रथुम बहुमुखी क्याम्पसमा जनसंख्या अध्ययन विषय वि.स.२०४५ सालदेखि मात्र शुरु भएको हो। यसै गरी तेह्रथुम बहुमुखी क्याम्पसमा मानविकी संकायतर्फको स्नातक तह ( वि.ए.) को कक्षा सञ्चालन वि .स. २०४६ सालदेखि सुरुवात भएको र सो संकायमा जनसंख्या अध्ययन विषयको पठनपाठन चाहीँ वि. स. २०५५ सालदेखि मात्र सञ्चालनमा रहेको पाइन्छ।

तेह्रथुम बहुमुखी क्याम्पसमा शिक्षा शास्त्र संकायको एक वर्षे वि.एड. वि.स. २०६० सालमा र ३ वर्षे वि.एड् ( हाल ४ वर्षे वि. एड्) वि.स. २०६३ सालदेखि चालुमा छन्। जनसंख्या शिक्षा नामक विषय यी दुवै तह शुरु भएदेखि नै सञ्चालनमा आएको छन्। त्यसैगरी वि. स. २०७०साल माघ महिनादेखि स्नातकोत्तर तह (एम.ए.) मा जनसंख्या अध्ययन विषयको पठनपाठन सञ्चालनमा रहेको छ।

हाल यस क्याम्पसमा विभिन्न विषयका विभागीय प्रमुखहरूको नियुक्ति हुने गरेको भएता पनि वि.स. २०७१सालभन्दा अघि जनसंख्या अध्ययन विषयको विभागीय प्रमुखको नियुक्ति भएको पाइँदैन । त्यो समयमा यस विषयलाई अन्य विषयहरू जस्तै इतिहास, गणित आदि जस्ता सामाजिक शास्त्रका विषयसमा समायोजन गरेर सोही विषयको विभागीय प्रमुखहरू नियुक्ति गरेको देखिन्छ। वि.सं. २०७१ सालपछि तेह्रथुम बहुमुखी क्याम्पसमा जनसंख्या अध्ययन विषय कै प्राध्यापकहरू नै विभागीय प्रमुख बनेको पाइन्छ।

## २.Faculty Members of the Department

तेह्रथुम बहुमुखी क्याम्पस जनसंख्या अध्ययन विभागमा हाल कार्यरत प्राध्यापकहरूको विवरण निम्नानुसार रहेको छ।

१. पुन्यप्रसाद सिवाकोटी :शिक्षण सहायक ( विभागीय सदस्य )
२. चक्रपाणि भट्टराई : शिक्षण सहायक ( विभागीय सदस्य )
३. गणेश विमली : शिक्षण सहायक ( विभागीय सदस्य )
४. जीवन पौड्याल : शिक्षण सहायक (विभागीय अध्यक्ष )

## ३. Academic Programs

यस क्याम्पसमा जनसंख्या अध्ययन तथा जनसंख्या शिक्षा विषय विभिन्न तहमा सञ्चालन भएको छ। जसअनुसार, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत ४ वर्षे स्नातक तह ( वि.ए.) मा जनसंख्या अध्ययन विषय पढाइ हुँदै आइरहेको छ, साथै सोही संकायअन्तर्गत स्नातकोतर तह (एम .ए .) मा पनि जनसंख्या अध्ययन विषय ४ वटा सेमेष्टरमा संञ्चालित छ। त्यसै गरेर शिक्षाशास्त्र संकाय अन्तर्गत एक वर्षे वि. एड्. मा जनसंख्या शिक्षा र सोही संकाय अन्तर्गत ४ वर्षे वि.एड्. तहमा जनसंख्या शिक्षा विषय समावेश गरेर पढाई भइरहेको छ।

## ४. Major Activities

क्याम्पसमा जनसंख्या अध्ययन विभागले चालु शैक्षिक वर्ष २०८० / २०८१मा देहाय अनुसारका मुख्य कार्यहरू सञ्चालन गरेको छ।

– आवधिक रुपमा विभागीय बैठकहरू बसेको,

–जनसंख्या विषयका विद्यार्थीहरूलाई सूक्ष्म शिक्षण र विद्यालय शिक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको।

–प्रतिवेदन लेखन सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन भएको।

–स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि शोधपत्र लेखनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूलाई पृष्ठपोषण गरिएको।

–RMCद्वारा प्रकाशित Research Journal मा विभागका सम्पूर्ण सदस्यहरूद्वारा लिखित अनुसन्धानमा आधारित लेख रचना प्रकाशित भएको।

– जनसंख्या अध्ययन केन्द्रीय विभागद्वारा विभिन्न समयमा सञ्चालित Course refreshment, New course orientation training ,Research training मा सहभागिता भएको।

– मानविकी तथा सामाजिक शास्त्रसंकाय डीनको कार्यलय मा स्नातक तथ स्नातकोत्तर तहमा जनसंख्या अध्ययन विषयको पाठ्यक्रम सुधारको सुझाव पेश गरिएको।

## Strengths

यस विभागका सवल पक्षहरू निम्नानुसार रहेका छन्।

–अध्ययन अध्यापन प्रक्रियामा कुनै समस्या देखा परेमा शिक्षण समिति अध्यक्ष वा विभागीय प्रमुख मार्फत समाधान गरिने व्यवस्था।

– विश्वका जनसंख्या सम्बन्धी जल्दाबल्दा विषयवस्तुहरू को बारेमा विद्यार्थीहरूलाई सूचना प्रदान गर्न सफल।

–विभागका सदस्य तथा विद्यार्थीहरूलाई अनुसन्धानमूलक कार्यमा सरिक गराउन सकिएको।

–विद्यार्थीहरूलाई जनसंख्या र अन्य सामाजिक, आर्थिक, वातावरणीय पक्ष बीच अन्तरसम्बन्ध केलाउन सहयोग पुगेको।

– लोकसेवाका पाठ्यक्रममा समेत जनसंख्या विषयका विषयवस्तुहरू समावेश हुनुले विद्यार्थीहरूलाई उक्त परीक्षा हल गर्न सहज भएको।

## Weaknesses

यस विभागका दुर्बल पक्षहरू देहाय अनुसार रहेका छन्।

– विभागीय क्रियाकलापहरू प्रभावकारी रुपमा संचालन गर्न भरपर्दो विद्युत, विद्युतीय सामग्री तथा इन्टरनेटको अभाव रहेको।

–अनुसन्धान कार्य सञ्चालन गर्न आर्थिक अभाव भएको।

–आधुनिक तथा प्रविधियुक्त शैक्षिक सामग्रीहरूको अभाव।

–जनसंख्या अध्ययन विभागको विभागीय कार्यलय छुट्टै नभएको।

– जनसंख्या शिक्षा सम्बन्धीको पाठ्यक्रम तथा पाठ्यपुस्तक समयमा उपलब्ध हुन नसकेको।

## Opportunities

जनसंख्या अध्ययन विभागका अवसरहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

–जनसंख्या अध्ययन विभागका सम्पूर्ण सदस्यहरू अध्ययन अध्यापन कार्यमा लाग्नका लागि सबल, सक्षम, सक्रिय तथा युवा पुस्ता रहेका।

–अनुसन्धान कार्यया विद्यार्थीहरूको उपस्थिति उत्साहपूर्वक रहनु।

–क्याम्पस प्रभाव क्षेत्र अन्तर्गतका सम्पूर्ण माध्यमिक विद्यालयहरूमा जनसंख्या शिक्षा विषयको पठनपाठन भएको।

–सामाजिक अध्ययनका अन्य विषयहरू भन्दा नयाँ तथा जल्दो बल्दो विषयको रूपमा जनसंख्या अध्ययन हुनु।

– क्याम्पसमा विद्यार्थीलाई अध्ययन गर्न स्वच्छ एवं हरियाली युक्त वातावरणको अवस्था रहनु।

## ५. Threats

– कक्षा शिक्षण क्रियाकलापमा विद्यार्थीहरू सतप्रतिशत उपस्थित नहुनु,
– विद्यार्थीको नियमित उपस्थिती न्यून हुनु,
–जनसंख्या विषयप्रतिको आकर्षण क्रमश घट्दै गएर विद्यार्थी भर्ना संख्या न्यून हुनु,
–विद्यार्थीहरूको कक्षा छाड्ने दर (Dropout rate) बढ्दै जानु,
– राज्यको नीति तथा कार्यक्रम र शिक्षा मन्त्रालयले जनसंख्या विषयका जल्दाबल्दा विषयवस्तुहरूलाई गम्भिरताको रूपमा नलिनु ,
– माध्यमिक तहमा जनसंख्या विषयलाई छुट्टै विषयका रूपमा नराखी अन्य विषयमा राखेर पठनपाठन गराउनु ।

## ६. भावी योजना

जनसंख्या अध्ययन विभागका भविष्यका योजनाहरू निम्नानुसार रहेका छन :
– एकाइगत मासिक र त्रैमासिक परीक्षा सञ्चालन गर्ने र प्राप्त नतिजाका आधारमा विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्ने,
– अनुसन्धानमूलक लेख, प्रतिवेदन लेखनमा विद्यार्थी र शिक्षकको संयुक्त सहभागितामा आधारित भएर सञ्चालन गर्ने,
– स्नातक तह तेस्रो वर्ष (वि.एड्.) को अनुसन्धान विधि विषयमा आधारित भएर विद्यार्थीहरूलाई अनिवार्य स्थलगत अवलोकनमा सरिक गराउने,
– वि.एड् .चौथो वर्षका विद्यार्थीहरूका लागि जनसंख्या शिक्षामा परियोजना र गोष्ठी प्रभावकारी रुपमा र सञ्चालन गराउने,
–स्थलगत अवलोकनबाट प्राप्त भएका तथ्याङ्कलाई विश्लेषणका लागि Research तथा Data analysis सम्बन्धी प्रभावकारी तालिमको व्यवस्था मिलाउने,
–एम.ए तहका अधिकांश विद्यार्थीहरू job holders भएको हुनाले नियमित कक्षा लिन नसकेकोले उनीहरूलाई Teams मार्फत अनलाइन कक्षा सञ्चालन गर्ने।

## ७. सारंस

विभिन्न अवसर र चुनौतीका बावजुद पनि जनसंख्या अध्ययन विभागले विभिन्न क्रियाकलाप गरेर उपलब्धी हासिल गर्दै आएको छ। आगामी दिनमा यसलाई थप उपलब्धीमूलक तथा व्यवहारिक बनाउदै लगिने कुरामा दुई मत छैन। यस विभागका भावी योजनाहरूलाई मध्यनजर गर्दै सशक्त बनाउदै लानुपर्ने आजको टड्कारो अवस्था रहेको छ।

## Department of Political Science, Mathematics

**गोविन्दकुमार सुवेदी**
**विभागीय प्रमुख**

### १. परिचय

त्रि.वि. को आङ्गिक क्याम्पसको रूपमा स्थापना गरिएको तेह्रथुम बहुमुखी क्याम्पस वि.सं. २०१७ मा स्थापित भएको हो। यस क्याम्पसमा शुरुवातमा केवल प्रविणता प्रमाण–पत्र (आई.ए.) कार्यक्रम सञ्चालन हुने गरेको थियो। त्यसपछि वि. सं. २०४६ सालमा त्रि.वि. कार्यकारी परिषद्को २३६ औं बैठकको निर्णय अनुसार यस क्याम्पसमा मानविकी र सामाजिकशास्त्र विभाग अन्तर्गत स्नातक तहको कक्षाहरू सञ्चालन गर्ने अनुमति प्राप्त भयो । त्यही वर्षदेखि राजनीतिशास्त्रलाई ऐच्छिक विषयको रूपमा समावेश गरियो । क्याम्पसको विकास क्रमलाई हेर्दा, वि.सं. २०६३ सालपछि मात्र विभागहरूको निर्माण प्रक्रिया शरू भएको हो । विभाग निर्माणको आधारमा एक विषयमा ५ जना प्राध्यापक हुनु आवश्यक मानिने नियमले, यस क्याम्पसमा राजनीतिशास्त्र र अन्य विषयहरूको समायोजन गर्दै विभाग बनाइएको थियो। हाल, गणित र राजनीतिशास्त्र विषय मिलाएर नयाँ विभाग गठन गरिएको छ।

### २. विभागका सदस्यहरू

तेह्रथुम बहुमुखी क्याम्पसको राजनीतिशास्त्र विभागमा वर्तमानमा कार्यरत प्रमुख प्राध्यापकहरू (सदस्यहरू) निम्नानुसार छन्:

१. श्री गोविन्द कुमार सुवेदी – विभागीय प्रमुख
२. श्री लोकेन्द्र सिटौला – विभागीय सदस्य, क्याम्पस विद्यार्थी कल्याण प्रमुख

### ३. शैक्षिक कार्यक्रम

क्याम्पसमा सञ्चालन हुने प्रमुख शैक्षिक कार्यक्रमहरूमध्ये, मानविकी र सामाजिकशास्त्र विभागका अन्तर्गत स्नातक तहमा राजनीतिशास्त्रको पढाइ जारी रहेको छ। शिक्षाशास्त्र विभागमा वि. सं. २०६५ देखि २०७७ सम्म ऐच्छिक विषयको रूपमा राजनीतिशास्त्रको एक पेपर पढाइन्थ्यो, जसपछि उक्त पेपर ४ वर्षे शैक्षिक संरचनामा समावेश नभएको हो । आगामी दिनहरूमा शिक्षाशास्त्र विभागमा पनि राजनीतिशास्त्र ऐच्छिक विषयको रूपमा समावेश गर्ने सम्भावना रहेको छ। हालको समयमा गणितको विषय पनि ऐच्छिक रूपमा विद्यार्थीहरूको लागि उपलब्ध छ, यद्यपि हाल यसमा विद्यार्थीहरूको कमी र शिक्षकको अभाव रहेको छ। आगामी शैक्षिक सत्रमा यी समस्याहरूको समाधान गरेर शिक्षा सञ्चालन गर्ने योजना छ।

### ४. मुख्य क्रियाकलाप

राजनीतिशास्त्र विभागमा शैक्षिक क्रियाकलापहरू सैद्धान्तिक र व्यवहारिक दुवै पक्षबाट सञ्चालन हुँदै आएका छन् । सैद्धान्तिक शिक्षाका लागि व्याख्यान विधि र व्यवहारिक शिक्षाका लागि विभिन्न प्रयोगात्मक गतिविधिहरू संचालन गरिन्छ। व्याख्यान विधिले विद्यार्थीलाई वार्षिक परीक्षा प्रणालीमा तयारी गर्न सहयोग पुर्याएको छ भने प्रयोगात्मक विधिले आन्तरिक मूल्याङ्कनमा सहायक भूमिका निभाएको छ ।विद्यार्थीहरूलाई सरकारी संरचनाबारे बुझाउनका लागि, स्थानीय सरकारको कामकाजको अवलोकनमा लगिने गर्छ । यसका साथै वृक्षारोपण, वक्तृत्वकला, हाजिरीजवाफ जस्ता गतिविधिहरूमार्फत जनसहभागिता र नेतृत्व विकासको महत्त्व पनि विद्यार्थीहरूमा प्रवर्धन गरिन्छ।

### ५.सवल पक्षहरू

राजनीतिशास्त्र विषयका पाठ्यक्रमहरू राज्य सञ्चालन, नीति निर्माण, सुशासन, नेतृत्व विकास लगायतका क्षेत्रहरूमा अत्यन्त महत्त्वपूर्ण छन् । लोकसेवा आयोगका विभिन्न परीक्षामा यसका विषयवस्तु समावेश गरिनु यसको महत्वको

पक्रिया प्रमाण हो । क्याम्पसमा राजनीतिशास्त्रको विशेष विभाग बनाएकोले यसका समस्या समाधान गर्न र शैक्षिक क्रियाकलापमा सहजता ल्याउन सहयोग मिलेको छ। यस विषयले राजनीतिक नेतृत्वको निर्माणमा पनि भूमिका खेलेको छ र यसका आधारमा विद्यार्थीहरूले भविष्यमा नेतृत्व भूमिकामा कदम राख्न सक्षम भएका छन्।

## ६ .कमजोरी पक्ष

एकै विभागमा विभिन्न विषयहरूको समायोजन गर्दा विशिष्ट विषयमा गहिरो ज्ञान र अनुभवको कमी हुने।
विभागका सदस्यहरूको संख्यामा कमी भएको कारण छलफलहरू र शैक्षिक गतिविधिहरूमा प्रभावकारिता घट्न सक्छ।
विभागीय गोष्ठी र सेमिनारहरूका कारण शिक्षण पद्धतिमा समय समयमा असर पर्नु,
कक्षामा विद्यार्थीहरूको कम उपस्थिति र सिकाइको वातावरण कमजोर हुनु,
आधुनिक प्रविधिको अभाव, जस्तै स्मार्ट बोर्ड र इन्टरनेटको कम पहुँच ,
पाठ्यपुस्तक र पाठ्यक्रम समयमै उपलब्ध नहुनु र विद्यार्थीहरूको कमजोर आर्थिक अवस्थाले अध्ययनमा असर पुर्याउनु,

## ७. अवसर

राजनीतिशास्त्रको महत्त्व दिनानुदिन बढिरहेको छ, र यसलाई समयानुकूल परिमार्जन गर्दा विद्यार्थीहरूलाई सरकारी सेवामा प्रवेश गर्ने अवसर थप सहज हुनेछ। विभागका सदस्यहरू विभिन्न तालिम, गोष्ठी, र सेमिनारमा भाग लिन सक्षम हुने सम्भावना राख्छन्। यसका अतिरिक्त, राजनीतिशास्त्र विषयको लोकप्रियता र महत्त्वका कारण क्याम्पसको वातावरणमा पनि अनुकूलता थपिएको छ । विद्यार्थीहरूको सक्रिय अनुसन्धानको पहल र विषयको अध्ययनका लागि अनुकूल वातावरण बनाउन सकिने अवसर देखिन्छ।

## ८. चुनौतिहरू

कक्षा शिक्षणमा विद्यार्थीहरूको उपस्थिति न्यून र नियमितता घट्नु।
पढाइको प्रारम्भमा भर्ना राम्रो भए पनि चौथो वर्षसम्म विद्यार्थी टिकाउन कठिनाई आउनु।
राज्यले राजनीतिशास्त्र र गणित विषयको महत्त्वलाई समुचित रूपमा लिन नसक्नु।
माध्यमिक तहमा राजनीतिशास्त्रलाई छुट्टै ऐच्छिक विषयको रूपमा समावेश नगर्नु।
विभागीय बाह्य गतिविधिहरू, जस्तै श्रम र सिप सँग जोडिएका अतिरिक्त कार्यहरूको कमी हुनु।

## ९. भावी योजना

तेह्रथुम बहुमुखी क्याम्पसको राजनीतिशास्त्र र गणित विभागका आगामी योजनाहरूमा समावेश छन्
अनुसन्धानमुलक लेख र प्रतिवेदन लेखनमा विद्यार्थी र शिक्षकको संयुक्त सहभागिता बढाउने,
शैक्षिक कार्यहरूको मूल्याङ्कन गर्न एकाइगत, मासिक र त्रैमासिक परीक्षाहरू सञ्चालन गर्ने ,
स्थलगत निरीक्षणका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने र अनिवार्य रुपमा स्थलगत अवलोकनमा सहभागी गराउने,
विभागीय अनुसन्धान कार्यलाई तथ्याङ्क विश्लेषण र अनुसन्धानमा प्रभावकारी बनाउने,

## निष्कर्ष

राजनीतिशास्त्र र गणित विभागले विभिन्न अवसर र चुनौतीहरूको बीचमा केहि उपलब्धिहरू प्राप्त गरेपनि, अझ प्रभावकारी र व्यवहारिक उपलब्धिहरू प्राप्त गर्नका लागि थप प्रयास आवश्यक रहेको छ। आगामी योजनाहरू र सवल पक्षहरूलाई ध्यानमा राख्दै, विभागले विद्यार्थीहरूको सिकाइ र गुणस्तरमा सुधार ल्याउन प्रयास गर्न सक्दछ र यसैका आधारमा समस्याहरूको समाधान पनि सम्भव हुनेछ।

## नेपाली  तथा अर्थशास्त्र विभागको वार्षिक प्रतिवेदन

**निधिरत्न न्यौपाने**
**विभागीय.प्रमुख**

## १. परिचय

तेह्रथुम बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालयका ६२ वटा आङ्गिक क्याम्पसमध्ये एक, २०१७ सालमा स्थापना भएको हो । यस क्याम्पसले क्षेत्रीय शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । यहाँबाट उत्पादित जनशक्तिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रहरूमा ख्याति प्राप्त गरेका छन् । स्थापना कालदेखि निरन्तर उन्नतिलाई ध्यानमा राख्दै, नेपाली विभागले गुणस्तरीय शिक्षा र व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राख्दै वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छ । आगामी दिनमा अझ प्रभावकारी योजनाहरू बनाई राष्ट्र निर्माणका लागि योगदान गर्ने प्रतिबद्धता  गरिएको छ । कोशी प्रदेशको तेह्रथुम जिल्लामा अवस्थित आठराई गाउँपालिकाको चुहानडाँडामा रहेको यो क्याम्पस २०१७ सालमा वीरेन्द्र इन्टर कलेजको रूपमा स्थापना भई २०३७ सालमा तेह्रथुम क्याम्पस र २०६३ सालमा तेह्रथुम बहुमुखी क्याम्पसको रूपमा परिचित भयो । यस क्याम्पसले सीमित स्रोत साधनबाट पूर्वी पहाडी जिल्लाहरू (तेह्रथुम, पाँचथर, ताप्लेजुङ) का विद्यार्थीहरूलाई उच्च शिक्षामा योगदान गर्दै आएको छ । यहाँबाट धेरै जनशक्ति उत्पादन भई देश विकासमा योगदान पुर्‍याएका छन् ।

## २. विभागका सदस्यहरू

**यस विभागमा कार्यरत शिक्षकहरूको विवरण यस प्रकार रहेको छ।**

| क्र.स. | शिक्षकको नाम | पद | विषय | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | निधिरत्न न्यौपाने (विभागीय.प्रमुख) | शिक्षण सहायक | नेपाली | एम्.ए., आचार्य एकवर्षे वि.एड्., |
| २ | दीपकराज उप्रेती  (सदस्य) | सहायक प्राध्यापक | अर्थशास्त्र | एम्.ए. |
| ३ | ईश्वरीप्रसाद डाँगी   (सदस्य) | शिक्षण सहायक | अर्थशास्त्र | एम्.ए. |
| ४ | धर्मराज गौतम     (सदस्य) | शिक्षण सहायक | नेपाली | एम्.ए., एकवर्षे वि.एड.. |
| ५ | सोमनाथ घिमिरे    (सदस्य) | शिक्षण सहायक | नेपाली | एम.ए. एकवर्षे वि.एड.. ( एम्.फिल. रनिङ) |
| ५ | योगेश काफ्ले     (सदस्य) | शिक्षक | नेपाली शिक्षा | एम.एड .एम फिल. |
| ७ | पूर्णकुमारी रोका     (सदस्य) | शिक्षक | नेपाली | एम.ए.,एकवर्षे वि.एड.. |

## ३. उद्देश्यहरू

नेपाली विभागका मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन् :

- शैक्षिक सुधारः पठनपाठनलाई व्यवस्थित सञ्चालन गर्ने,
- अनुसन्धान प्रवर्धनः विद्यार्थी र शिक्षकहरूको ज्ञानलाई अनुसन्धानमार्फत् विस्तार गर्ने,
- सम्पर्क सुधारः शिक्षक र विद्यार्थीको सम्बन्धलाई निकट राख्दै प्रभावकारी शिक्षण सुनिश्चित गर्ने,
- सूचना प्रविधिको प्रयोगः शिक्षण प्रक्रियालाई प्रविधिसँग मैत्री बनाउने,
- आन्तरिक मूल्याङ्गनः विद्यार्थीको स्तर उकास्न आन्तरिक मूल्याङ्कन गर्ने,
- विद्यार्थीको शैक्षिक उन्नतिका लागि आन्तरिक मूल्याङ्कन परीक्षा सञ्चालन गर्ने

## ४. विभागीय गतिविधिहरू :

गत शैक्षिक सत्रमा सम्पन्न विभागीय गतिविधिहरू यस प्रकार रहेका छनः

- अनुसन्धानमूलक लेख प्रकाशनका लागि छलफल,
- नवीन पाठ्यक्रमको कार्यान्वयन,
- आन्तरिक मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन,
- क्याम्पस स्तरीय साहित्यिक कार्यक्रमहरूको आयोजना,
- त्रि.वि. डीन कार्यालयमा पाठ्यक्रम परिवर्नका लागि सुझाव पेस,
- शिक्षकहरूलाई शैक्षिक भ्रमणको(भारत भ्रमण) व्यवस्था ,
- आवश्यकता अनुसार विभागीय बैठक।

## ५. भावी योजनाहरू :

नेपाली विभागले आगामी दिनमा विभिन्न योजनाहरू अगाडि सारेको छः

- अनुसन्धान र शैक्षिक उन्नयनका लागि सेमिनार तथा गोष्ठीको आयोजना गर्ने ,
- शिक्षकहरूको प्राज्ञिक क्षमतामा सुधार ल्याउन प्रोत्साहन गर्ने ,
- साहित्यिक कार्यक्रमहरूको नियमित आयोजना गर्ने ,
- आन्तरिक मूल्याङ्कन परीक्षामा सुधार गर्ने ,
- विषय थपको व्यवस्था गर्ने,
- तह थपको व्यवस्था गर्ने।

## ६. चुनौतिहरू

- विभागले सामना गरिरहेका चुनौतीहरू निम्नानुसार छन्ः
- विद्यार्थीहरूको नियमित उपस्थिति
- अतिरिक्त कक्षा कमी हुनु
- कक्षा छाड्ने प्रवृत्तिमा वृद्धि
- पुस्तकालय र स्रोत साधनको कमी
- अनुसन्धानमा सहभागिता कमी हुनु

## ७. समाधानका उपायहरू

- विभागले अगाडि सारेका चुनौतिहरू समाधानका उपायहरू यस प्रकार छन्:
- विभागीय गतिविधिको अभिलेखीकरण र कार्यान्यनलाई निरन्तरता।
- नियमित विद्यार्थी उपस्थितिका लागि उत्प्रेरणात्मक कार्यक्रमहरूको आयोजना,
- अतिरिक्त कक्षाको व्यवस्थापन ,
- अनुसन्धान र प्राज्ञिक लेखनमा सहकार्य वृद्धि ,
- सूचना प्रविधिको प्रभावकारी प्रयोगमा जोड,
- तह थप र विषय थपका लागि सम्बन्धित निकायमा अनुरोध,

## ८. निष्कर्ष

- नेपाली विभाग, तेह्रथुम बहुमुखी क्याम्पसको महत्त्वपूर्ण विभागहरूमध्ये एक हो। नेपाली विभागले क्याम्पसका अधिकांश विद्यार्थीहरूको अध्ययनलाई सम्बोधन गरेको छ। विभागले गुणस्तरीय शिक्षा प्रदान गर्न विभिन्न चुनौतीहरू सामना गरिरहे पनि समन्वय, सहकार्य, र योजनाबद्ध कार्यद्वारा उच्च शिक्षामा योगदान पुर्‍याउँदै आएको छ।

  नेपाली विभाग यस क्याम्पसको सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने विभागमध्ये एक हो। नेपाली विषय यस क्याम्पसको स्नातक तहमा अनिवार्य र ऐच्छिक (मेजर, माइनर) विषयका रुपमा अध्ययन अध्यापन भैरहेको छ। नेपाली विषय एकातिर सबै विद्यार्थीहरूका लागि अनिवार्य विषय र पढाइको माध्यम भाषाका रुपमा रहेको छ भने अर्कातिर मेजर, माइनर र इलेक्टिभ विषयका रुपमा अध्ययन गर्न मिल्ने किसिमले व्यवस्थापन गरिएको छ। यसरी क्याम्पसका अधिकांश विद्यार्थीहरूको पढाइको माध्यम भएकाले यस विषयको स्तर उन्नयन गर्नमा यस विभागको महत्त्वपूर्ण भूमिका रहेको छ। विविध समस्या र चुनौतीहरू रहँदारहदै पनि समन्वय, एकता र सहकार्य गर्दै आफ्नो विषय र समग्र क्याम्पसको गुणस्तरलाई उकास्नका लागि यस क्याम्पसका प्राध्यपकहरूबाट सक्दो प्रयास भैरहेको छ। उच्च शिक्षाप्रतिको घट्दो जन आस्थामा परिवर्तन गरी राज्यका लागि आवश्यक पर्ने समयानुकूल, गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नुपर्ने गहन जिम्मेवारी पूरा गर्नका लागि यस विभागबाट अझ प्रभावकारी योजनाहरू निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

# शिक्षण अभ्यास विभागको प्रतिवेदन

**योगेश काफ्ले**
**विभागीय प्रमुख**
**शिक्षण अभ्यास**

## १.परिचय

शिक्षा मानव जीवनको अपरिहार्य पक्ष हो । बदलिँदो समाज र प्राविधिक प्रगतिका साथ शिक्षा प्रणालीलाई पनि समयानुकूल परिमार्जन गर्नुपर्ने आवश्यकता छ। शिक्षाको यही महत्वलाई आत्मसात् गर्दै त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षाशास्त्र सङ्कायले शिक्षण अभ्यासलाई स्नातक तथा स्नातकोत्तर तहमा सैद्धान्तिक र प्रयोगात्मक पाठ्यक्रमका रूपमा समावेश गरेको छ। यसले विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान प्रदान गर्दै शिक्षकका रूपमा दक्षता विकास गर्ने उद्देश्य राखेको छ।

## २.शिक्षण अभ्यासको उद्देश्य

शिक्षण अभ्यासको मूल उद्देश्य विद्यार्थीहरूलाई व्यवहारमा शिक्षण प्रक्रियाको अनुभव प्रदान गर्नु हो । यस कार्यक्रमले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रूपमा लागू गर्न सक्षम बनाउँदै व्यावसायिक दक्षता र शिक्षण सिप विकास गर्दछ। दक्ष र सक्षम शिक्षक बन्नका लागि शिक्षण तालिम अनिवार्य हुन्छ। शिक्षकको मुख्य भूमिका कक्षाकोठामा अध्यापन गर्नु, शिक्षण सामग्री निर्माण र प्रयोग गर्नु, प्रभावकारी शिक्षण विधि अपनाउनु, र विद्यार्थीलाई सकारात्मक ज्ञान हस्तान्तरण गर्नु हो। शिक्षण अभ्यासले यी सबै क्षमताहरूको विकासमा सहयोग पुर्‍याउँछ।

## ३.तेह्रथुम बहुमुखी क्याम्पसमाशिक्षण अभ्यासको विकासक्रम

तेह्रथुम बहुमुखी क्याम्पस, चुहानडाँडामा शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तहका पाठ्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । वि.सं. २०६०/०६१ मा एकवर्षे वि.एड. कार्यक्रम सुरु गरिएको थियो। अभ्यास शिक्षण पाठ्यक्रमको थालनी भने वि.सं. २०६३ मा भयो । तीनवर्षे वि.एड. (तत्कालीन) र चारवर्षे वि.एड..का अन्तिम वर्षमा वि.सं. २०६६ देखि शिक्षण अभ्यासलाई त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले तोकेको ढाँचामा सञ्चालन गरिएको छ।

## ३. २०८०/०८१ को शिक्षण अभ्यास

शैक्षिक सत्र २०८०/०८१ मा चारवर्षे वि.एड. अन्तर्गत १५ जना छात्र–छात्राहरू शिक्षण अभ्यासमा सहभागी भए । तोकिएको पाठ्यक्रमअनुसार, नियमित कक्षा तालिकामा अभिमुखीकरण कार्यक्रम, लघु/सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, विद्यालय शिक्षण, र शैक्षिक योजना निर्माणजस्ता गतिविधिहरू वार्षिक कार्ययोजनाअनुसार सञ्चालन गरियो । विद्यालय शिक्षणका लागि प्राथमिकताका आधारमा आठराई क्षेत्रका विद्यालयहरूलाई छनोट गरिएको थियो। यस प्रतिवेदनमा शैक्षिक वर्ष २०८०/०८१मा सञ्चालित चारवर्षे वि.एड..को चालु पाठ्यांश अनुसार सञ्चालित शिक्षण अभ्यास कार्यक्रमसँग सम्बन्धित गतिविधिलाई प्रस्तुत गरिएको छ।

## ४.शिक्षण अभ्यास पाठ्यांश परिचय

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायका क्याम्पसहरूमा सञ्चालित १ वर्षे, ३ वर्षे वि.एड. र २ वर्षे एम.एड. हुँदै हाल वि.एड.लाई चार वर्षे र एम.एड. लाई सेमेष्टर प्रणालीमा लगे पश्चात शिक्षालाई समय सापेक्ष बनाउदै लैजानका लागि कक्षा शिक्षणमा आउन सक्ने विभिन्न समस्याहरूलाई निराकरण गरी शिक्षकको पेशागत गुणको विकास गरी पेशालाई गुणस्तरीय र मर्यादित बनाउने दृष्टिकोणले शिक्षण अभ्यास एक महत्त्वपूर्ण पाठ्यांशको रुपमा विकास गरिएको छ। डीनको कार्यालयले तोकेको नियमानुसार वि.एड. मा शिक्षण अभ्यासमा समावेश हुन आवश्यक सर्तहरू पूरा गरे पश्चात शिक्षण अभ्यास विभागको सिप गरिसमा तोकिएको विद्यालय/क्याम्पसहरूमा शिक्षण अभ्यासमा संलग्न हुन अनुमति दिइन्छ। स्नातक तह, वि.एड.मा शिक्षण अभ्यासको निर्धारित पाठ्यांश अनुसार निम्नानुसार कार्य, घण्टी, पूर्णाङ्क, उत्तीर्णाङ्क तोकिएको छ।

| क्र.सं. | कार्य विवरण | घण्टी/पिरियड | पूर्णाङ्क | उत्तीर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाठ्यभार | १५० | १०० | ४० | |
| २ | सूक्ष्म शिक्षण | २४ | १५ | ६ | आन्तरिक |
| ३ | सहपाठी शिक्षण | ४० | २० | ८ | आन्तरिक |
| ४ | विद्यालय शिक्षण | २० | २० | ८ | आन्तरिक |
| ५ | सहयोगी विद्यालय | - | ५ | २ | सहयोगी विद्यालय |
| ६ | बाह्य परीक्षक परीक्षण | - | ४० | १ | बाह्य |

## ६.शिक्षण अभ्यास विभाग

यस क्याम्पसमा निम्नानुसारको शिक्षण अभ्यास विभाग रहेको छ :

**विभागीय प्रमुख – श्री योगेश काफ्ले (**नेपाली शिक्षा)

विभागीय सदस्य – श्री निधिरत्न न्यौपाने (नेपाली)

विभागीय सदस्य – श्री जीवन पौडेल (जनसंख्या अध्ययन)

विभागीय सदस्य – श्री नवराज ओली (अङ्ग्रेजी शिक्षा)

विभागीय सदस्य – कृष्णप्रसाद निरौला (अङ्ग्रेजी शिक्षा)

विभागीय सदस्य – दुर्गा चम्लागाईँ (पाठ्यक्रम)

## ७.शिक्षण अभ्यास विभागका प्रमुख कार्यहरू

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले जारी गरेको शिक्षण अभ्याससम्बन्धी नयाँ निर्देशिका अनुसार शैक्षिक वर्ष २०८०/८१ को लागि स्नातक तह चौथो वर्षको अभ्यास शिक्षणसम्बन्धी वार्षिक कार्यसूची शिक्षण अभ्यास विभाग, सम्बन्धित विषय शिक्षकको संयुक्त सहभागितामा निर्माण गरी लागुगर्ने निर्णयानुसार सो कार्ययोजना अनुसार तपशिल बमोजिम शिक्षण अभ्यासका सम्पूर्ण कार्यहरू सम्पन्न गरिएको थियो।

| शैक्षणिक योजना निर्माण | | सूक्ष्म शिक्षण | | सहपाठी शिक्षण | | विद्यालय शिक्षण | |
|---|---|---|---|---|---|---|---|
| देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म |
| २०८०।८।२१ | २०८०।१२।२ | २०८०।४।२५ | २०८०।५।२२ | २०८०।५।२७ | २०८०।८।२० | २०८१।२।१६ | २०८१।३।२० |

- शिक्षण अभ्याससँग सम्बन्धित कार्यहरू एवम् कार्यतालिकाको निर्माण र कार्यान्वयनको बारेमा नियमित बैठक तथा छलफल गरिएको ,
- शिक्षण अभ्यासमा संलग्न हुने सबै विद्यार्थीहरू र यस विभागका सदस्यहरूको उपस्थितिमा २०८०साउन २० देखि २१ गते सम्म सूक्ष्म शिक्षणको अभिमुखीकरण र २०८० भदौ २३देखि २४ सम्म सहपाठी शिक्षण र २०८१ जेठ १४ गते विद्यालय शिक्षणको अभिमुखीकरण कार्यक्रम श्रव्यदृष्य साधनको प्रयोग गरी सम्पन्न गरिएको ,
- विभागसँग सम्बन्धित प्राध्यापक तथा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँग भेटघाट, छलफल तथा अन्तरक्रिया गरिएको ,
- प्रभावकारी कक्षा निरीक्षण तथा अनुगमन गरिएको
- विद्यालय शिक्षणको लागि सहयोगी विद्यालय छनोट, बाह्य सुपरिवेक्षक नियुक्ती लगायतमा क्याम्पस प्रशासनलाई सहजीकरण गरिएको।

## ८.सवल पक्ष

- शैक्षणिक योजना निर्माण गर्न सिकाउदा वास्तविक फारम सामग्रीहरू नै खरिद गरेर अभ्यास गराउने गरिएको ,
- शैक्षणिक योजना निर्माणमा प्रयोगात्मक विधि प्रयोग गर्ने गरिएको ,
- सम्बन्धित विषयमा दक्ष, कुशल र अनुभवी प्राध्यापकहरूद्वारा कार्यक्रम सञ्चालन गर्ने गरिएको ,
- विभागका सदस्यहरूबिच आपसी सरसल्लाह तथा सहयोगमा कार्यक्रम सञ्चालन गरिएको ,
- जिम्मेवारी र उत्तरदायित्त्व बोध गरी सामूहिक नेतृत्त्व प्रणालीको अवधारणा अपनाइएको ,
- हरेक विषयसँग सम्बन्धित आवश्यक सामग्रीको यथेष्ट व्यवस्थापन गरिएको ,
- प्राध्यापक विद्यार्थी एवम् सहयोगी विद्यालयसँग सुमधुर सम्बन्ध स्थापना गर्ने गरिएको ,

- छिटो, छरितो रुपमा कार्यक्रम सञ्चालन र समापन गर्ने गरिएको ,
- कुशल शिक्षकका अतिरिक्त शैक्षिक प्रशासक बनाउने पाठ्यांश लागु भएको ,

## ९.आगामी कार्यक्रमहरू:

- अभ्यास शिक्षणलाई अझ बढी व्यवस्थित, प्रभावकारी बनाउन आवश्यक छलफल गरी कार्य गर्ने,
- आन्तरिक सुपरीवेक्षकहरूलाई विशेषज्ञमार्फत प्रविधिमैत्री पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय शिक्षणमा छात्र शिक्षकहरू पठाउनुपूर्व शिक्षण अभ्यासलाई प्रभावकारी बनाउनका लागि सेवा क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरू, विद्यालय सुपरिवेक्षक र क्याम्पसबिच अन्तरक्रिया कार्यक्रम गर्ने,
- समय समयमा सूक्ष्म शिक्षण, सहपाठी शिक्षणका कक्षाहरू वास्तविक कक्षामै अनिवार्य सञ्चालन गर्न हरेक विषय शिक्षकलाई प्रोत्साहन गर्ने,
- शिक्षण अभ्यास कार्यक्रमलाई अनुशासित, व्यवस्थित मर्यादित बनाउने ।

अभ्यास शिक्षणमा सहभागी विद्यार्थीहरू २०८०/२०८१ (वि.एड. चौथो वर्ष)

**अभ्यास शिक्षणमा संलग्न छात्र छात्रा शिक्षक विवरण**

| क्र.सं. | छात्रशिक्षकको नाम | विषय |
|---|---|---|
| १ | अम्बिका बाँस्कोटा | अंग्रेजी शिक्षा |
| २ | भवना थपलिया | अंग्रेजी शिक्षा |
| ३ | अञ्जु इङ्नाम | जनसंख्या शिक्षा |
| ४ | अनिता राई | नेपाली शिक्षा |
| ५ | बादल कन्दङ्गवा | नेपाली शिक्षा |
| ६ | विवेक प्रजल इङ्नाम | नेपाली शिक्षा |
| ७ | बिमला गुरुङ | नेपाली शिक्षा |
| ८ | विनिता बाँस्कोटा | नेपाली शिक्षा |
| ९ | दिपक डाँगी | नेपाली शिक्षा |
| १० | कमलमणि आचार्य | नेपाली शिक्षा |
| ११ | लतिका कन्दङ्गवा | नेपाली शिक्षा |

| | | |
|---|---|---|
| १२ | प्रमिला बाँनिया | नेपाली शिक्षा |
| १३ | रीतादेवी  बाँस्कोटा | नेपाली शिक्षा |
| १४ | सञ्जु इङ्नाम | नेपाली शिक्षा |
| १५ | सर्मिला योङहाङ | नेपाली शिक्षा |

## निष्कर्ष

शिक्षाशास्त्र सङ्कायको एक महत्वपूर्ण कार्यक्रम अभ्यास शिक्षणलाई व्यवस्थित, अनुशासित, मर्यादित र प्रभावकारी बनाउनु शिक्षण अभ्यास विभागको प्रमुख जिम्मेवारी हो। यो जिम्मेवारीलाई सफलतापूर्वक निर्वाह गर्न, विभागले गठनदेखि नै ठोस योजना तयार गरी  कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ। त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायका विद्यार्थीहरूले सैद्धान्तिक ज्ञान, सिप र धारणा आर्जन गरेपछि, त्यसलाई शिक्षण अभ्यासमार्फत व्यवहारमा लागू गर्न यस विभागले सहजीकरण र प्रोत्साहन गर्दै आएको छ। यसको परिणामस्वरूप, छात्रशिक्षकहरूले  दक्षता, निपुणता र निरन्तरता स्थापित गर्न सक्षम भएको विश्वास गर्न सकिन्छ। यस क्याम्पसमा सञ्चालित वि.एड.. चौथो वर्षको   शिक्षण अभ्यास कार्यक्रमलाई आगामी दिनमा विकसित प्रविधिको उपयोग गर्दै समयानुकूल परिवर्तन र परिमार्जनसहित अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने लक्ष्य विभागले लिएको छ।

# Department of English

**Manoj Kumar Chaudhary**
**HOD**
**Department of English**

## Introduction

As we know English is an international language that's why we have to study Compulsory English in BA, BBS and B.Ed. levels. Students can opt Major English also for their bright future in BA and B.Ed. levels. It is our duty to teach them honestly. By doing the hard labour the students can achieve their goal. By the completion of BBS, the students can get the jobs in the banking sector or start their own business.

## Academic Programmes

There are three faculties being run for the Bachelor Levels-Faculty of Humanities and Social Sciences and Faculty of Education and BBS in our campus. There are only four teachers in the Department of English.

The Faculty Members of the Department

1. Mr. Manoj Kumar Choudhary (Associate Professor)
2. Mr. Nabaraj Oli (Teacher)
3. Mrs. Saraswati Thapa (Teacher)
4. Mr. Krishna Prasad Niroula (Teacher)

## Major Activities

We organized eight staff meetings for the betterment of the students. There have been various competitive programmes such as essay writing competition, debate, oratorical programmes, class presentation, internal examination, etc. in 2080/81 academic year.

## Strengths

There is co-ordination among teachers in academic activities and conducive environment for education in pleasant natural surroundings.

## Weaknesses

Lack of modern technical teaching materials. There is no facility of e-library. We can also see the least number of student's enrolment under the Faculty of Humanities and as well as Faculty of Education.

## Opportunities

The rate of students can be increased because of a number of feeder schools in existence in the neighbourhood. We must focus on more and more participation of students in studies and research work.

## Threats

We have no facility of smart board and the availability of Wi-Fi in the classroom. We must have the facility of new technology.

## Future Plan

There is the need to arrange the extra classes specially for needy students. We have to make arrangements for interaction programmes among students and arrange educational and research oriented trips.

## Conclusion

To sum up the report I would like to say that we must provide the sufficient text books and reference books to the students and teachers. At last we can say that studying English can help students get jobs. By doing our duty honestly we can improve the quality of the students and their **results.**

# Community Outreach Program Report

## १. परिचय

विश्वविद्यालय अनुदान आयोगले उच्चशिक्षा सञ्चालन भइरहेका क्याम्पसहरूलाई प्रवर्द्धन, विकास तथा सुशासन कायम गराउनका लागि उच्चशिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रमअन्तर्गत सञ्चालन गरेको Expended Performance based funding ले क्याम्पसको सवलता वृद्धि तथा विद्यार्थी, समुदाय, सरोकारवालाहरूसँगको सम्बन्धलाई प्रभावकारी बनाइ, विद्यार्थीलाई रोजगारमुलक ज्ञान सिप विकास गरी प्रतिस्पर्धी बनाउने उद्देश्यका साथ सञ्चालित कार्यक्रमको Indicators no. 20 Community Outreach सम्बन्धमा क्याम्पसले आर्थिक वर्ष २०८० /२०८१ का लागि तयार गरेको कार्यक्रमलाई तीन वटा क्रियाकलापलाई आधार बनाइ कार्यावन्यन गरिएको छ। जसमा शैक्षिक भ्रमण (Field Trip) सामुदायिक माध्यामिक विद्यालय तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया र समुदायलाई सहयोगका लागि Extension कार्यक्रम सञ्चालन गरिएको छ।

## २. कार्यक्रमको उद्देश्य

Community Outreach Program ले क्याम्पस र समुदाय बिच सुमधुर सम्बन्ध स्थापित गरी क्याम्पसको समग्र संस्थागत विकास र गुणस्तर हाँसिल गर्न मद्दत गर्दछ। यस कार्यक्रमका तपसिल बमोजिमका उद्देश्य रहेका छन् :

- समुदायसँग सम्बन्ध विस्तार गरी समधुर बनाउने,
- सरोकारवालाहरूको गुनासो सम्वोधन गर्ने,
- सामाजिक उत्तरदायित्व बहन गर्ने,
- अध्ययन भ्रमण गरी सिकाइ गर्ने,
- सामाजिक सचेतना अभिवृद्धि गर्ने,
- जलवायु परिवर्तन तथा पर्यावरणीय संरक्षणलाई प्रवर्द्धन गर्ने।

## ३. कार्यक्रमको विवरण

क्याम्पसले Community Out Reach सम्बन्धी NEHEP को मापदण्ड अनुसार तोकिएको उद्देश्यहरू हाँसिल गर्नका लागि क्याम्पस अवस्थित आठराई गाउँपालिकामा सञ्चालन भएका माध्यमिक विद्यालयहरू र ताप्लेजुङ जिल्लाका केही विद्यालयहरूमा स्थलगत भ्रमण गरी उच्च शिक्षाको महत्व, नयाँ शौक्षिक कार्यक्रमको सम्भाव्यता अध्ययन र समग्र शैक्षिक गुणस्तर हाँसिल गर्न अपनाउनुपर्ने, सुधार हुनुपर्ने शैक्षिक पूर्वाधार र प्राज्ञिक क्रियाकलाप तथा विद्यार्थीमैत्री शैक्षिक वातावरण निर्माणमा शैक्षिक संस्थाहरूले खेल्नुपर्ने भूमिका लगायत विषयहरूमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । त्यस्तै सरोकारवालाहरूलाई सामाजिक उत्तरदायित्व तथा समुदाय सहयोग अन्तर्गत छलफल, सचेतनामुलक कार्यक्रम, हेल्थ क्याम्प सञ्चालन (Extension) सम्बन्धी क्रियाकलापसमेत सम्पन्न गरिएको छ। साथै स्वतन्त्र विद्यार्थी युनियन क्याम्पस समितिको आयोजनामा क्याम्पसमा विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरू, शिक्षकहरू र कर्मचारीको सहभागिता र क्याम्पस प्रशासनको आर्थिक सहयोगमा Field Trip अध्ययन भ्रमण समेत यसै शैक्षिक सत्रमा सम्पन्न भएको छ। शैक्षिक वर्ष २०८०/८१ मा Community Outreach implementation plan अनुसार निम्न क्रियाकलापहरू सम्पन्न भएका छन् :

## सम्पन्न भएका कार्यक्रमहरूको विवरण

| सि.न. | क्रियाकलाप Activities | सहभागी संख्या | मिति | Verification Protocol |
|---|---|---|---|---|
| १. | Educational Field Trip<br>participating -<br>student- 40<br>Teacher- 5<br>Staff- 5<br>Place-Tinjure Milkay Jaljallay<br>Distace- 150 KM from Campus | ५० | २०८०<br>चैत्र २३ गते | क्याम्पस प्रशासनको निर्णय<br>● स्वतन्त्र विद्यार्थी युनियनको निर्णय<br>● सहभागीको सूची<br>● फोटो ब्यानर<br>● अध्ययन भ्रमण गर्ने प्रतिवेदन |
| २. | Out Reach Program<br>माध्यामिक विद्यालयहरू | | | |
| | श्री पोखरी माध्यमिक विद्यालय<br>आठराई गा. पा. -५ छातेढुङ्गा | ३० | २०८०/३/१२ | माध्यमिक विद्यालयसँग गरिएको छलफल Academic Dissemination सम्बन्धी माइनोट र फोटाहरू |
| | श्री भगवती माध्यमिक विद्यालय<br>आठराई गा. पा. -७ थोक्लुङ्ग | २९ | २०८०/३/१५ | |
| | श्री प्रणामी माध्यमिक विद्यालय<br>आठराई गा. पा. -४ इवा | २२ | २०८०/३/१२ | |
| | श्री महेन्द्र माध्यमिक विद्यालय<br>आठराई गा. पा. -२ खाम्लालुङ्ग | २३ | २०८०/३/१२ | |
| | श्री त्रिमोहन माध्यमिक विद्यालय<br>आठराई गा.पा.-१संक्रान्ति बजार | २७ | २०८०/४/१२ | |
| | श्री शारदा माध्यमिक विद्यालय<br>आठराई गा. पा. -६ चुहानडाँडा | २६ | २०८०/४/१४ | |

| | | | | |
|---|---|---|---|---|
| | श्री पोखरी माध्यमिक विद्यालय<br>आठराई गा. पा. -५ छातेढुङ्गा | २५ | २०८०/४/२९ | |
| | श्री कृष्ण माध्यमिक विद्यालय<br>आठराई गा. पा. -१ डाँडागाउँ | ३५ | २०८०/४/३० | |
| | श्री सरस्वती माध्यमिक विद्यालय<br>आठराई त्रिवेणी गा. पा. -३ ताप्लेजुङ्ग | ३२ | २०८०/५/१ | |
| | श्री दुर्गा माध्यमिक विद्यालय<br>आठराई त्रिवेणी गा. पा. -२ ताप्लेजुङ्ग | २७ | २०८०/५/१२ | |
| | श्री इसिवु माध्यमिक विद्यालय<br>फेदाप गा. पा. -५ | २४ | २०८०/६/२४ | |
| | श्री सम्दु माध्यमिक विद्यालय<br>फेदाप गा. पा. -४ | २० | २०८०/६/२४ | |
| ३ | Extension Program | सहभागी संख्या | | कार्यक्रम सम्वन्धित माइनोट व्यानर र फोटोहरू |
| | १. आठराई-६ हिले<br>अन्तक्रिया कार्यक्रम | २२ | २०८०चैत्र २४ | |
| | २. Adult education and Literacy<br>त्रिमोहन मा.वि. संक्रान्ति बजार | ३४ | २०८०चैत्र २५ | |
| | ३. Health Camp<br>आठराई गा.पा.-५ माझीगाउँ | ५१ | २०८०चैत्र २६ | |

## ४. कार्यक्रमको उपलब्धि

### क) माध्यमिक विद्यालयहरूसँग छलफल तथा अन्तरक्रिया :

विश्वविद्यालय अनुदानको विस्तारित कार्यसम्पादनमा आधारित कार्यक्रमको Indicators 20 community outreach कार्यक्रमले क्याम्पस र सरोकारवाला बिच सहकार्यको वातावरण सृजना गरेको छ। कक्षा १२ सञ्चालित माध्यमिक विद्यालयहरूमा उच्च शिक्षाको समसामयिक अवस्था, क्याम्पसको बारेमा जानकारी गराउने साथै गुणस्तर वृद्धिका अपनाउनुपर्ने उपाय, उच्च शिक्षा पढ्नका लागि विद्यार्थीहरू प्रोत्साहित गर्ने विधि लगायतमा छलफल तथा अन्तरक्रिया भयो । छलफल तथा अन्तरक्रियामा क्याम्पस प्रमुख, प्राध्यापकहरू, विद्यार्थी प्रतिनिधि र विद्यालयका प्रध्यानध्यापक, शिक्षकहरू र विद्यार्थीले आफ्नो विचार तथा विद्यालयको अवस्थाको बारेमा जानकारी दिने कार्य सम्पन्न भयो । छलफल तथा अन्तरक्रियाले माध्यमिक विद्यालयमा कक्षा १२ उतीर्ण गरेपश्चात उच्च शिक्षाको गन्तव्य तेह्रथुम बहुमुखी क्याम्पस बनाउनका लागि सम्पूर्ण स्कुलका शिक्षक तथा विद्यार्थीहरूलाई प्रेरित गर्न सफल भएको छ। स्थलगत भ्रमण गरी छलफलबाट प्राप्त सुझाव, गुनासो र चासोलाई सम्बोधन गरी क्याम्पसको तथा उच्चशिक्षालाई हेर्ने दृष्टिकोण समेत सकारात्मक बनेको छ । विद्यालयहरूमा हुने शैक्षिक प्रशासनिक, गतिविधि तथा उचित विद्यार्थीमैत्री वातावरण निमार्णकालागि समेत विद्यालयलाई सुझाव दिई सुधारका लागि सहयोग पुगेको छ। शैक्षिक संस्थालाई सामुहिक रुपमा क्रियाशील भएर गुणस्तर वृद्धि गर्न सकिन्छ भन्ने समेत अनुभव प्राप्त भएको छ।

### ख) अध्ययन भ्रमण

स्वतन्त्र विद्यार्थी युनियन तेह्रथुम बहुमुखी क्याम्पसको आयोजना र क्याम्पस प्रशासनको सहयोग तथा समन्वयमा भएको तेह्रथुम जिल्लाकै तिनजुरे, मिल्के , जलजलेसम्मको अध्ययन भ्रमणले विद्यार्थी, शिक्षक र कर्मचारीहरूबिच खुल्ला छलफल तथा अन्तरघुलन हुने अवसर प्राप्त भयो। विद्यार्थीहरूमा आफूसँग भएको प्रतिभालाई उजागर गर्न प्रोत्साहन मिल्यो । अध्ययन भ्रमणले विद्यार्थीहरू नयाँ मनोरञ्जानात्मक वातावरणमा रमाइलो गरी Refreshment हुने अवसर तथा नयाँ सोच, ज्ञान र अनुभव समेत प्राप्त भयो अध्ययन भ्रमणमा प्राप्त भएका सिकाइहरूलाई क्याम्पसमा रहेका धेरै विद्यार्थीहरूमा Sharing भई नयाँ विद्यार्थीहरूलाई उच्चशिक्षामा आकर्षण वृद्धि गर्नसमेत सहयोग पुगेको छ।

### ग) विस्तार कार्यक्रम

यस कार्यक्रम अन्तर्गत माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११/१२ का विद्यार्थीहरूलाई वैदेशिक रोजगार सम्बन्धी सामाजिक सचेतना, वसाइँसराई, लागुऔषध सम्बन्धी सचेतना प्रदान गरी उच्च शिक्षा हासिल गरी स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने भावनाको विकास गर्न सहयोग गरेको छ । त्यस्तै समाजका विभिन्न व्यक्तित्व, अभिभावक, नागरिक समाज लगायतसँग समाजका विद्यमान समस्या क्याम्पसप्रति उहाँहरूको चासो गुनासो आदिका बारेमा छलफल गरी क्याम्पस र उच्चशिक्षाप्रति सकारात्मक धारणा सृजना गर्न Extension कार्यक्रमले सहयोग पुर्‍याएको छ । त्यस्तै क्याम्पसको आयोजना तथा व्यवस्थापन र पालिका स्वास्थ्य शाखाको सहयोगमा  आयोजना गरिएको एक दिने स्वास्थ्य शिविर कार्यक्रमले आठराई गाउँपालिकाको दुर्गम स्थानमा अवस्थित करिब ४० घर माझी समुदायका बालबलिका, महिला, बृद्धलाई स्वास्थ्य चेकजाँच, औषधी वितरण र स्वास्थ्यप्रति सचेतना गराई सामाजिक उत्तरदायित्वप्रति क्याम्पस जिम्मेवारी रहेको प्रत्याभूति गराई सकारात्मक दृष्टिकोणको विकास गर्न सफल भयो।

## ५. निष्कर्ष

विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन (NEHEP) अर्न्तगत विस्तारित कार्यसम्पादनमा आधारित लगानी (EPBF) ले हाम्रो जस्तो दुर्गममा अवस्थित र आम्दानीको स्रोत न्यून भएको क्याम्पसलाई आन्तरिक सवलतामा वृद्धिका साथै समुदाय, विद्यार्थी र सरोकारवाला बिच उत्पादनमूलक सम्बन्ध स्थापना गर्न सहयोग गरेको छ। क्याम्पसको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न, संस्थागत सुशासन हाँसिल गरी समग्र गुणस्तरीयता हासिल गर्न Community Outreach Program को ठूलो देन रहेको छ।

# Computer Non-Credit Course

**योगेश काफ्ले**
**–संयोजक**

## १. परिचय

तेह्रथुम बहुमुखी क्याम्पसले प्रविधिमा आधारित सिप, दक्षता र क्षमता अभिवृद्धिका लागि विद्यार्थी लक्षित तथा समुदाय सहयोग कार्यक्रमहरू सञ्चालन गर्न क्याम्पस कार्यसमितिको निर्णयानुसार कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालन समिति गठन गरेको थियो। यसको उद्देश्य क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूका साथै कक्षा १२ को परीक्षा दिएर नतिजा पर्खाइमा रहेका विद्यार्थीहरूलाई आधुनिक समय अनुसारको डिजिटल साक्षरतामा निपूर्ण बनाउनु हो । यस क्याम्पसका सम्पूर्ण तह र संकायमा अध्ययनरत विद्यार्थीहरू र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षामा विशिष्टता प्रवर्धन अन्तर्गत विस्तारित कार्यसम्पादनमा आधारित लगानी कार्यक्रमको विषयमा त्रिभुवन विश्वविद्यालय उपकुलपति कार्यालय योजना निर्देशनालय NEHEP सँग क्याम्पसको पारस्परिक सम्झौता MOU अनुसार Non- Credit course [EPBF] को कार्य सम्पादन इन्डिकेटर -Indicators १५ को कार्यविधि अनुसार Basics Computer course / Computer office Package course ( non-credit course) कम्प्युटर कोर्सको पाठ्यक्रम तयार गरी इच्छुक विद्यार्थीहरूका लागि कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालन गरिएको हो। २०८१ सालमा सुरु भएको यस कोर्समा हालसम्म ६० जना विद्यार्थीहरूले Basic Computers Corse को ज्ञान प्राप्त गरेका छन् भने हाल १२ जना विद्यार्थीहरूले Computer Office Package Cours को कक्षा लिइरहेका छन्।

## २. कम्प्युटर ननक्रेडिट कोर्सको उद्देश्य

- विद्यार्थीहरूको प्रविधि सम्बन्धी सिप, दक्षता, र क्षमता वृद्धि गर्नु।
- आधुनिक डिजिटल साक्षरतामा विद्यार्थीहरूलाई निपूर्ण बनाउनु।
- विद्यार्थीलाई व्यावसायिक र शैक्षिक क्षेत्रमा आवश्यक पर्ने डिजिटल सिप प्रदान गर्नु।

## ३. कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालन समितिः

| | |
|---|---|
| योगेश काफ्ले | –संयोजक |
| खड्गनारायण गुरागाईं | –सदस्य |
| कृष्णप्रसाद निरौला | –सदस्य |

## ४. गतिविधिहरू

तेह्रथुम बहुमुखी क्याम्पसले कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालनका लागि विभिन्न गतिविधिहरू सञ्चालन गरेको छः

- कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालनका लागि कार्यविधि तयार पारिएको।
- कम्प्युटर ननक्रेडिट कोर्सको पाठ्यक्रम तयार गरिएको।
- इच्छुक विद्यार्थीहरूबाट दरखास्त आह्वान गरिएको।
- दरखास्त स्वीकृत भएपछि विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरू सञ्चालन गरिएको।
- कक्षा बिहान र बेलुका सञ्चालन गरिएको।

## ५. उपलब्धि

कम्प्युटर ननक्रेडिट कोर्सले निम्न उपलब्धिहरू हाँसिल गरेको छः

- ६० जना विद्यार्थीहरूले कम्प्युटरको आधारभूत ज्ञान हाँसिल गरेका छन्।
- १२ जना विद्यार्थीहरूले कम्प्युटर डिप्लोमा कोर्समा ज्ञान, सिप, र तालिम प्राप्त गरिरहेका छन्।
- विद्यार्थीहरूको प्रत्यक्ष सहभागिता उल्लेखनीय रूपमा बढेको छ।

## ६. चुनौतीहरू

यस कोर्ससञ्चालनका क्रममा केही चुनौतीहरू देखा परेका छन् :

- प्राविधिक स्रोतहरूको कमी।
- आर्थिक स्रोतको अभाव।

## ७. भावी योजना

- कोर्सलाई थप विस्तार गर्दै गुणस्तरीय प्रविधि शिक्षा उपलब्ध गराउने।
- कोर्समा अझ धेरै विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्न विभिन्न प्रचार-प्रसारका कार्यक्रम सञ्चालन गर्ने।
- भविष्यमा थप उन्नत प्रविधि तथा सिपहरूमा आधारित कोर्सहरू थप्ने योजना बनाउने।

## ८.निष्कर्ष

कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालनले विद्यार्थीहरूलाई डिजिटल सिपमा दक्ष बनाउँदै उनीहरूको शैक्षिक तथा व्यावसायिक जीवनमा ठोस आधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यो कोर्सले विद्यार्थीहरूको प्रविधिमैत्री क्षमतामा वृद्धि गर्दै भविष्यमा थप अवसरहरू सिर्जना गर्न सहयोग पुऱ्याउने छ।

# QAA Section

## By–Laws Formulation Cell

श्री पोष्टराज लामिछाने –संयोजक

श्री दीपकराज उप्रेती – सदस्य

श्री नरेश पाल – सदस्य

## Infrastructure Construction and Management Cell

श्री पोष्टराज लामिछाने – संयोजक

श्री दीपकराज उप्रेती – सदस्य

श्री गणेश विमली – सदस्य

श्री नारद आङहाङ – सदस्य

श्री नरेश पाल – सदस्य

## Extra Curricular Activities Management Cell

श्री लोकेन्द्र सिटौला –संयोजक

श्री अम्विकादेवी चुडाल – सदस्य

श्री ताराप्रसाद दाहाल – सदस्य

## Internal Examination Management Cell

श्री योगेश काफ्ले –संयोजक

श्री पूर्णकुमारी रोका – सदस्य

श्री महेन्द्र थपलिया – सदस्य

## Hostel Management Cell

श्री दीपकराज उप्रेती – संयोजक

श्री ईश्वरी प्रसाद डाँगी – सदस्य

श्री धर्मराज गौतम – सदस्य

## Stakeholder – Relation Cell

श्री गणेश विमली – संयोजक

श्री जीवन पौडेल – सदस्य

श्री निधिरत्न न्यौपाने – सदस्य

**Student Council and Employ Cell**

श्री गोविन्दकुमार सुवेदी –संयोजक

श्री सोमनाथ घिमिरे – सदस्य

श्री नवराज ओली – सदस्य

**Tracer Study Cell**

श्री चक्रपाणि भट्टराई – संयोजक

श्री मनोजकुमार चौधरी –सदस्य

श्री पुण्य प्रसाद शिवाकोटी – सदस्य

## Instructional Plan Management Cell

श्री जीवन पौडेल – संयोजक

श्री निधिरत्न न्यौपाने – सदस्य

श्री योगेश काफ्ले – सदस्य

## Library Management Cell

श्री गोविन्दकुमार सुवेदी –संयोजक

श्री पूर्णकुमारी रोका –सदस्य

श्री अम्विकादेवी चुडाल –सदस्य

## Campus Sanitation Management Cell

श्री मनोजकुमार चौधरी – संयोजक

श्री महेन्द्र कटुवाल –सदस्य

श्री धर्मराज आचार्य –सदस्य

श्री तुलसा कटुवाल – सदस्य

## Procurement Cell

श्री दीपकराज उप्रेती – संयोजक

श्री नारद आङवाङ – सदस्य

श्री निर्मलादेवी लिम्बु – सदस्य

## Grievance Re–Dressel Mechanism Cell

श्री पोष्टराज लामिछाने –संयोजक

श्री लोकेन्द्र सिटौला –सदस्य

श्री निर्मलादेवी लिम्बु –सदस्य

## Academic Audit Cell

पूर्णकुमारी रोका – संयोजक

कृष्ण प्रसाद निरौला – सदस्य

सरस्वती थापा – सदस्य

## IQAC

पोष्टराज लामिछाने – संयोजक

गणेश विमली – सदस्य

चक्रपाणी भट्टराई – सदस्य

सोमनाथ घिमिरे – सदस्य

नीधिरत्न न्यौपाने – सदस्य

नारद आङ्बुहाङ् – सदस्य, प्रशासन प्रमुख

नवराज ओली – सदस्य, SAT संयोजक

तारा प्रसाद दाहाल –सदस्य, SQC संयोजक

## Consturction Committee

पोष्टराज लामिछाने –संयोजक

दिपकराज उप्रेती –सदस्य

गणेश विमली – सदस्य

गोविन्दकुमार सुवेदी –सदस्य

नारद आङ्बुहाङ –सदस्य

EMIES

| | |
|---|---|
| सोमनाथ घिमिरे | –संयोजक |
| योगेश काफ्ले | – सदस्य |
| नारद आङबुहाङ | – सदस्य |
| खड्गनारायण गुरागाईं | – सदस्य |
| लोकेन्द्र सिटौला | – सदस्य, सूचना अधिकारी |

**Student Welfare Committee**

| | |
|---|---|
| पोष्टराज लामिछाने | – अध्यक्ष, क्याम्पस प्रमुख |
| धर्मराज गौतम | – सदस्य, वार्डेन |
| नारद आङ्बुहाङ् | –सदस्य, कर्मचारी प्रशासन |
| ताराप्रसाद दाहाल | –सदस्य, विद्यार्थी स्ववियू |
| श्री लोकेन्द्र सिटौला | – सदस्य सचिव, क्याम्पस विद्यार्थी कल्याण प्रमुख |

# विद्यार्थी परामर्श तथा रोजगार सेल

**गोविन्दकुमार सुवेदी**

**संयोजक**

तेह्रथुम बहुमुखी क्याम्पस,चुहानडाँडा-QAA मा प्रवेश गर्नका लागि वि.सं. २०८० सालमा क्याम्पसमा विभिन्न सेलहरू अन्तर्गत मेरो संयोजकत्वमा तीन सदस्यीय विद्यार्थी परामर्श तथा रोजगार सेल गठन भई कार्य सम्पादन गर्दै आएको छ । विद्यार्थी परामर्श तथा रोजगार सेलले वि.सं.२०८०श्रावण, भाद्र महिनामा आठराई गा.पा. एवम् गाउँपालिकामा भएका माध्यमिक विद्यालयहरूका साथै ताप्लेजुङ जिल्ला अन्तर्गत पर्ने आठराई त्रिवेणी गाउँपालिका र उक्त क्षेत्रमा पर्ने माध्यमिक विद्यालयहरूमा गई शैक्षिक गुणस्तर सुधार एवम् तेह्रथुम बहुमुखी क्याम्पसमा १२ कक्षा पास गरी आउने विद्यार्थीहरूलाई प्राप्त हुने सेवा सुविधाको बारेमा विभिन्न अन्तरक्रिया कार्यक्रमहरू संञ्चालन गरियो यसका अलावा तेह्रथुम जिल्ला कै फेदाप गाउँपालिका र त्यहाँ रहेका माध्यमिक विद्यालयहरू र पाँचथर जिल्ला अन्तर्गतको हिलिहाङ गाउँपालिकामा समेत यस क्याम्पसबाट प्राप्त हुने सेवा, सुविधा एंव अवसरहरूको बारेमा समेत परामर्श सेवा सञ्चालन गरियो । यही आर्थिक वर्षमा यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शिक्षक सेवाको परीक्षालाई सहजहोस् भन्ने उद्देश्यले शिक्षक अध्यापन अनुमति पत्रको एक महिने निःशुल्क कक्षा संञ्चालन गरियो यसका साथ साथै देशमा खुलेका विभिन्न शिक्षक सेवा आयोग, लोक सेवा लगायत स्थानीय निकायहरूका विज्ञापन आयोग, लोक सेवा आयोग लगायत स्थानीय निकायहरूका विज्ञापनहरूमा यहाँ अध्ययन गर्ने विद्यार्थीहरूलाई सेवा प्रवेश गर्न प्रोत्साहन गर्दै प्रतिस्पर्धा गर्न परामर्श गरियो भने यो एक वर्षको अवधिमा करिव १० । ११ जना यहाँ अध्ययन गर्ने विद्यार्थीहरू रोजगारमा समेत प्रवेश गरेका छन् ।

२०८०।१२।२५ गते सेलको बैठक वसी विद्यार्थीहरूको माग अभिभावकको चाहना अनुसार यस क्याम्पसमा व्यवस्थापन संकायको स्वीकृति प्राप्त भई सकेपछि BBS , B.Ed / B.A. प्रथम वर्षमा नयाँ भर्नाका लागि क्याम्पस आसपास रहेका मा.वि. हरूबाट १२ कक्षा पास गरी बसेका विद्यार्थीहरूलाई विद्यालयसँग परामर्श गरी मोवाइल नं. नाम ठेगाना समेत लिएर सम्भव भएसम्म सम्पूर्ण १२ कक्षा पास गरेका विद्यार्थी र अभिभावकहरूसँग परामर्श गर्ने निर्णय समेत गरियो । त्यसैगरी मिति २०८१।१।२४ गतेका दिन यस सेलको बैठक बसी यस क्याम्पसका सम्पूर्ण तह र संकायमा अध्ययनरत विद्यार्थीहरू एंव कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षामा विशिष्टता प्रवर्धन अन्तर्गत विस्तारित लगानीको विषयमा त्रि.वि.उपकुलपतिको कार्यालय योजना निर्देशनालयको NEHEP सँग क्याम्पसको पारस्परिक सम्झौता (MOU) अनुसार Non – Credit Course को इन्डिकेटर १५ अनुसार कम्प्युटर कोर्सको पाठ्यक्रम तयार गरी विद्यार्थीहरूलाई सूचना प्रविधिको सिप, ज्ञान र क्षमतामा प्रवर्धन गर्न समुदायमा सहयोगका साथै विद्यार्थी सहयोगको लागि कम्प्युटर कक्षा २०८१।२।१ गते देखि सञ्चालन गर्ने निर्णय गरी सोही मितिदेखि कक्षा सञ्चालन गरी कम्तीमा ६० जना विद्यार्थीहरूले कम्प्युटरको आधारभूत ज्ञान प्राप्त गर्न सफल भएभने कम्तिमा १२ जना जति विद्यार्थीहरूलाई कम्प्युटरको डिप्लोमा कोर्सको ज्ञान, सिप एवम् तालिम दिइरहेको अवस्था छ। आगामी शैक्षिक सत्रमा पनि विगतका कमी कमजोरीहरूलाई सच्याउँदै अझ व्यापक र विस्तृत कार्ययोजना बनाई काम गर्नु पर्ने हुन्छ । यसरी कार्य गर्दै जाँदा क्याम्पसको सकारात्मक हित भई समग्र अभिभावक, विद्यार्थीहरूलाई समेत लाभ हुने देखिन्छ।

**समिति**

१.श्री गोविन्दकुमार सुवेदी –**संयोजक**

२.श्री सोमनाथ घिमिरे – सदस्य

३.श्री नवराज ओली – सदस्य

# Academic Audit Report

Co-ordinator
Purna Kumari Rokka

## 1. Executive Summary

This section provides a brief overview of the academic audit conducted at Terhathum Multiple Campus. It outlines the objectives, scope, key findings, and recommendations. The audit aimed to assess the quality, efficiency, and effectiveness of academic programs, teaching methodologies, student outcomes, and institutional support services.

## 2. Introduction

### Institution Overview:

Terhathum Multiple Campus is located in Aathrai Rural Municipality -6, Chuhandada and offers BBS., B.Ed., and BA programs,  Bachelors level and Masters level program. It aims to provide quality education and foster academic excellence in Business management, English, Nepali, and Population studies, Political Science, Economics etc.

### Audit Objectives:

The primary objective of this academic audit is to evaluate the academic quality assurance processes, teaching-learning strategies, curriculum implementation, faculty performance, and student achievement.

### Scope of Audit:

The audit covers all academic programs, faculty evaluation, student performance metrics, and the overall effectiveness of academic support services.

## 3. Methodology

The audit was carried out through a combination of:

- **Document Review:**
  Examining curriculum outlines, syllabi, academic calendars, student records, faculty credentials, and institutional reports.
- **Interviews and Surveys:**
  Conducting interviews with faculty, staff, students, and administrators. Surveys were distributed to gauge the satisfaction and feedback of stakeholders.
- **Classroom Observations:**
  Observing teaching methods, student engagement, and overall classroom dynamics.
- **Data Analysis:**
  Analyzing student performance, retention rates, and graduation rates.

## 4. Key Findings

- **Curriculum and Program Structure:**
  The curriculum for various programs is in line with academic standards, but some courses could be

updated to reflect current needs and technological advancements. More interdisciplinary and practical training is recommended.

- **Teaching Quality:**
  Faculty members are generally well-qualified; however, there is a need for professional development in innovative teaching techniques and the integration of technology in the classroom. Some faculty members report a lack of resources for enhancing teaching effectiveness.
- **Student Performance and Outcomes:**
  The performance of students in offered programs or courses has been commendable, though areas such as Business management, English, Nepali, Population studies, Political Science, Economics etc. could benefit from enhanced focus. There is also a need to address the high dropout rates in BBS., B.Ed., and BA.
- **Academic Support Services:**
  The library, IT resources, and student counseling services are well-maintained but could be expanded to meet the growing demands. Students have expressed the need for more career services and internships.
- **Faculty Evaluation and Development:**
  Faculty evaluations are conducted annually; however, the process could be more comprehensive, including peer reviews and student feedback on teaching quality. Professional development programs are limited and should be more frequent.

## 5. Strengths

- Strong academic foundation in all programs or departments.
- Dedicated faculty with significant academic credentials.
- Robust student support systems, including academic advising and mentorship programs.
- Active participation in local community-based research and outreach.

## 6. Areas for Improvement

- Updating and diversifying the curriculum to meet current academic and market needs.
- Increased focus on digital literacy and online learning platforms.
- Expansion of professional development programs for faculty members.
- Strengthening career services and internship opportunities for students.
- More efficient use of institutional resources to support research initiatives.
- Institutional visit for the faculty is required.

## 7. Recommendations

Based on the findings, the following recommendations are made:

1. **Curriculum Revision:**
   Consider incorporating online learning and blended teaching methods.
2. **Faculty Development:**
   Establish regular workshops, seminars, and training programs to improve teaching skills, particularly in technology integration and interactive learning methods.
3. **Enhance Student Support:**
   Expand career services, internships, and counseling to ensure better career preparation and student well-being. Increase engagement with alumni for mentoring and job placement.
4. **Resource Optimization:**
   Invest in upgrading digital infrastructure and learning management systems. Ensure the library and research facilities are equipped with the latest resources.

5. **Strengthening Academic Monitoring:**
   Implement a more comprehensive faculty evaluation system that includes peer reviews and student feedback. Also, monitor student progress more closely to identify at-risk students early.

## 8. Conclusion

This academic audit has provided valuable insights into the strengths and challenges faced by Terhathum Multiple Campus. While there are many positive aspects to its academic offerings, there are also areas that require improvement to maintain and enhance the quality of education. By addressing the recommendations outlined in this report, the institution can foster an environment that supports academic excellence and student success.

# Internal Quality Assurence Cell (IQAC)

## १. पृष्ठभूमिः

तेह्रथुम बहुमुखी क्याम्पसको समग्र संस्थागत मूल्याङ्कन तथा विकासका लागि विश्वविद्यालय अनुदान आयोगबाट QAA certified प्राप्ति प्रकियाका लागि कार्य गर्नका निम्ति मिति २०८०/०५/२७ गते बसेको यस तेह्रथुम बहुमुखी क्याम्पसको कार्य समितिको बैठकको निर्णयअनुसार IQAC गठन भएको हो। उक्त cell को निर्माण भएपश्चात अभर्ीि सञ्चालनसम्बन्धी निर्देशिका तथा यस Cells को TOR मा उल्लेख भएअनुसारका कार्यहरु तोकिएको समय अवधिभित्र सम्पादन भएका छन्। तेह्रथुम बहुमुखी व्याम्पसको (IQAC) समिति

| | |
|---|---|
| *पोष्टराज लामिछानेः* | संयोजक |
| *निधिरत्न न्यौपानेः* | सदस्य |
| *चक्रपाणि भट्टराईः* | सदस्य |
| *गणेश विमली :* | सदस्य |
| *नारद आङ्बुहाङः* | सदस्य |
| *नवराज ओलीः* | सदस्य |
| *ताराप्रसाद दाहालः* | सदस्य |
| *सोमनाथ घिमिरेः* | सदस्य सचिव |

## २.उद्देश्यहरूः

- तेह्रथुम बहुमुखी क्याम्पसमा आन्तरिक गुणस्तर सुनिश्चित र सुधार गर्ने ,
- विश्वविद्यालय अनुदान आयोग (UGC) बाट QAA प्रमाणीकरण प्राप्त गर्ने प्रक्रिया सहज बनाउने ,
- क्याम्पसको शैक्षिक र संस्थागत विकासमा दीर्घकालीन योगदान पुर्‍याउने ,
- शैक्षिक, प्राज्ञिक,अनुसन्धान र प्रशासनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने ,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा क्याम्पसको पहिचान र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्ने ,
- क्याम्पसको अभिलेखीकरण प्रकृयालाई व्यवस्थित बनाउने ,
- गुणस्तरीय शिक्षा प्रदान गर्दै विद्यार्थीहरूको सीप विकासमा ध्यान केन्द्रित गर्ने ,
- संस्थागत सुधार र शैक्षक उन्नयनका लागि व्यवस्थित ढंगले कार्य गर्ने।

## ३. कार्यप्रगति विवरण :

तेह्रथुम बहुमुखी क्याम्पसमा IQAC गठनपछि चालु शैक्षिक सत्र २०८०/८१ मा निम्नलिखित मुख्य कार्यहरू सञ्चालन गरिएको छ :

- SSR (Self Study Report) तयारीका लागि विभिन्न सेलहरू गठन गर्न क्याम्पस प्रशासनमा प्रस्ताव पेश गरिएको ।
- आवश्यकतानुसार नियमित रूपमा IQAC का बैठकहरू आयोजना गरिएको ,
- क्याम्पसका विभिन्न विभागीय प्रमुखहरूसँग परामर्श र छलफल गरी सुझाव संकलन गरिएको ,
- SSR रिपोर्ट प्रारूप तयारीका लागि जिम्मेवारी बाँडफाँड गरिएको ,
- SSR रिपोर्ट तयारीका निमित्त आवश्यक सूचना र कागजातहरु संकलन गरिएको ,
- क्याम्पस भित्रका भौतिक स्रोत र शैक्षिक गतिविधिहरूको आन्तरिक मूल्यांकन गरिएको ,
- शिक्षक, कर्मचारी, विद्यार्थी एवम् सरोकारवालासँग QAA प्रक्रियाबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ,
- स्थिति विश्लेषण SWOT (Strength, Weakness, Opportunity, Threat) Analysis प्रारम्भ गरिएको ,
- SSR रिपोर्ट तयार गर्नका लागि आवश्यक नीति तथा कार्ययोजनाका प्रारूप तयार गरिएको ,
- विश्वविद्यालय अनुदान आयोगसँग समन्वय गरी आवश्यक सुझाव र निर्देशनहरू लिइएको ,
- सन् २०२४ जनवरी २८ मा विश्वविद्यालय अनुदान आयोगगमा आशयपत्र (LOI) रिपोर्ट स्वीकृत भएको ,
- मिति २०८१। ०१।०६ गते Self Study Report (SSR) त्रिभुवन विश्वविद्यालयसमक्ष पेस गरी मिति २०८१, ०१।१६ गते स्वीकृत भई विश्वविद्यालय अनुदान आयोगमा पेस गर्न त्रि.वि. QAA शाखाले सिफारिस गरिदिएको ,
- मिति २०८१। ०१।१६ गते Self Study Report (SSR) विश्वविद्यालय अनुदान आयोग (UGC) समक्ष पेस गरेको ।

## ४. चुनौती र समाधान :

**चुनौतीहरू** :

- SSR रिपोर्ट तयारीका लागि आवश्यक विस्तृत सूचना तथा आवश्यक कागजात संकलनमा कठिनाई,
- क्याम्पसका सबै विभाग र शाखाबाट समुचित समन्वय र समयमै जानकारी प्राप्त गर्न कठिन ,
- कागजात व्यवस्थापन तथा प्रमाण संकलनको प्राविधिक पक्षमा अपूर्णता ,
- क्याम्पस परिवारभित्र QAA प्रक्रियाबारे पूर्ण जानकारी तथा सहकार्यमा कमी ,
- QAA प्रमाणीकरणका मापदण्ड पूरा गर्न कठिनाई ,
- आवश्यक दक्ष जनशक्तिको अभावले तोकिएको समयमा सबै कार्य सम्पन्न गर्न कठिनाई ,
- आवश्यक शैक्षिक तथा प्रशासनिक सुधार कार्यक्रम सञ्चालनका लागि सीमित स्रोत साधन ,
- SSR को मापदण्ड अनुसार सम्पूर्ण तथ्याङ्क व्यवस्थापन तथा दस्तावेजीकरणमा चुनौती ,
- विश्वविद्यालय अनुदान आयोग (UGC) बाट समयमै परामर्श, सुझाव तथा निर्देशन प्राप्त गर्न कठिनाइ
- आन्तरिक मूल्यांकन तथा आत्मसमीक्षा प्रक्रियालाई निष्पक्ष र वैज्ञानिक ढंगले सञ्चालन गर्ने चुनौती ।

## ५.आगामी योजना :

- प्रमाण संकलनका लागि विशेष कार्यदल गठन गरी जिम्मेवारी तोक्ने ,
- क्याम्पसभित्र विभागीय प्रमुखहरूसँग नियमित समन्वय बैठक राख्ने ,
- सरोकारवालाहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ,
- कागजात व्यवस्थापन प्रणालीलाई डिजिटल माध्यमबाट व्यवस्थित बनाउने ,
- सम्पूर्ण क्याम्पस परिवारलाई QAA प्रक्रिया र यसको महत्त्वबारे अभिमुखीकरण तालिम सञ्चालन गर्ने ,
- कार्यतालिकालाई व्यवहारिक बनाएर कार्यप्रगति नियमित अनुगमन गर्ने ,
- SSR Report तयार गरी त्रि.वि. र विश्वविद्यालय आयोगसमक्ष पेस गर्ने ,
- बाह्य स्रोतहरू (सहयोगी निकाय, पूर्वविद्यार्थी, आदि) मार्फत स्रोत साधन व्यवस्थापन प्रयास गर्ने ,
- SSR मापदण्डअनुसार कार्यविभाजन र कार्यसञ्चालनका लागि योजनाबद्ध कार्य गर्ने ,
- UGC र सम्बन्धित निकायहरूसँग सक्रिय सम्पर्क गरी समयमै परामर्श लिने ,
- विभागीय प्रमुख तथा सदस्यहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने ,
- आन्तरिक मूल्यांकन समितिको गठन गरी निष्पक्ष आत्मसमीक्षा सुनिश्चित गर्ने ,
- विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रमाणीकरण पत्र प्राप्त गर्ने ।

## ६. निष्कर्ष :

तेह्रथुम बहुमुखी क्याम्पसले आन्तरिक गुणस्तर सुनिश्चित गर्दै विश्वविद्यालय अनुदान आयोग (UGC) बाट QAA प्रमाणीकरण प्राप्त गर्नका लागि आवश्यक मापदण्ड तथा पूर्वाधार निर्माण,सूचना तथा कागजात सङ्कलन, रिपोर्ट तयारी, तथा समन्वयात्मक कार्यहरू प्रभावकारी रूपमा अगाडि बढाइएको छ। सीमित स्रोत, साधनका बाबजुद क्याम्पसले समयमै महत्पूर्ण कार्यहरू सम्पन्न गर्नु उल्लेखनीय उपलब्धी हो। विभागीय समन्वय, सूचना व्यवस्थापन, कागजात संकलन तथा नीतिगत ढाँचाको विकास जस्ता कार्यहरू सफलतापूर्वक सम्पन्न गरिएका छन्।

योजनाबद्ध ढंगले कार्य अघि बढाइएकाले आगामी दिनमा QAA प्रमाणीकरण प्राप्त गर्ने लक्ष्य प्राप्त हुनेमा विश्वस्त हुन सकिन्छ। तथापि, प्राविधिक दक्षता, स्रोत–साधन र सहकार्यमा अझ सुदृढता आवश्यक देखिन्छ। अभिमुखीकरण, सूचना डिजिटाइजेसन, तथा आन्तरिक मूल्याङ्न प्रक्रियालाई अझ प्रभावकारी बनाएर क्याम्पसले दीर्घकालीन गुणस्तरीय सुधार हासिल गर्ने योजना रहेको छ।

# शैक्षणिक योजना व्यवस्थापन विभाग

**जीवन पौडेल**
**संयोजक**

## १. परिचय

तेह्रथुम बहुमुखी क्याम्पसको समग्र संस्थागत विकासका लागि विश्वविद्यालय अनुदान आयोगबाट QAA Certified प्रकियाका लागि कार्य गर्नका निम्ति मिति २०८०/०५/२७ गते बसेको यस तेह्रथुम बहुमुखी क्याम्पसको कार्य समितिको बैठकको निर्णय अनुसार Instructional Plan Management Cell गठन भएको हो। उक्त Cell ले TOR मा उल्लेख भए अनुसारका कार्यहरू तोकिएको समय अवधिभित्र सम्पादन भएका छन। यस प्रतिवेदनले शैक्षणिक योजना व्यवस्थापन सेलको उद्देश्य, वार्षिक गतिविधि, उपलब्धि, चुनौती र भावी योजनाको बारेमा संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

## २. विभागका सदस्यहरू

शैक्षणिक योजना व्यवस्थापन विभागमा जिम्मेवारी पाएर कार्य गर्नका लागि तपसिलमा उल्लेख भए अनुसारका सदस्यहरू रहेका छन्।

श्री जीवन पौडेल – संयोजक
श्री निधिरत्न न्यौपाने –सदस्य
श्री योगेश काफ्ले –सदस्य

## ३. उद्देश्य

- शैक्षणिक योजना तयार पार्ने प्रक्रिया सुधार गर्नु।
- शिक्षा प्रणालीको गुणस्तर वृद्धि गर्नु।
- शैक्षिक नीतिहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउनु।

## ४. गतिविधि

तेह्रथुम बहुमुखी क्याम्पसमा शैक्षणिक योजना व्यवस्थापन विभागले चालु शैक्षिक वर्ष २०८० /०८१ मा देहाय अनुसारका मुख्य कार्यहरू सञ्चालन गरिएको छ।

- आवश्यक्ता अनुसार नियमित बैठक।
- वार्षिक कार्यपात्रो निर्माणका लागि क्याम्पस प्रशासन, विद्यार्थी कल्याण प्रमुख तथा स्ववियुसँग सुझाव संकलन गरिएको।
- शैक्षणिक योजनालाई व्यवस्थित बनाउन तेह्रथुम बहुमुखी क्याम्पसमा रहेका अन्य शिक्षण विभागीय प्रमुखहरूसँग परामर्श, छलफल एवं सुझाव लिई कार्य गरिएको।
- आन्तरिक परीक्षालाई व्यवस्थित गर्न पहल गरिएको।
- पुर्नताजकी कक्षा (Remiender class) गराउने सम्बन्धमा विभागमा छलफल गरी निष्कर्ष निकालिएको।
- यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरूलाई आफ्नो विषयको Annual teaching plan बनाउन जिम्मेवारी प्रदान गरिएको।

- अभ्यास शिक्षणलाई प्रभावकारी र अन्य प्रयोगात्मक परीक्षाहरूलाई व्यवस्थित गर्न जोड दिइएको।
- वार्षिक प्रतिवेदन लेखन कार्य तयार गरिएको।

## ५. उपलब्धि

शैक्षणिक योजना व्यवस्थापन विभागले विभिन्न गतिविधिहरू सञ्चालन गरेर निम्नलिखित उपलब्धिहरू हाँसिल गरेको छ।

- शैक्षिक सत्र २०८०/८१ का लागि क्याम्पसमा विभिन्न शैक्षिक, अतिरिक्त एवं अन्य प्रशासनिक गतिविधिहरू समेटेर शैक्षिक पात्रो छपाइ कार्य भएको छ ,
- शिक्षण विधिहरूमा सुधार भएको छ ,
- आन्तरिक परीक्षा तोकिएको समयभित्र गर्न सकिएको छ ,
- विद्यार्थीहरू पढाईको साथै अतिरिक्त क्रियाकलापमा बढी सहभागी भएका छन ,
- शैक्षिक पात्रोमा समावेश गराइएका विभिन्न कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिइएको छ।

## ६. चुनौती

- प्राविधिक, आर्थिक स्रोत र प्रशिक्षणको कमी देखिएको ,
- केही योजनाहरूको कार्यान्वयनमा समय सीमाभित्र गर्न चुनौती ,
- आन्तरिक परीक्षामा शतप्रतिशत विद्यार्थी उपस्थित नहुनु ,
- यस विभागले कार्य गरेवापतको अतिरिक्त पारिश्रमिक उपलब्ध नहुनु ,
- कतिपय शैक्षिक पात्रोमा समावेश कार्यक्रमहरू विभिन्न कारणहरू जस्तैः अचानक सार्वजनिक बिदा, प्राविधिक त्रुटिले गर्दा समयमा नै सम्पन्न हुन नसक्नु।

## ७. भावी योजना

यस विभागका भावी योजनाहरू निम्नानुसार रहेका छन्ः

- स्रोतको प्रबन्धमा सुधार गर्ने ,
- आन्तरिक परीक्षालाई थप व्यवस्थित बनाउँदै शत प्रतिशत विद्यार्थीलाई उपस्थित गराउने ,
- अतिरिक्त क्रियाकलाप कार्यक्रममा विशेष जोड दिने ,
- क्याम्पस र सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ,
- प्रयोगात्मक परीक्षालाई थप व्यवस्थित बनाउँदै लैजाने।

## ८. निष्कर्ष

शैक्षणिक योजना व्यवस्थापन विभागले शिक्षामा गुणस्तर वृद्धि गर्न निरन्तर प्रयास गर्दै आएको छ। आगामी वर्षका लागि योजनाहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्न थप स्रोत र सहयोग आवश्यक देखिन्छ त्यसको लागि सम्बन्धित निकायसँग सहयोग एवम् सहकार्यको पहल गर्नुपर्ने हुन्छ।

# By–laws Cell

**संयोजक**

**श्री पोष्टराज लामिछाने**

## १.परिचयः

तेह्रथुम बहुमुखी क्याम्पसको समग्र संस्थागत सुधार ,सुशासन, गुणस्तर अभिवृद्धि तथा प्रशासनिक प्रक्रियालाई विधिपूर्ण र व्यवस्थित बनाउन आवश्यक नीति, निर्देशिका तथा कार्यविधिहरूको विकास र कार्यान्वयन गर्ने उद्देश्यले By–laws Cell गठन गरिएको हो। यस सेलले क्याम्पसमा आवश्यक पर्ने विभिन्न नीतिहरूको तर्जुमा, परिमार्जन, अद्यावधिक तथा व्यवस्थापन कार्य गर्दै क्याम्पसलाई विश्वविद्यालय अनुदान आयोग (UGC) को QAA मापदण्ड अनुरूप संस्थागत विकासतर्फ उन्मुख गराउने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। By–laws Cell क्याम्पसका विभिन्न समितिहरू, विभागीय इकाइहरू तथा सम्बन्धित निकायहरू सँग समन्वय गर्दै कार्य सञ्चालन गर्दछ। सेलले तयार पारेका नीति तथा कार्यविधिहरू क्याम्पस कार्य समितिमा स्वीकृति गराई कार्यान्वयनमा ल्याउने प्रक्रिया अघि बढाउने गर्दै आएको छ ।

## २. उद्देश्य :

- क्याम्पसको नीति, कार्यविधि र योजनाहरूलाई व्यवस्थित, अद्यावधिक र आवश्यकताअनुसार विकास तथातर्जुमागर्ने ,
- क्याम्पसका आन्तरिक कार्यसम्पादनलाई नियमित र पारदर्शी बनाउन आवश्यक कानुनी तथा प्राविधिक दस्तावेजहरू तयार पार्ने।

## ३. कार्यक्षेत्र :

- क्याम्पसमा आवश्यक पर्ने विभिन्न नीति, कार्य विधि र निर्देशिका तर्जुमा गर्नु ,
- अन्य समितिहरू तथा विभिन्न सेलहरूबाट प्राप्त कार्यविधिहरूको परीक्षण, परिमार्जन र अन्तिम रूप दिने ,
- तयार पारिएका नीति तथा कार्यविधिलाई स्वीकृतिका लागि क्याम्पस कार्य समितिमा पेश गर्ने ,
- राष्ट्रिय तथा विश्वविद्यालय स्तरका सम्बन्धित निर्देशिका तथा कार्यविधिहरू सँग समन्वय राख्दै क्याम्पसमा लागू गर्न आवश्यक दस्तावेजहरू विकास गर्ने ,
- समयानुकूल नीति तथा कार्य विधिको संशोधन तथा अद्यावधिक गर्ने।

## ४. समिति :

श्री पोष्टराज लामिछाने –संयोजक

श्री दीपक राज उप्रेती –सदस्य

श्री नरेश पाल –सदस्य

## ५.कार्य प्रगति विवरण :

१)शिक्षक तथा कर्मचारी नियुक्ति कार्य विधि २०८०

२) आन्तरिक परीक्षा सञ्चालन निर्देशिका २०८०

३) शिक्षक तथा कर्मचारी कार्य सम्पादन मूल्यान निर्देशिका २०८०
४) पुस्तकाल यव्यवस्थापन तथा सञ्चालन कार्य विधि २०८०
५) QAA सञ्चालन कार्य विधि २०८०
६) अनुसन्धान सञ्चालन निर्देशिका २०८०
७) EMIS सञ्चालन सम्बन्धी निर्देशिका २०८०
८) विद्यार्थी कल्याण सम्बन्धी निर्देशिका २०८०
९) गुनासो सुनुवाई तथा व्यवस्थापन कार्य विधि २०८०

## ६. आगामी योजना :

१)क्याम्पसमा नीति तथा कार्य विधिको निरन्तर समीक्षा review र आवश्यकता अनुसार अद्यावधिक update गर्ने ,
२) नयाँ शैक्षिक, प्रशासनिक तथा आर्थिक नीति तथा निर्देशिका निर्माण गर्ने,
३) क्याम्पसमा ICT तथा Digitizationनीति तथा कार्यविधि विकास गर्ने ,
४) आन्तरिक गुणस्तर सुधार तथा मूल्याङ्कन Internal Quality Assurance सम्बन्धी थप कार्य विधिहरू तर्जुमा गर्ने ।
५) अनुसन्धान प्रवर्द्धनका लागि थप प्रोत्साहन नीति तथा अनुसन्धान अनुदान कार्य विधि तयार गर्ने,
६) वातावरणीय संरक्षण तथा हरित क्याम्पस निर्माण सम्बन्धी कार्यविधि विकास गर्ने ।
७) विद्यार्थी र अभिभावक सँग प्रभावकारी सम्पर्क (Stakeholder Communication०नीतितयार गर्ने ,
८) Social safeguard नीतिनिर्माण गर्ने ,
९) आन्तरिक परीक्षा, कर्मचारी मूल्याङ्कन तथा पुस्तकालय व्यवस्थापन निर्देशिकाको कार्यान्वयन प्रभावकारी बनाउन अनुगमन संयन्त्र निर्माण गर्ने ,
१०)विश्वविद्यालय अनुदान आयोग तथा त्रिविका मापदण्ड अनुसार समय समयमा नयाँ कार्य विधि निर्माण तथा कार्यान्वयन गर्ने

## निष्कर्ष :

तेह्रथुम बहुमुखी क्याम्पसको संस्थागत विकास,शैक्षिक सुधार र प्रशासनिक पारदर्शिता सुनिश्चित गर्न By-lawCell महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। सेलले आवश्यक नीति, कार्य विधि तथा निर्देशिकाहरूको तर्जुमा, परिमार्जन र कार्यान्वयन गरी क्याम्पस लाई गुणस्तरीय र विधि पूर्ण संस्थाको रूपमा विकास गर्ने दिशामा उल्लेखनीय योगदान पुर्‍याएको छ ।हाल सम्म विभिन्न महत्वपूर्ण कार्य विधिहरू र निर्देशिकाहरू निर्माण गरी लागू गरिसकेको तथा आगामी दिनहरूमा थप सुधार र नवीन नीतिहरू निर्माण गर्ने समन्वय, सहभागिता र निरन्तर सुधारको सिद्धान्तमा आधारित रही यो सेलले क्याम्पसको गुणस्तर सुनिश्चित गर्न महत्वपूर्ण रणनीतिक पहलहरू अगाडि बढाइरहेको छ ।यसरी, By–laws Cell को निरन्तर सक्रियता र प्रभावकारी कार्य सञ्चालन मार्फत क्याम्पसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो शैक्षिक गुणस्तर र संस्थागत साख अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ।

# Tracer Study Report

**Coordinator**
**Chakrapani Bhattarai**

## Background

The Graduate Tracer Study was conducted by the Tracer Study Committee of TMC in early 2080, focusing on 102 graduates from the Faculties of Education and Humanities. Graduate Tracer Studies are crucial for educational planners to evaluate the outcomes of educational programs and assess their relevance to the job market and personal development of graduates.

**Report Preparation Team**

Coordinator - Chakrapani Bhattarai
Member – Manoj kumar chaudahry
Member – Punya Prasad Siwakoti

## Objectives

The main objectives of the study were to:

1. Track the graduates' current employment status.
2. Analyze the use of skills and job satisfaction.
3. Assess labor mobility, unemployment, and underemployment.
4. Evaluate the relevance of university training to personal development and career aspirations.

## Activities

The study was conducted using online and offline survey questionnaires that collected responses from graduates. These questionnaires covered topics like further studies, employment status, career goals, and an assessment of the educational program's quality. Follow-up communication ensured a high response rate.

## Achievements

## Key findings include:

- Only 23.1% of graduates were employed, with most employed in teaching positions.
- 65.68% of respondents were still searching for jobs.
- The majority of respondents rated the educational programs as medium to highly relevant to professional skills like problem-solving, research, and communication.
- 58.1% of the graduates endorsed the overall contribution of the program to their personal and professional development.

## Threats

The study revealed that a significant portion (65.68%) of graduates were unemployed, with 65.68% also economically inactive. This poses a challenge to the effectiveness of the educational programs and the employability of graduates. Additionally, respondents suggested improvements in facilities such as libraries, canteens, and extracurricular activities.

## Future Plan

The study suggests enhancing teaching and learning activities, improving library and canteen facilities, and ensuring better infrastructure for extracurricular activities. These measures are aimed at increasing the employability and satisfaction of future graduates

## Conclusion

The Graduate Tracer Study revealed key insights into the employment status and professional development of TMC graduates. While the educational programs were deemed valuable in terms of skill development, a large portion of graduates remain unemployed or underemployed. Addressing the highlighted areas for improvement could enhance future outcomes for both the institution and its graduates.

# गुनासो सुनुवाई समिति (GRM)

## १ परिचय ः

तेह्रथुम बहुमुखी क्याम्पसमा पारदर्शिता, जवाफदेहिता र सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले गुनासो सुनुवाई संयन्त्र गठन गरिएको हो। यस समितिले गुनासोहरू समयमै संकलन, विश्लेषण, छलफल र समाधान गर्ने कार्यमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। यस प्रतिवेदनमार्फत समितिले सम्पन्न गरेका प्रमुख कार्यहरू प्रस्तुत गरिएको छ।

### २.गुनासो सुनुवाई संयन्त्रका उद्देश्यः

१) **गुनासो सुनुवाइ**को लागि आवश्यक पर्ने कार्यविधि तयार गरी By-laws सेलमा पेश गर्ने ,

२) क्याम्पससँग सम्बन्धित विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी लगायत सरोकारवालाहरूबाट प्राप्त सुझाव एवम् गुनासोहरु सम्बोधन गर्न आवश्यक छलफल चलाउने ,

३) क्याम्पस, कार्यालय परिसर भित्र स्पष्ट देखिनेगरी गुनासो पेटिका राख्ने,

४) क्याम्पसले प्रवाह गर्ने सेवा, सुविधा उल्लेख गरिएको क्याम्पस बडापत्र कार्यालय परिसरमा राख्ने ,

५) गुनासो पेटिकामा प्राप्त भएका गुनासोहरू, उजुरी तथा सुझावहरूलाई आवश्यक सम्बोधन गर्ने ,

६) समितिबाट गरिएका सम्पूर्ण कार्यहरूको अभिलेखिकरण (फोटो, माइन्यूट) गर्ने र वार्षिक प्रगति विवरण तयार पार्ने,

७) क्याम्पसले तोकेका अन्य कार्यहरू गर्ने।

### ३.सम्पन्न भएका कार्यहरूः

१. गुनासो सुनुवाई संयन्त्रका लागि आवश्यक कार्यविधि तयार गरी क्याम्पसको द्यथ-बिधक सेल मा विधिवत रूपमा पेश गरिएको,

२. विद्यार्थी तथा सरोकारवालाहरूले सजिलै आु  नो गुनासो राख्न सक्ने वातावरण निर्माण गर्ने,
क्याम्पस परिसरभित्र सजिलै देखिने स्थान मुख्य भवनको पर्खालमा गुनासो पेटिका  गरिएको छ ,

३. क्याम्पसले प्रदान गर्ने सेवा र सुविधाहरू उल्लेख गरिएको बडापत्र क्याम्पस क्षेत्रका प्रमुख भवनहरू लाइब्रेरी  महिला तथा पुरुषो होस्टलमा प्रष्ट देखिनेगरी टाँसिएको छ, जसले विद्यार्थी, अभिभावक तथा आगन्तुकहरूलाई सहज जानकारी दिन सहयोग पुऱ्याएको ,

४.गुनासो पेटिकामा प्राप्त गुनासोहरू मध्ये स्थानीय बासिन्दा जयमैनालीद्वारा उठाइएको विषयलाई प्राथमिकताका साथ सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी समाधान गरिएको ,

५. क्याम्पस परिवार (विद्यार्थी, शिक्षक, कर्मचारी) माझ देखिएका विभिन्न समस्याहरूलाई आपसी छलफलको माध्यमबाट समन्वयपूर्वक समाधान गरिएको ,

६. क्याम्पस विकासका लागि आवश्यक पर्ने विभिन्न कार्यहरू तथा क्याम्पस प्रशासनबाट तोकिएका विभिन्न सहयोगी कार्यहरूमा समिति सक्रिय रहँदै आएको ।

**४.निष्कर्षः**

गुनासो सुनुवाई संयन्त्रले पारदर्शी, समावेशी र जवाफदेही कार्यपद्धतिलाई अंगाल्दै क्याम्पसको समग्र वातावरणमा सकारात्मक सुधार ल्याउने कार्यमा आफूलाई समर्पित राखेको छ। प्राप्त गुनासोहरूलाई समयमै समाधान गर्दै, भविष्यमा थप प्रभावकारी प्रणाली विकास गर्ने  लक्षलिएको छ।

# उद्यमशीलता सहयोग  कार्यक्रम

**पोष्टराज लामिछाने**
**संयोजक**

## १. परिचय

तेह्रथुम बहुमुखी क्याम्पसले शैक्षिक सत्र २०८०/०८१ देखि विश्वविद्यालय अनुदान आयोगसँग भएको ESP कार्यान्वयन सम्बन्धी पारस्पारिक सम्झौता बमोजिम क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू पूर्व विद्यार्थी र युवा शिक्षकहरूलाई उद्यमशीलता सम्बन्धी ज्ञान तथा अवधारणाको सिप प्रदान गरी उद्यमशील संस्कृतिमा विकास गरी स्थानीय कच्चा पदार्थमा आधारितनयाँ व्यवसाय उद्यम सिर्जना विकास नवप्रवर्द्धन र प्रवर्धन गर्दै स्वरोजगार बन्नका लागि प्रेरित गर्ने मुख्य ध्यय रहेको छ।

## २. उद्देश्यहरू

- संस्थागत गुणस्तर विकास र उद्यमशील संस्कृतिको प्रवर्द्धन गर्ने ।
- सृजनशील र नवप्रवर्तनको प्रवर्द्धन गर्दै उद्यमशीलताको ज्ञान र सिपको विकास गर्ने।
- वातावरणमैत्री उद्यमलाई प्रोत्साहन दिनको लागि प्रारम्भिक पूँजी प्रदान गर्ने।
- स्थानीय व्यवसायहरूसँग सहकार्य गर्दै विद्यार्थीहरूलाई उद्यमशीलता क्षेत्रमा अवसरहरूको खोजी गर्ने।
- शैक्षिक उत्कृष्टता र उद्यमशीलताको संस्कृति एकीकृत गर्दै दीर्घकालीन रूपमा स्थानीय उद्यमीहरूको विकासमा जोड दिने।

## ३. ESP Committee

| | |
|---|---|
| पोष्टराज लामिछाने | – संयोजक |
| योगेश काफ्ले | –फोकल पर्सन सदस्य |
| कृष्णप्रसाद निरौला | –सदस्य |

## ४. गतिविधिहरू

४० घण्टा अवधिको Non- Credit Cours  को पाठ्यक्रम निर्माण गरी ४० घण्टाको तालिम तथा कार्यशाला, र सम्बन्धित विषय विज्ञहरूद्वारा सहभागीहरूलाई उद्यमशीलता सम्बन्धी ज्ञान र सिप   प्रदान प्रदान गरिएको  थियो। जसमा सहभागीहरूले  व्यवसायिक योजना निर्माण, बजार विश्लेषण, र वित्तीय व्यवस्थापन जस्ता सिप  हरू सिकेपश्चात् तालिममा सहभागीहरूले मकै, बेसार, कफी, अचार, र सिलाम साक्मा जस्ता स्थानीय  सामग्रीहरू प्रयोग गरी व्यवसाय सञ्चालनको व्यवसायिक योजना प्रस्तुत गरिएको थियो । पाँचओटा सृजनात्मक र उत्कृष्ट योजनाहरू छानिएर विश्वविद्यालय अनुदान आयोगमा पेस  गरिएको छ। प्रस्तुत व्यावसायिक योजनामध्ये ३ वटा योजनालाई आयोगले बिउ पूँजी (Seed Capital) उपलब्ध गराउने छ, जसको सीमा ५ लाखदेखि ४० लाखसम्म हुनेछ।

५.उपलब्धिहरू

- उद्यमशीलता सम्बन्धी अवधारणा ज्ञान र सिप  को सहभागीहरूमा विकास भएको,
- व्यवसाय वातावरण विश्लेषण गर्ने सिप  प्रदान,
- उद्यमशील सोच दृष्टिकोण र संस्कृति विकासमा सहयोग,
- व्यावसायिक योजना निर्माण गर्न ज्ञान तथा सिप प्रदान,
- तालिममा सहभागीहरूलाई प्रमाणपत्र वितरण।

# विद्यार्थी गुणस्तर सर्कल

**ताराप्रसाद दाहाल**
**संयोजक**

## १. परिचय ः

क्याम्पसको समग्र संस्थागत गुणस्तर विकास तथा QAA प्राप्त प्रक्रियाका लागि कार्य गर्न २०८० भदौ २७ गतेको कार्यसमितिको निर्णयअनुसार विद्यार्थी गुणस्तर सर्कल (Student Quality Circle–SQC) गठन गरिएको हो । यसले क्याम्पसको शैक्षिक गुणस्तर सुधार, प्रशासन र विद्यार्थी बिच समन्वय स्थापित गर्ने कार्य गर्दै आएको छ। यस क्याम्पसमा SQC ले पठनपाठनको गुणस्तर अभिवृद्धि गर्ने, अतिरिक्त गतिविधिहरूमा विद्यार्थीको सक्रियता बढाउने, र विद्यार्थीका समस्याहरूको समाधानको लागि सशक्त भूमिका निर्वाह गर्ने लक्ष्य राखेको छ।

## २. समिति

ताराप्रसाद दाहाल – संयोजक
सक्कु लक्सम – सदस्य
विवेक इङ्नाम – सदस्य

## ३. उपलब्धि

SQC का गतिविधिहरूबाट प्राप्त मुख्य उपलब्धिहरू यसप्रकार छन् ः

- **पठनपाठनको अवस्था पहिचानः**

क्याम्पसमा सञ्चालित विभिन्न संकाय र तहका कक्षाहरू नियमित/अनियमित रहेको अवस्थाको पहिचान गरी पठनपाठनमा देखिएका समस्याहरूको, विषयमा प्रशासनलाई जानकारी गराइएको जसले शैक्षिक गुणस्तरमा सुधार ल्याउन सहयोग पुगेको छ।

- **प्रश्नावली र राय संकलन ः**

गुणस्तरीय पठनपाठनका लागि तयार गरिएका प्रश्नावलीमार्फत विद्यार्थीबाट राय र सुझाव संकलन गरियो । प्राप्त सुझावलाई क्याम्पस प्रशासनमा बुझाउँदै आवश्यक छलफल समेत गरियो।

- **विद्यार्थी अभियान ः**

Student Support System अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्ने समुदायसँग क्याम्पसको बारेमा औपचारिक तथा अनौपचारिक छलफल गरियो।

- **प्रचारप्रसार :**

क्याम्पसका कार्यक्रमहरू र गतिविधिहरूको प्रचारप्रसार गरी क्याम्पसको गरिमालाई थप सुदृढ बनाइयो ।

- **अभिलेखीकरण :**

विद्यार्थी गुणस्तर सर्कलले गरेका सबै गतिविधिहरू व्यवस्थित रूपमा अभिलेखीकरण (फोटो, माइनट) गरियो।

**३. चुनौतीहरू**

SQC ले आफ्ना गतिविधिहरू सञ्चालन गर्दा केही चुनौतीहरूको सामना गर्नुपरेको छ ती कुराहरूलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

- स्रोत र साधनको अभाव,
- कार्यक्रम सञ्चालन गर्न पर्याप्त बजेट र स्रोतको कमी,
- विद्यार्थीहरूको कम सहभागिताः
- कार्यक्रमहरूमा विद्यार्थीहरूको सक्रियता अपेक्षाभन्दा कम देखियो,
- समय व्यवस्थापन,
- अतिरिक्त गतिविधि र नियमित पठनपाठनबीच समन्वय गर्न कठिनाइ,
- प्राविधिक समस्या,
- डिजिटल प्लेटफर्ममा आधारित गतिविधि सञ्चालन गर्दा इन्टरनेटको समस्या ।

**४.आगामी योजना**

SQC ले आगामी दिनका लागि निम्न योजना बनाएको छ :

- विद्यार्थीहरूको रुचि र आवश्यकतालाई मध्यनजर गर्दै नवप्रवर्तनशील र उपयोगी कार्यक्रम सञ्चालन गर्ने,
- विद्यार्थी, र क्तन्ऋ सदस्यहरूको क्षमता अभिवृद्धिका लागि नियमित अभिमुखीकरण कार्यक्रम गर्ने,
- क्याम्पसका गतिविधिहरूलाई प्रविधिमैत्री बनाउन डिजिटल साधन र प्लेटफर्महरूको प्रयोग गर्ने,
- विशेष अभियान र कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्ने,
- गतिविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि स्रोत र साधन जुटाउने प्रयास गर्ने

**५. निष्कर्ष**

तेह्रथुम बहुमुखी क्याम्पसको SQC ले शैक्षिक गुणस्तर सुधार, विद्यार्थी सशक्तीकरण, र प्रशासनिक कार्यहरू सहजीकरणमा महत्वपूर्ण योगदान पुर्‍याएको छ । विद्यार्थीहरूको समग्र विकासका लागि सृजनशील र सहभागितामूलक कार्यक्रम सञ्चालन गर्दै, क्याम्पसको गरिमा बढाउन यस सर्कलले उल्लेखनीय काम गरेको छ। आगामी दिनहरूमा नयाँ र प्रभावकारी योजनामार्फत गुणस्तर सुधारलाई निरन्तरता दिने छ।

# Campus Sanitation Management Cell

**Manoj Kumar Choudhary**
**Co-ordinator**

## Introduction

We are in the initial phase of the beautification of our campus. We start to enlarge the area of the garden i.e. in the premises of the administrative building, guest house, RMC office and both hostels. The campus constructing the compound wall towards the path of the main building. Renovation makes the main building attractive.

## Cell Members

1. Manoj Kumar Choudhary - Co-ordinator
2. Mr. Mahendra Katuwal -Member
3. Mr. Dharmraj Acharya -Member
4. Mrs. Tulsa Katuwal -Member

## Major Activities

As we know sanitation is the process of keeping our campus free from dirt by removing waste, trash and garbage by cleaning the whole campus. We organized seven cell meetings to clean the classroom, water tank, garden and even the Pathivara Temple two kilometres ahead from Chuhandanda.

## Strengths

There is the co-ordination among the cell members, teaching and non-teaching staff and students to do the extra activities to make the eco-friendly environment of the campus for all.

## Weaknesses

There is the lack of sufficient tools for gardening. There is the need of the extra manpower to do the different activities in time.

## Opportunities

We must include the more participants such as students and other communities to do the beautification of the campus.

## Threats

The main problem for gardening is water crisis. We have done the plantation but without watering, it is impossible to save it. There is no availability of vermicompost.

## Future Plan

There is the need to find out the extra water sources for the campus. We must request to the local government to provide us another water tank and water management for the greenery of the campus.

## Conclusion

To sum up the report I would like to say that no sanitation, no beautification that's why
We should do our duty honestly.

# आन्तरिक परीक्षा व्यवस्थापन सेल

**योगेश काफ्ले**
**संयोजक**

**१. परिचय :**

तेह्रथुम बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियाको लागि मिति २०८०/०५/२७ मा बसेको कार्य समितिको निर्णयानुसार आन्तरिक परीक्षा व्यवस्थापन सेल गठन गरिएको हो। यस सेलले TOR मा उल्लेख गरिएका कार्यहरू समयमा नै सम्पन्न गरेको छ। क्याम्पसको शैक्षिक गतिविधिमा आन्तरिक मूल्याङ्कन परीक्षाले महत्वपूर्ण स्थान ओगटेको छ, जसले कक्षाकोठामा सिकाइको क्रममा देखिएका विद्यार्थीहरूका समस्याहरू पहिचान गरी सुधार गर्न सहयोग पुऱ्याएको छ।

**२. आन्तरिक परीक्षाको उद्देश्य**

- विद्यार्थीहरूको शैक्षिक प्रगति मूल्याङ्कन गर्नु,
- विद्यार्थीहरूको नियमित सिकाइ प्रक्रियामा पारदर्शिता र व्यवस्थित बनाई कक्षाकोठामा सिकाइ सुधार गर्नु,
- विद्यार्थीहरूलाई सुधारको अवसर प्रदान गर्नु,
- नियमित र व्यवस्थित मूल्याङ्कनले कक्षा वातावरणलाई प्रतिस्पर्धी, अनुशासित, र सिकाइमैत्री बनाउन मद्दत पुऱ्याउनु,
- आन्तरिक परीक्षाले पाठ्यक्रम र अध्यापन विधिको प्रभावकारिता मापन गर्न सहयोग पुऱ्याउनु,
- परीक्षाले विद्यार्थीहरूलाई नियमित अध्ययन र कक्षामा सक्रिय सहभागिताका लागि उत्प्रेरित गर्नु,
- परीक्षा प्रक्रियासँग परिचित गराउँदै फाइनल परीक्षाको तयारी गराउनु,
- आन्तरिक परीक्षाले शिक्षक र विद्यार्थी दुवैका लागि शैक्षिक योजना र समय व्यवस्थापनलाई अनुगमन गर्ने अवसर दिनु।

**आन्तरिक परीक्षा व्यवस्थापन सेल :**

| | |
|---|---|
| योगेश काफ्ले | –संयोजक |
| पूर्णकुमारी रोका | –सदस्य |
| महेन्द्र थपलिया | –सदस्य |

**४. गतिविधि**

तेह्रथुम बहुमुखी क्याम्पसको आन्तरिक परीक्षा विभागले शैक्षिक वर्ष २०८०/८१ मा निम्न कार्यहरू सञ्चालन गरेको छ।

- आन्तरिक परीक्षा व्यवस्थापनको कार्यविधि तयार गरी आन्तरिक परीक्षा संचालन गरेको,
- विभागीय प्रमुखहरूसँग समन्वय गरी आन्तरिक परीक्षाहरू व्यवस्थापन तथा नतिजा प्रकाशनपश्चात् पृष्ठपोषणको व्यवस्था,
- परीक्षाका प्रक्रिया र नतिजाको प्रगति विवरण तयार गरी क्याम्पसमा पेस गरिएको,
- एकाइ परीक्षाहरू सञ्चालनको व्यवस्था गरिएको,
- आवश्यकताअनुसार नियमित बैठक बसेको,
- आन्तरिक परीक्षा व्यवस्थापनका लागि क्याम्पस प्रशासन, विद्यार्थी कल्याण प्रमुख, र स्ववियुसँग सुझाव संकलन गरिएको,
- आन्तरिक परीक्षालाई व्यवस्थित गर्न विभागीय प्रमुखहरूसँग परामर्श र छलफल गरिएको ,
- पुनर्ताजकी कक्षाका लागि विभागमा छलफल गरिएको,
- प्रत्येक प्राध्यापकलाई आफ्नो विषयमा जिम्मेवारी प्रदान गर्दै परीक्षा व्यवस्थित गर्ने पहल गरिएको।

**५. उपलब्धि**

शैक्षणिक योजना व्यवस्थापन विभागले विभिन्न गतिविधिहरू सञ्चालन गरेर निम्न उपलब्धिहरू हाँसिल गरेको छः

- आन्तरिक परीक्षा सञ्चालन सम्बन्धी सम्पूर्ण गतिविधिहरू शैक्षिक पात्रोमा समावेश गरिएको छ,
- शिक्षण विधिमा उल्लेख्य सुधार भएको छ,
- आन्तरिक परीक्षा तोकिएको समयभित्र सम्पन्न गर्न सकिएको छ,
- विद्यार्थीहरूको पढाइमा सहभागिता बढेको छ,
- शैक्षिक पात्रो कार्यान्वयनमा जोड दिइएको छ ,
- शिक्षाशास्त्र सङ्कायमा आन्तरिक परीक्षामा सहभागी विद्यार्थीमध्ये परीक्षामा ६६.६७ प्रतिशत उत्तीर्ण भएका,
- मानविकी सङ्ककायमा आन्तरिक परीक्षामा सहभागी विद्यार्थीमध्ये परीक्षामा ७६.०० प्रतिशत उत्तीर्ण भएका,
- व्यवस्थापन सङ्ककायमा आन्तरिक परीक्षामा सहभागी विद्यार्थीमध्ये परीक्षामा ५०.०० प्रतिशत उत्तीर्ण भएका।

**६. चुनौतीहरू**

- प्राविधिक, आर्थिक स्रोत र प्रशिक्षणको कमी,
- आन्तरिक परीक्षामा विद्यार्थीहरूको सक्रिय रुपमा उपस्थित नहुनु,

**७. भावी योजना**

- आन्तरिक परीक्षालाई थप व्यवस्थित गर्दै शतप्रतिशत विद्यार्थीलाई उपस्थित गराउने,
- आन्तरिक परीक्षालाई थप व्यवस्थित गर्दै शतप्रतिशत विद्यार्थीलाई उर्त्तीण गराउने,
- आन्तरिक परीक्षा व्यवस्थापनको लागि EMIS -Education Management Information System सफ्टवेयरको प्रयोगलाई थप व्यवस्थित बनाउँदै लैजाने।

**८. सुझावहरू**

- शैक्षिक गतिविधिहरूलाई व्यवस्थित बनाउन वार्षिक कार्यतालिकाको पालन आवश्यक छ,
- कमजोर विद्यार्थीहरूको सुधारका लागि पृष्ठपोषण कक्षा सञ्चालन गर्नुपर्छ,
- उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति र पुरस्कार प्रदान गर्नुपर्छ,
- परीक्षा अघि विद्यार्थीहरूलई अभिमुखीकरण कक्षा सञ्चालन गर्नुपर्छ,
- कमजोर विद्यार्थीहरूको सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्छ।

**९.निष्कर्ष**

तेह्रथुम बहुमुखी क्याम्पसको आन्तरिक परीक्षा व्यवस्थापन विभागले शैक्षिक गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। कक्षा कोठामा विद्यार्थीहरूको सिकाइ र सहभागिता वृद्धि गर्न प्रभावकारी प्रयासहरू भएका छन्। यस विभागले आन्तरिक परीक्षालाई नियमित, व्यवस्थित, र पारदर्शी बनाउँदै शिक्षण प्रक्रियामा सुधार ल्याएको छ। यद्यपि, प्राविधिक र आर्थिक स्रोतको कमी, शतप्रतिशत विद्यार्थीको उपस्थिति सुनिश्चित गर्ने चुनौतीहरू अझै बाँकी छन्। आगामी वर्षमा थप प्रभावकारी प्रणाली, स्रोत व्यवस्थापन, र प्रविधिको प्रयोग गर्दै आन्तरिक परीक्षाको गुणस्तर उकास्नका लागि ठोस कदम चाल्न आवश्यक छ।

# Report of Self-Assessment Team

**Nabaraj Oli**

**Coordinator**

Terhathum Multiple Campus (TEMC) is actively working toward obtaining Quality Assurance and Accreditation (QAA) to ensure the continuous improvement of its academic and institutional standards. The process began with the submission of LoI for QAA certification. To achieve QAA different committees are formulated for different goals with their JD ToR. Self-Assessment Team (SAT) was formulated on 2080/04/28 with the JD ToR of preparing Self-Study Report (SSR). The SAT was responsible for overseeing and managing the preparation of the SSR, a key document required for the QAA process.

The preparation of the SSR started shortly after the formation of the SAT. The team collaborated with the campus administration to collect necessary documents that provide evidence of the campus's achievements, processes, and capabilities. Regular meetings were held, and the team followed a structured guideline, answering questions across different sections of the report. Each section was supported by detailed explanations, data, and relevant documents, which were included in the annex. The SAT worked diligently to compile all the required information to present a comprehensive overview of the campus's status.

By the end of 2080, specifically in the month of Chaitra, the first draft of the SSR was completed. This report included one main document supported by eight annexes filled with evidence and detailed supporting information. These annexes are entitled in:

1. Institutional Profile
2. Policy and procedure
3. Curricular Aspect
4. Teaching Learning and Evaluation
5. Research Consultancy and Extension
6. Infrastructure and Learning Resources
7. Student Support and Guidance
8. Information System
9. Publication Information

These annexes were critical as they demonstrated TEMC's compliance with the quality standards set by the University Grants Commission (UGC) and the Tribhuvan University Quality Assurance and Accreditation Division (TUQAAD).

In 2081 Baishak, TEMC submitted the SSR to TUQAAD for evaluation and feedback. TUQAAD reviewed the SSR and provided expert feedback for further improvement. Based on the expert recommendations, the Self-Assessment Team made necessary corrections and refinements to the report. After the corrections, the revised SSR was resubmitted to both TUQAAD and UGC for final evaluation. To make the report accessible, it was uploaded to the TEMC website https://temc.tu.edu.np/ on 2081/02/16. However, for security purposes, it was protected with a password to ensure that only authorized personnel could access it.

Currently, TEMC is awaiting the final evaluation from the UGC. This final step in the accreditation process will determine whether TEMC meets the required standards to be awarded QAA status. Accreditation will not only enhance the institution's reputation but also improve the quality of education and services provided to its students and the community.

In conclusion, Terhathum Multiple Campus is making steady progress in its QAA journey. The dedicated efforts of the Self-Assessment Team and the cooperation of the campus administration have brought TEMC closer to achieving its goal of accreditation. The campus is now eagerly awaiting the final evaluation, which will mark a significant milestone in its commitment to academic excellence and institutional development.

# शैक्षिक सूचना व्यावस्थापन प्रणाली

**सोमनाथ घिमिरे**
**संयोजक**

## १. परिचय

वि.सं. २०१७ जेठ २१ गते यस क्षेत्रका समाजसेवी एवम् बुद्धिजीविहरूको सक्रियतामा स्थापना भएको यस क्याम्पसले विगतदेखि वर्तमानसम्ममा यथेष्ट मात्रामा शैक्षिक जनशक्ति उत्पादन गरिसकेको छ। विगतमा मानविकी तथा सामाजिक शास्त्र संकाय मात्र भएको यस क्याम्पसमा वर्तमानमा मानविकीका अतिरिक्त शिक्षाशास्त्र र व्यवस्थापन संकाय थप भई बहुमुखी क्याम्पसका रुपमा सञ्चालनमा रहेको छ। यस क्याम्पसमा स्नातक तहका अतिरिक्त जनसंख्या विषयमा स्नातकोत्तर तह पनि सञ्चालनमा रहेको छ । त्यसैगरेर अन्य विषयहरूमा पनि स्नातकोत्तर तह सञ्चालन गर्ने तयारी भइरहेको छ। यहाँ स्नातक तथा स्नातकोत्तर तहमा गरी जम्मा २३० जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। त्यसैगरी यस क्याम्पसमा १९ जना प्राध्यापक, ९ जना कर्मचारीहरू रहेका छन्। क्याम्पसमा प्रशासन शाखा, लेखा शाखा, पुस्तकालय शाखा र स्टोर शाखा रहेका छन्।

क्याम्पसका सम्पूर्ण क्रियाकलापलाई व्यवस्थित एवम् चुस्तदुरुस्त बनाएर समयअनुकूल प्रविधिमैत्री बनाउनका लागि एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली EMIS को आवश्यकता भएकाले मिति २०८०/१०/२३ गते सफ्टवेर जडान गरी उक्त सफ्टवेरमार्फत क्याम्पसका सम्पूर्ण कागजातहरूलाई अध्यावधिक गर्ने कार्य निरन्तर रुपमा अगाडि बढिरहेको छ।

## EMIS समिति

| | |
|---|---|
| **सोमनाथ घिमिरे** | **संयोजक** |
| **योगेश काफ्ले** | –सदस्य |
| **खड्गनारायण गुरागाईं** | –सदस्य |

२. संकायगत विवरण

| **मानविकी तथा सामाजिक शास्त्र संकाय** | **शिक्षाशास्त्र संकाय** | **व्यवस्थापन संकाय** | **स्नातकोत्तर तह** |
|---|---|---|---|
| पहिलो वर्ष (७ जना) | पहिलो वर्ष (४२ जना) | पहिलो वर्ष (१२ जना) | पहिलो सेमेस्टर |
| दोस्रो वर्ष (८ जना) | दोस्रो वर्ष ( नयाँ र पुरानो गरी जम्मा ७४ जना) | | दोस्रो सेमेस्टर |

| | | | |
|---|---|---|---|
| तेस्रो वर्ष (२१ जना) | तेस्रो वर्ष (३६ जना) | | तेस्रो सेमेस्टर |
| चौथो वर्ष (४ जना) | चौथो वर्ष (३९ जना) | | चौथो सेमेस्टर |

## ३. एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली (EMIS) को उद्देश्य

एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली EMIS ले शैक्षिक एवम् प्रशासनिक कार्यलाई चुस्त दुरुस्त राख्न सहयोग पुग्दछ। परम्परागत शैक्षिक एवम् प्रशासनिक तौरतरिकाहरूलाई समयानुकूल परिमार्जित र व्यवस्थित गराउदै एकीकृत रुपमा क्याम्पसका कार्यहरूलाई छिटो र छरितो तरिकाले कार्य सम्पन्न गर्नु गराउनु नै एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली EMIS को उद्देश्य रहेको छ।

## ४. एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली (EMIS) मा समावेश गरिएका कार्यक्रमहरूको विवरण

**शैक्षिक कार्यक्रमतर्फ :** स्नातकोत्तर तहका विद्यार्थीहरूको विवरण सेमेस्टरका आधारमा गरिएको छैन। जम्मा ७ जना विद्यार्थीहरू मात्र इन्ट्री गरिएको छ। क्याम्पसका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूलाई लक्षित गरी मोवाइल एप सञ्चालनमा आएको छ। उक्त एप अहिलेसम्म ८२ जनाले डाउनलोड गरिसकेका छन्। यसबाट समग्र क्याम्पसका शैक्षिक एवम् प्रशासनिक कार्यहरूको जानकारी प्राप्त गर्न सकिने भएको छ।

**प्रशासनतर्फ**

| प्रशासन शाखा | लेखा शाखा | स्टोर शाखा | पुस्तकालय शाखा |
|---|---|---|---|
| सम्पूर्ण अभिलेखहरू सफ्टवेरमा अद्यावधिक गर्ने कार्य भइरहेको | लेखासम्वन्धी सम्पूर्ण कार्यहरू सफ्टवेरमा अद्यावधिक गर्ने कार्य भइरहेको | सम्पूर्ण सामग्रीहरू सफ्टवेरमा अद्यावधिक गर्ने कार्य भइरहेको | यस शाखामा जम्मा ८७११ पुस्कहरू दर्ता गर्ने तथा बारकोड टाँस्ने कार्य सम्पन्न भएको साथै अन्य पुस्तकहरू पनि दर्ता गर्ने कार्य भइरहेको |

## ५. EMIS को उपलब्धि

क्याम्पसमा एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली (EMIS) जडान भएपश्चात शैक्षिक, प्रशासनिक, लेखा, स्टोर एवम् पुस्तकालयका परम्परागत माध्यमबाट गरिने कार्यहरूलाई परिवर्तन गरी छिटो र छरितो रुपमा सेवा प्रदान गर्न सहयोग पुगेको छ। यस प्रणालीका माध्यमबाट क्याम्पसका सम्पूर्ण सूचनाहरू क्याम्पसमा भौतिक रुपमा उपस्थित नभई पनि प्राप्त भएको छ।

## ५.निष्कर्ष

एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली (EMIS)ले क्याम्पसका समग्र गतिविधिहरूलाई व्यवस्थित गर्दै सरोकारवालाहरूमा छिटो, छरितो एवम् व्यवस्थित तरिकाले सेवा साथै सूचना सम्प्रेषण गराउने भरपर्दो स्रोतका रुपमा कार्य गरेको छ। यसका माध्यमबाट परम्परागत खाता प्रणालीलाई विस्थापित गरी इलेक्ट्रोनिक माध्यमबाट कार्य सम्पन्न हुने भएकाले यो विश्वसनीय एवम् भरपर्दो माध्यम बनेको छ।

# Stakeholder Relationshiop Cell (SRC)

**गणेश विमली**
**संयोजक**

**१. परिचय**

तेह्रथुम क्याम्पसको Stackholder Relationshiop Cell -SRC_ क्याम्पस र यसको विभिन्न Stackholders बिचको सम्बन्धलाई सुदृढ पार्न र समन्वय गर्न स्थापना गरिएको हो । यस सेलको मुख्य उद्देश्य क्याम्पसका विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, उद्योग, र समुदायका अन्य सदस्यहरूबिचको संवाद र सहकार्यलाई प्रवर्द्धन गर्नु हो।

**२. Stackholder Relationshiop Cell -SRC_ ले निम्नलिखित कार्यहरूमा ध्यान केन्द्रित गरेको छ।**

- **सम्पर्क र समन्वयः** क्याम्पसका विभिन्न विभागहरू र बाह्य संस्थाहरूबिचको सम्पर्कलाई सहज बनाउने,
- **कार्यक्रम र गतिविधिहरूः** स्टेकहोल्डरहरूको संलग्नता बढाउन विभिन्न कार्यक्रम र गतिविधिहरूको आयोजना गर्ने,
- **फिडब्याक र सुधारः** स्टेकहोल्डरहरूको फिडब्याक संकलन गरी क्याम्पसको शैक्षिक र प्रशासनिक सुधारमा योगदान गर्ने ,
- **समुदाय सेवाः** क्याम्पस र समुदायबिचको सम्बन्धलाई सुदृढ पार्न विभिन्न सामाजिक सेवा कार्यक्रमहरू सञ्चालन गर्ने ।

**३. उपलब्धि**

- आठराई गाउँपालिकाका ८ वटा संस्थासँग MOU सम्पन्न,
- आठराई गाउँपालिकाका आठवटा माविमा भेटघाट तथा छलफल,
- यस क्याम्पसका नजिकैका पालिकाहरू फेदाप, आठराई त्रिवेणी र हिलिहाँङ गाउँपालिकामा भेटघाट तथा छलफल,
- महिला हिंसा विरुद्ध सचेतना कार्यक्रम,
- माझी समुदायमा स्वास्थ्य हेल्थ क्याम्प सञ्चालन,
- क्याम्पसका गतिविधि विभिन्न संचार माध्यमबाट प्रकाशित एवम् प्रसारित,
- क्याम्पसको वार्षिक उत्सव कार्यक्रम समापन,

**४. आगामी कार्यक्रम**

- विद्यार्थी भर्नाका लागि घरदैलो अभियान सञ्चालन गर्ने,
- वातावरण र लागूपदार्थ दुव्यार्सनीविरुद्ध सचेतना मूल कार्यक्रम सञ्चालन गर्ने,
- राजनीतिक दल जनप्रतिनिधि साथै यस क्याम्पसका सरोकारवालाहरूसँग छलफल तथा संवाद कार्यक्रम गर्ने,
- वित्तीय साक्षर तथा उद्यमशीलता सम्बन्धी कार्यक्रमहरू समुदाय लक्षित कार्य गर्ने,

- यस क्याम्पससँग सरोकारवालासँग फिडब्याक सेसन सञ्चालन गर्ने,
- Student Alumni Association  सक्रिय र विस्तार गर्ने,
- विभिन्न सरोकारवलाहरूसँग पार्टनरसिप   प्रोग्राम सञ्चालन गर्ने,
- Help Camp सञ्चालन गर्ने

**५. निष्कर्ष**

तेह्रथुम क्याम्पसको **Stackholder Relationshiop Cell (SRC)** र समुदायबिचको सम्बन्धलाई सुदृढ पार्दै, शैक्षिक र प्रशासनिक सुधारमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ। विभिन्न कार्यक्रम र गतिविधिहरूको माध्यमबाट,( **SRC)** ले क्याम्पसको समग्र विकास र प्रगतिको लागि  महत्वपूर्ण भूमिका खेलिरहेको छ।

## तालिका नं. : १

## *Physical Infrastructure of TMC*

| S.N. | Name of Building | Est.Date | Donors/ Constructers |
|---|---|---|---|
| 1 | Main Teaching Building (2-flats-12 rooms) | 2028 B.S. | Gov. of Nepal Education Ministry (Rs.30,000) and Public participation |
| 2 | Boys Hostel (2-Flats-8 Rooms) and kitchen house | 2041 B.S. | Jilla Panchayat Terhathum. |
| 3 | Teachers' Residence(2-Rooms) | 2042 B.S. | Jilla Panchayat Terhathum and Tribhuvan University |
| 4 | Administrative Building | 2048 B.S. | Internal Sources TMC and Students Participation |
| 5 | *Bhanulal/Harilal* Memorial Library (2 Room) | 2048 B.S. | Sitaram Prasain |
| 6 | *Medini / Teeka Upret*y Memorial Girls Hostel (2 flat-8 room) and kitchen house | 2049 B.S. | Laxmi Prasad Uprety, his brother and sons |
| 7 | Teacher Administrative Staff Residence (4 Building-3/3 Room) | 2049 B.S. | Internal Sources of TMC and public participation |
| 8 | Guest House (2 Room) | 2049 B.S. | TUTA and TUPA, campus committee |
| 9 | Saraswati Temple | 2049 B.S. | Bhagirath Kafle and his sons |
| 10 | Free Student Union Office Building (2 rooms) | 2050 B.S. | Students of Terhathum Multiple Campus |
| 11s | Generator Room (Now teacher residence (2-rooms) | 2050 B. S. | Internal Source of TMC and student's participation |
| 12 | *Padam Lal Thapaliya* Memorial (Teaching Building (2 Room) | 2055 B.S. | Bhanu Prasad Thapaliya |
| 13 | Program Stage and Dressing Room | 2053 B.S. | Students of Terhathum M. Campus |
| 14 | Teachers Residence (5 Rooms) | 2054 B.S. | Internal sources of TMC and TU |
| 15 | Teaching Block (2 Rooms) | 2057 B.S. | Shree Sharada Higher Secondary School, Chuhandanda, help-DDC, Terhathum |
| 16 | Program Hall | 2057 B.S. | Students of TMC |
| 17 | *Ganga Prasad Dhungana* Memorial 2060 B.S. Entrance Gate | 2060 B.S. | Govinda Dhungana |
| 18 | *Dhan Prasad Kandangwa* Memorial Entrance Gate | 2060 B.S. | Dipendra and Om Kandangwa |
| 19 | Sontosh kumari and Dhanraj Pahim Memorial watchman Building (2 room) | 2060 B.S. | Ratna Bahadur Pahim and his sons |
| 20 | *Ratna Bahadur Dangi* Memorial Teachers.Residence Building (2 Rooms) | 2062 B.S. | Nara Maya Dangi, her sons and daughters |
| 21 | *Pratikshayalaya* | 2062 B.S. | Internal Sources of TMC |
| 22 | *Bhim Bahadur Limbu* Memorial *Pratikshayalaya* | 2063 B.S. | Dil Kumari Limbu and Bhim Bahadur Limbus Brother |
| 23 | *Bhaktaraj Kandangwa* Memorial Library (4 Room) | 2066 B.S. | Government of Nepal |
| 24 | *Pratikshayalaya* | 2068 B.S. | Manahari Siwa |

| | | | |
|---|---|---|---|
| 25 | *Canteen* | 2068 B.S. | University Grants Commission/TMC |
| 26 | Seminar Hall | 2068 B.S. | University Grants Commission/TMC |
| 27 | Teacher Residence (4 rooms) | 2068 B.S. | University Grants Commission/TMC |
| 28 | *Pratikshayalaya* | 2068 B.S. | University Grants Commission/TMC |

## तलिका नं. :२

Programs/Academic Development Trends

Programme/Academic Trend of TMC

| **S.N.** | **Year B.S.** | **Faculty** | **Level** | **Specialization Subject** |
|---|---|---|---|---|
| 1 | 2017 | Humanities (At that time, run as Birendra Inter-Collage) | PCL | English, Nepali, History, Sanskrit and Civics |
| 2 | 2030 | Collapsed in Dhankuta Multiple Campus, Dhankuta | | |
| 3 | 2035 | Re-established as the Name of Terhathum Campus: Education | A' Level and 'B' Level | Primary Teacher Training |
| 4 | 2037 | Humanities | PCL | Nepali, History, Political Science, Economics, and English, Population Studies, Mathematics were later added |
| 5 | 2046 | Humanities | Bachelor | Nepali, History, Political Science, Economics, and English, Population Studies, Mathematics were later added |
| 6 | 2060/61 | Education (One Year B.Ed.) | Bachelors | Nepali Education English Education, Mathematics, Education and Population Education |
| 7 | 2063 | Education (Three Year B.Ed.) | Bachelors | Nepali Education English Education, Mathematics, Education and Population Education |
| 8 | 2065/66 | Humanities | Master Degree | Population Studies |

### तालिका नं. : ३

### Student Enrollment

After the PCL phase out, the students' enrolment is decreasing in TMC. The following table shows comparative details of students' enrolment position during and after PCL Phase out.

Student Enrollment

| S.N. | New Admission of Student in Year | B. A. | B. Ed. | One Year B. Ed. | M.A. | Total |
|---|---|---|---|---|---|---|
| 1. | 2078/79 | 13 | 86 | 9 | 20 | 128 |
| 2 | 2079/80 | 28 | 98 | - | 12 | 138 |
| 3. | 2080/81 | 6 | 28 | - | 11 | 45 |


## तालिका नं. : ४

Institutional and Human Resource Development Trend

The following table shows the institutional and Human Resource Development Trend of the TMC;

**Tehrathum Multiple Campus, Chuhandanda**

**(Organizational Chart)**



# तालिका नं. : ५

Details of Teaching Staff

| S.N. | Name | Designation | Teaching Subject |
|---|---|---|---|
| 1 | Post Raj Lamichhane | Campus Chief | |
| 2 | Dipak Raj Uprety | Ass. Campus Chief | Economic |
| 3 | Lokendra Sitoula | Student Welfare Director | Poltical Science |
| 4 | Manoj Kumar Chaudari | Reader | English |
| 5 | Nidhi Ratna Neupane | Teaching Assistant | Nepali |
| 6 | Ishwori Prasad Dangi | Teaching Assistant | Economic |
| 7 | Punya Prasad Siwakoti | Teaching Assistant | Population Studies |
| 8 | Chakra Pani Bhattarai | Teaching Assistant | Population Studies |
| 9 | Dharma Raj Gautam | Teaching Assistant | Nepali |
| 10 | Jiban Paudel | Teaching Assistant | Population Studies |
| 11 | Govinda Kumar Subedi | Teaching Assistant | Poltical Science |
| 12 | Ganesh Bimali | Teaching Assistant | Population Studies |
| 13 | Som Nath Ghimire | Teaching Assistant | Nepali |
| 14 | Yogesh Kafle | Teaching Assistant | Nepali Edu. |
| 15 | Purna Kumari Roka | Teaching Assistant | Nepali |
| 16 | Nabaraj Oli | Teaching Assistant | English Edu. |
| 17 | Sharawoti Thapa | Part time | English |
| 18 | Krishna prasa Niraula | Part time | English Edu. |
| 19 | Durga Chamalagain | Part time | Core Edu. |

# तालिका नं.: ६

## Details of Administrative Staff

| S.N. | Name | Designation |
|---|---|---|
| 1 | Ambika Devi Chudal | Head Assistant |
| 2 | Narad Angbuhang | Head Office Assistant |
| 3 | Naresh Pal | Assistant Account |
| 4 | Nirmala Devi Limbu | Assistant Store Keeper |
| 5 | Mahendra Thapaliya | Typist Gha |
| 6 | Khadga Narayan Guragain | It |
| 7 | Mahendra Katuwal | Watchman |
| 8 | Dharma Raj Achrya | Peon |
| 9 | Tulasha Katuwal | Cook |

# Visitors Attandance Records

आज मिति २०६३-चैत्र २६ गते नेपालको पहाडि क्षेत्रमा अवस्थित क्याम्पसहरूमध्येको एक तेह्रथुम बहुमुखि क्याम्पस, आठराई, चिहानडाँडामा उपस्थित भई यसको निरीक्षण र नवनिर्मित भवनको उद्घाटन कार्यक्रममा सहभागि हुने अवसर मिल्यो। यसकालागि क्याम्पस प्रमुखज्यू लगायत क्याम्पस व्यवस्थापन समितिलाई धन्यवाद दिन चाहान्छौं। दुर्गम क्षेत्रमा रहेर पनि यस क्याम्पसले शैक्षिक नेतृत्व दिन सकेकोमा बधाई दिन चाहन्छौं। भौतिक सुविधा भएर पनि विद्यार्थी संख्या उल्लेख्य हुन नसकेको कुरा अवगत भयो। यस सन्दर्भमा गुणस्तरिय शिक्षा प्रदान गरि आगामी दिनमा विद्यार्थी संख्या वृद्धि गराउन ध्यान जावोस भन्दै यस क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

प्रा. डा. कृष्ण प्रसाद गौतम
डीन
शिक्षाशास्त्र संकाय, त्रि. वि.

प्रा. डा. तीर्थराज खनिया
उपकुलपति
त्रि. वि.

डा. गोविन्द गुरागाईं
सह-प्रा.
पद्मकन्या क्याम्पस
काठमाडौं

प्रा. डा. हृदिश कुमार पोखरेल
प्रमुख
योजना महाशाखा, त्रि. वि.

आज मिति २०८० साल भाद्र २१ गते त्रिभुवन विश्व विद्यालयद्वारा वि.सं. २०१७ सालमा स्थापना गरिएको तेह्रथुम बहुमुखी क्याम्पसको भवन शिलान्यास, विद्यार्थी स्वास्थ्य उपचारको सन्दर्भमा अस्पताल सँग सम्झौता, गुणस्तर प्रत्याभूति सम्बन्धी कार्यक्रम तथा स्नातक तहमा बी.बी.एस कार्यक्रम थप सम्बन्धी कार्यक्रमको सिलसिलामा उपस्थित हुने अवसर प्राप्त भयो। ऐतिहासिक महत्व रहेको यो क्याम्पसमा सुरुमा मानविकि र त्यसपछि शिक्षा अन्तर्गत प्रवीणता प्रमाण पत्र तहदेखि स्नातक तहका कार्यक्रमहरू सञ्चालन गरिसकेको र यस क्षेत्रको शैक्षिक आवश्यकतालाई सम्बोधन गर्दै आएकोमा गुणस्तरीय शैक्षिक गतिविधि, भौतिक पूर्वाधार विकासमा थप फड्को मार्न प्रयासरत रहेको सन्दर्भमा हामी यसको उन्नति प्रगतिको कामना गर्दछौं।

१. प्रा डा शिवलाल भुसाल, शिक्षाध्यक्ष त्रि.वि.।
२. प्रा डा दिल्लीराज शर्मा, डीन, व्यवस्थापन संकाय।
३. सह प्रा विष्णुप्रसाद खनाल, कार्यकारी निर्देशक, आङ्गमन निर्देशनालय
४. प्रा पशुपति अधिकारी, निर्देशक, विद्यार्थी कल्याण तथा खेलकुद ",
५. सह प्रा डा प्रेमबहादुर थापा, निर्देशक, गुणस्तर प्रत्याभूति (QAA) ...
६. सह प्रा हिक्मतबहादुर राया, सदस्य आङ्गमन निर्देशनालय।

यस क्याम्पस मा आएर उद्घाटन गर्न पाउँदा मलाई आठराई प्रति भावनात्मक सम्बन्ध गाँसिन पुगेकोछ।

गिरिजा प्र. कोइराला

०४६।१।२८

---

आज २०६८ साल भदौ ६ गते पूर्वाञ्चल पहाडको पुरानो इतिहास बोकेको तथ म लगायत तेह्रथुम, ताप्लेजुङ, पाँचथरमा चेतनाको पुञ्ज प्रक्षेपण गर्न उल्लेखनीय भूमिका खेल्दै रहेको तेह्रथुम क्याम्पसमा भ्रमण गर्दा, यस क्याम्पसका शिक्षक तथा कर्मचारीहरूसँग वैचारिक आदान प्रदान गर्ने अवसर प्राप्त भयो। लामो र गौरवमय इतिहास बोकेको यो संस्थामा अतिथिका रूपमा भ्रमण गर्ने अवसर प्राप्त हुँदा अति नयाँ उत्प्रेरणा मिल्ने अवसर पाएको छु। यो संस्थालाई अझ प्रभावकारी बनाउन यहाँका संचालक, शिक्षक (प्राध्यापक), विद्यार्थी र कर्मचारीलाई आत्मतोष, समर्पण प्राप्त होस् भन्ने कामना गर्दै यस क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

डा. ... प्र. उप्रेती

कुलपति

नेपाल प्रज्ञा-प्रतिष्ठान

२०६८-५-६

पूर्वाञ्चल, आठराई

तेह्रथुम।

आज मिति २०८१/०१/२३ गते तत्कालीन विरेन्द्र इन्टर कलेज हाल तेह्रथुम बहुमुखी क्याम्पस मा उपस्थित हुने अवसर जुर्‍यो। क्याम्पस परिवारको तर्फबाट आयोजना गरिएको साक्षात्कार कार्यक्रममा उपस्थित भई आफ्ना विचारहरू व्यक्त गर्ने अवसर प्राप्त भएको मा क्याम्पस परिवारलाई धन्यवाद दिन चाहान्छु। मेरो पुरानो कार्यक्षेत्र मा उच्च शिक्षाको केन्द्रको रुपमा रहेको यो क्याम्पसको शैक्षीक, प्राज्ञिक र भौतीक समृद्धीको लागी हार्दिक शुभकामना व्यक्त गर्दछु।

(१) प्रदेश प्रमुख माननिय पर्शुराम खापुङ, कोशी प्रदेश - [signature]
(२) प्रदेश प्रमुखका प्रमुख स्वकिय सचिव - श्री अमृत खापुङ [signature]
(३) आ.गा.पा.०६ का अध्यक्ष श्री कृष्ण बाँस्कोटा [signature]
(४) प्रदेश प्रमुखका सहायक स्वकिय सचिव श्री देवेन्द्र खापुङ [signature]

पूर्वी पहाडको तेह्रथुम बहुमुखी क्याम्पस ले यस जिल्लाको शिक्षाको नेतृत्व गर्दै आएको छ। यसको भूमिका प्रशंसनीय छ। आजको आवश्यकता मा समग्र शिक्षा सबैलाई नयाँ [illegible] उठाउन जरुरी छ। समाज र राष्ट्रको नेतृत्व गर्ने नागरिक को उत्पादन गर्नको आवश्यकताई। सम्पन्न गर्नुभएको प्रयासको स्वागत गर्दै आफ्नाई क्षेत्र (यस क्याम्पसमा आई छलफल गर्न पाउदा खुशी लागेको छ। अन्त्यमा क्याम्पसको उत्तरोत्तर प्रगतीको कामना गर्दछु।

[signature]
जनार्दन शर्मा प्रभाकर

[signature] [illegible] २०७५/११/८ गते

नेपालको पूर्वाञ्चलमा अवस्थित तेह्रथुम आठराई को यस रमणीय स्थलमा अवस्थित तेह्रथुम वहुमुखी क्याम्पस आठराई तेह्रथुममा आफ्नो भ्रमणको शिलशिलामा उपस्थित हुन पाउँदा आफुलाई अत्यन्तै खुशी लागेको छ। नेपालको पूर्वी भागमा चेतनाको प्रवाह गर्ने कार्यमा पुऱ्याएको योगदान बारे, यस क्याम्पसको जति प्रशंसा गरेपनि पुग्दैन।

यसै भेगमा जन्म लिई यस क्षेत्रबारेमा भएको शैक्षिक थो. गदाको नेतृत्व यस क्याम्पसले गर्दै रहेको र यस क्याम्पसमा योगदान गर्दै आउनु भएका प्राध्यापकज्यूहरू, अभिभावकज्यूहरू, राजनैतिक दलका नेतृत्व वर्ग, समाजसेवी, सम्पूर्णको योगदान रहेको कुरालाई म पूर्णरुपमा प्रशंसा गर्न चाहन्छु।

भौतिक पूर्वाधारले सु सम्पन्न यस क्याम्पसको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दै विभिन्न क्षेत्र (राजनैतिक, शैक्षिक, प्रशासनिक आदि) को नेतृत्व गर्ने अवसर यस क्याम्पस बाट उत्पादित जनशक्तिले प्राप्त गरेको कुरालाई समेत बिर्सन नसकिने व्यहोरा समेत प्रस्तुत गर्दछु। हाम्रो टोलीको तर्फबाट यस क्याम्पसको उत्तोत्तर प्रगतिको शुभकामना! धन्यवाद!

२०६० जेठ ८ गते

(हस्ताक्षर)
के.पी. शर्मा ओली
नेकपा (एमाले)
स्थाई कमिटी सदस्य

(हस्ताक्षर)
(महेन्द्र कु. पाण्डे)

(हस्ताक्षर)
(गुरुप्रसाद बराल)
केन्द्रीय कमिटी सदस्य
ने.क.पा. (एमाले)

(हस्ताक्षर)
अर्जुन ढुंगाना
केन्द्रीय सदस्य (कोशी अं. इन्चार्ज).
युवा संघ नेपाल
(टोली सहभागी)

मिति: २०८० फाल्गुन १९

आठराई गाउँपालिका वडा नं. ६ स्थित त्रिभुवन विश्वविद्यालय अन्तर्गत तेह्रथुम बहुमुखी क्याम्पसको स्थलगत अवलोकन गरियो।
अनुगमनको क्रममा क्याम्पसको भौतिक पूर्वाधारमा सुधार हुँदै गएको पाईयो। क्याम्पसमा हाल करिब २०० मात्र विद्यार्थी रहेकोले आगामी दिनमा बजार सुहाउँदो पाठ्यक्रम/संकाय सञ्चालन गर्नुपर्ने साथै उत्पादित विद्यार्थीको उत्प्रेरणा/आकर्षणको लागि स्थानीय तहले समेत आफ्नो शासकीय संयन्त्रमा आबद्ध गर्ने रणनीति तर्जुमा गर्न सकेमा विद्यार्थी संख्या बढ्ने देखिन्छ।

अन्त्यमा, क्याम्पस प्रमुखको सक्रियताको प्रशंसा गर्दै क्याम्पस सुधारको रणनीति तर्जुमा गरी यसको व्यावसायिकता प्रवर्द्धन गर्न क्याम्पस प्रमुख लगायत सबै सरोकारवालाको सक्रियताको निरन्तरताको अपेक्षा गर्दै सो कार्यमा जिल्ला सुरक्षा समितिको समेत साथ रहने प्रतिबद्धता व्यक्त गर्दछु।

कृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी

२०६३।५।१८ -

आज मिति २०६३ साल भाद्र १८ गतेका दिन जिल्लाको विभिन्न विकास तथा प्रशासनिक कामकाजको अनुगमनको शीलशीलामा यस तेह्रथुम ~~[illegible]~~ क्याम्पसको स्थलगत अवलोकन तथा स्थानीय बासी महानुभावहरु संग छलफल, अन्तर्क्रिया कार्यक्रम समेत गरियो। उक्त अवसरमा आठराई क्षेत्रको विकास सामाजिक सांस्कृतिक महत्वको विषयमा अवगत भयो। नागरिक समाजको तर्फबाट यस क्षेत्रको ऐतिहासिक महत्व र भविष्यको सम्भावनाका विषयमा अवगत गराउनु भयो। आगामी दिनमा यस क्षेत्रका सबै पक्षको एकीकृत सहभागिता साथ अगाडी बढ्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

(signature)
५।१८.
मुनका न्यौपाने
प्रमुख जिल्ला अधिकारी

आज मिति २०८० माघ २८ गते तेह्रथुम बहुमुखी क्याम्पस चुहानडाँडाको स्थलगत भ्रमण गर्ने अवसर प्राप्त भयो। क्याम्पसको भौतिक र शैक्षिक अवस्थाको प्रत्यक्ष जानकारी प्राप्त भयो। विगतमा पनि अध्यापन गरेको र राजनैतिक जीवनको शुरुवात गरेको यस क्याम्पसको भौतिक संरचना र शैक्षिक गुणस्तरको विकासमा आगामी दिनमा मेरो तर्फबाट आवश्यक सबै भूमिका निर्वाह गर्ने प्रतिबद्धता गर्दछु।
यो अवसरको लागि क्याम्पस प्रमुख पोष्टराज लामिछाने सहित क्याम्पस परिवारलाई धन्यवाद।

दुर्गाप्रसाद चापागाईं
प्रदेश सभा सदस्य
कोशी प्रदेश, विराटनगर

नेपालको पूर्वाञ्चलमा अवस्थित अति रमणीय स्थानमा रहेको तेह्रथुम व० क्याम्पसमा, पाँचथर तेह्रथुम बिचको तमोर नदीमा रहेको पुल उद्घाटन गर्ने सन्दर्भमा आफूलाई पाउँदा खुसी लागेको छ। यो क्षेत्र सहित अन्य क्षेत्रमा समेत क्याम्पसले विगत लामो समय देखि पुर्‍याउँदै आएको योगदानको भूरि प्रशंसा गर्न चाहन्छु।

भौतिक पूर्वाधार समेतले सुसम्पन्न रहेको यो क्याम्पसका प्राध्यापन रत विद्वान प्राध्यापक, कर्मचारी, सञ्चालक समिति अभिभावक स्थानीय राजनीतिक दलका नेता कार्यकर्ताको अहोरात्र मेहनतको परिणाम सिँचित छ। शिक्षाको उज्यालो ज्योति छर्ने सुन्दर निर्माण कार्यमा यस क्षेत्रका सम्पूर्ण महानुभावको प्रयासहरू अझ फलदायी बनाउन संभव होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

जय नेपाल

मिति : २०६०।२।१९

(हस्ताक्षर)
कृष्ण प्रसाद सिटौला
महामन्त्री, नेपाली कांग्रेस
एवं
पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री

श्रीमति कविता सिटौला
सह-प्राध्यापक
कवितासिटौला,

(हस्ताक्षर)
नरेन्द्र कुमार केरुङ
सभापति
नेपाली कांग्रेस, पाँचथर

(हस्ताक्षर)
गोविन्द कुँगाना
सभापति
नेपाली कांग्रेस, तेह्रथुम

मिति २०६८ साल असोज १ गतेका दिन तेह्रथुम बहुमुखी क्याम्पसमा म आफूले अध्ययन सँगै राजनीतिक रूपमा आधार खुड्किलो बनाई आज नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्रीको रूपमा उपस्थित भई यहाँको क्याम्पस प्रशासनले स्वागत र सम्मान गर्नुभएकोमा आभारी छु। यस क्याम्पस पूर्वको नै शैक्षिक दियालो भएको र आज सम्म यस क्याम्पसले स्वदेश तथा विदेशमा समेत ख्याती प्राप्त व्यक्तित्व हरु उत्पादन गरिसकेको कुरामा म जानकार नै छु। यस क्याम्पस ले आगामी दिनमा पनि नै अझ शैक्षिक क्षेत्रको मौलाउँदै जाओस भन्ने कामना गर्दछु। साथै यस क्याम्पसमा म आफूले ~~सहयोग~~ गर्नुपर्ने कर्तव्य बाट पछि नहुने प्रतिबद्धता समेत गर्दछु।

जय नेपाल ।

श्री सरिता गुरुङ

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात

राज्य मन्त्री

एवम् नेपाली काँग्रेस केन्द्रीय सदस्य

संजोगैले पुग्न पाएँ म यस तेह्रथुम बहुमुखी क्याम्पस को प्राङ्गणमा। संक्रान्ती बजार जाने आएका हामी चार ओटा स्टेशनका आयोजनमा यस क्याम्पसमा पनि पुग्न सकेका हौं। हुनत २०५५ साल मा शारदा मा.वि.मा फर्केर फेरि म मदनधारा उद्घाटन गर्न आएका बेला। सो सम्झना आइरहेको छ मलाई। मैले त्यसबेला पनि अहिले जस्तै सहृदयताका साथ स्वागत गरेको थिए। त्यसका लागि म एसै पुन: धन्यवाद भन्छु। त्यहाँहरुको क्याम्पसले प्रगति गरिरहेको देखेँ मैले। सो प्रगति निरन्तर भैरहोस् भन्ने मेरो आत्मीय शुभकामना छ।

कमलमणि दीक्षित
(कमलमणि दीक्षित)
२०७०/८/५/६

श्री तेह्रथुम बहुमुखी क्याम्पस मा आज आउन पाएँ र यहाँ को मायाँ ममता पाउँदा धेरै खुसी लाग्यो। म क्याम्पसको उत्तरोत्तर उन्नतिको कामना गर्दै म यहाँ सहयोगीको निम्ति रहने वचन दिन्छु।

(Sr. खेमकुमार भिटेलङ)
२०७०/८/५

चन्द्रमणि तिवारी — खेम हर्ष पाल सफल रहोस्
शुभकामना
सभिप्रायना

यस क्याम्पसले आफ्नो विशेषता र मौलिकता को संवर्धन गर्दै राष्ट्रको बाहुल्य अध्यापन केन्द्रको रूपमा अग्रणि बन्न सक्ने भन्ने मेरो आश तथा शुभेच्छा!

(कौशल मणि दीक्षित)

'अचल राजनीति र समावेशी विकासकालागि जनसम्वाद यात्रा' २०७५ माघ १५ गते पाँचथरको चियाभञ्ज्याङमा शुभारम्भ भएको छ। यस अभियान फागुन १५ सम्म एकमहिना सञ्चालन हुनेछ। अभियानको समापन बैतडीको झुलाघाट पुगेर हुनेछ। यस अवधिमा २५ जिल्लाको ७५ ठाँउमा प्रत्यक्ष जनसम्वाद हुनेछ। यही क्रममा तपाईहरुको यस क्याम्पसमा पनि जनसम्वाद गर्ने अवसर प्राप्त भयो। यस अवसरका लागि म र मेरो टीमको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

२०७५ माघ १६ गते ।

बाबुराम भट्टराई

पूर्व प्रधानमन्त्री तथा संयोजक

नयाँ शक्ति पार्टी, नेपाल ।

१) परशुराम खापुङ - पूर्वमन्त्री तथा हेडक्वार्टर सदस्य नयाँ शक्ति पार्टी

२) हिसिला यमि - " तथा " " "

३) नवराज सुवेदी - पूर्वसांसद तथा " " "

४) गंगानारायण श्रेष्ठ - " तथा " " "

५) उम्वर खतिवडा - " " "

६) प्रशान्त सिंह - " " "

७) दुर्गा सोव - सचिवालय सदस्य, नयाँ शक्ति पार्टी

८) कमला गुरुङ - " " "

९) मदन राई - विज्ञ परिषद सदस्य, "

१०) प्रभुराम श्रेष्ठ - संघीय कार्यकारि सदस्य, "

११) ईश्वर रिजाल - " " " "

१२) भीम पराजुली - संघीय परिषद सदस्य, "

१३) विश्वदीप पाण्डे - संघीय कार्यकारि " "

१४) उमेश थापा - " " " "

१५) सुनिल खड्का - " " " "

[illegible] - संघीय परिषद " "

मिति ०६८/१/१८

तेह्रथुम जिल्लाको चुहानडाँडामा अवस्थित त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस तेह्रथुम बहुमुखि क्याम्पसको स्वर्ण जयन्तीको उपलक्षमा आयोजित विविध कार्यक्रममा त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्षको हैसियतले उद्घाटन समारोहको प्रमुख अतिथिको रूपमा सहभागी हुन पाउँदा म लगायत त्रि.वि.को विभिन्न निकाय प्रमुखहरु सहितको टोलीको तर्फबाट यस क्याम्पसको सुखद भविष्य एवं प्रगतिको कामना गर्दछु। क्याम्पसको निरिक्षणको क्रममा हेर्दा उच्च शिक्षाको लागि क्याम्पसले यस क्षेत्रका समुदायबाट पनि प्रसस्त सहयोग र माया पाएको देख्दा खुसी लागेको छ। अन्तमा यस क्याम्पसका शिक्षक, कर्मचारी र विद्यार्थीहरुको प्रगतिको कामना व्यक्त गर्दछु।

१. प्रा.डा. सूर्यलाल अमात्य, शिक्षाध्यक्ष त्रि.वि.
२. श्री दयामान कर्माचार्य, परीक्षा नियन्त्रक, त्रि.वि.
३. श्री गंगा बहादुर थापा मगर, कार्यकारी निर्देशक
विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय त्रि.वि.
४. श्री उदय बहादुर सिलवाल, सदस्य-सचिव,
त्रि.वि. अनुगमन समिति
५. श्री दिव्य चापागाईं, सहनियन्त्रक
त्रि.वि. परीक्षा नियन्त्रणको कार्यालय
६. श्री सुरेन्द्र प्रसाद पौडेल, सह-प्रशासक
शिक्षाध्यक्षको कार्यालय
७ श्री नगेन्द्र राज खेतौला (स्थापना प्रिन्सिपल)
हाल सहप्राध्यापक, ई.अ.सं, त्रि.वि.
८. श्री भोज कुमार बस्नेत, अध्यक्ष,
त्रि.वि. कर्मचारी संघ, केन्द्रीय समिति।

मिति २०६२ फागुन ९ गते यस तेह्रथुम क्याम्पस, आठराईका आई यहाँको वस्तुस्थिति अध्ययन गर्ने मौका मिल्यो। इतिहासको एक कालखण्ड गुमाएको यस क्याम्पसमा आउँदा एक गौरवपूर्ण अनुभूति हुन गएको छ। यहाँका प्राध्यापक तथा कर्मचारीहरुबाट पाएको आत्मिय सहयोग र सत्कार प्रति आभार प्रकट गर्दछु र यस क्याम्पसको प्रगतिका पाइलाहरुमा साथ दिने प्रयत्न गर्ने प्रण गर्दछु।

धन्यवाद


अञ्जना पोखरेल

२०६२।११।९

सहायक डीन

मानविकी तथा सामाजिक शास्त्र संकाय

त्रि. वि.



पूर्वी नेपालको राजनीतिक तथा शैक्षिक क्षेत्र एवं साहित्यिक आन्दोलनको ऐतिहासिक थलो चुहानडाँडामा रहेको पञ्च बहुमुखी क्याम्पसले आगामी दिनमा पनि ज्ञानको दियालो बालिरहोस् हार्दिक शुभकामना व्यक्त गर्दछु

वर्षमान पुन
०६८/११/१०
(मन्त्री)
शान्ति तथा पुनर्निर्माण

पूर्वी नेपालको तेह्रथुम जिल्लाको चुहान डाँडामा रहेको बहुमुखी क्याम्पसको शुभ राजनैतिक, साहित्यिक सांस्कृतिक बुद्धिजीवि उत्पादन गर्ने थलो बनोस र शिक्षित वैज्ञानिक कला कौशल उद्गम थलो बनोस सोही शुभकामना व्यक्त गर्दछु

जननायक
जे.वि. ५६६८
२०६८/११/१८
५६६८

# Campus Building (old and New)




तेह्रथुम बहुमुखी क्याम्पस
शिक्षण भवन


नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
तेह्रथुम बहुमुखी क्याम्पस
वित्तीय साक्षरता सम्बन्धी
अभिमुखीकरण कार्यक्रम २०८१
Presented By :
Nepal Bank Limited
Aathrai Branch
Associated With :
डिजिटल बैंकिङ वित्तीय
साक्षरता कार्यक्रम
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED


जलवायु परिवर्तन सम्बन्धी
अभिमुखीकरण कार्यक्रम
actionaid


Extra Curriculum Activities
संयोजक
आयोजक
स्वतन्त्र विद्यार्थी युनियन
तेह्रथुम बहुमुखी क्याम्पस




तेह्रथुम बहुमुखी क्याम्पस
Computer -Non -Credit course
Basics of Computer/ Computer office Package
अभिमुखीकरण कार्यक्रम